BRIGADE OF GURKHA
1983
INTAKE 1983

सम्पादकीय

१९८३ ईन्टेकको यात्रा ३५ वर्षे लर्केजवानबाट ३६ वर्ष प्रवेश

आजको २१ औ शताब्दिमा समाजमा शिक्षा, सवास्थ्य, कला, सस्कार, संस्कृति, समाचार र संगठनले विश्वको बद्लिदो परिवेशमा संगठित माध्यमको भूमिका अती महत्वपूर्ण रहेको हुन्छ । त्यसैले संगठित क्षेत्रलाई विकासको चुचुरोमा पहिल्याउने अती सकृय मनोभाव राखी समाजमा रहेका विशुद्ध हक र अधिकार को संरक्षण सम्बर्द्धन गर्दै, आफ्नो जन्मथलो इन्टेक समुदायमा अहोरात्र लागिरहेको १९८३ ईन्टेकले ३५ वर्षको गौरवमय ईतिहास पार गरेर ३६ वर्षमा प्रवेश गरेको शुभ-अवसरमा सर्वप्रथम हाम्रा सम्पूर्ण शुभेच्छुकप्रति हामी आभार व्यक्त गर्दछौं ।

१९८३ इन्टेकको बच्चाको जस्तै बामे सर्ने पाईला शुरु भएको आज ३६ वर्ष प्रवेश गर्दासम्म संसारभरि छरिएर बसोबास गरिरहेका नम्बरी परिवार समक्ष यस्तो खबर प्रस्तुत गर्न पाउँदा हामी सबैलाई खुशी लाग्नु स्वाभाविक नै हो । विगतको दिनलाई सम्झेर ल्याउने हो भने कहालीलाग्दो अनी सोच्नै नसकिने थियो, तर एकप्रकारको रोचक अनि प्रसंगको स्मरण गर्नुपर्ने हुन्छ । जब नेपालमा बढो मुस्किल्लै भर्ती भएर आर्मी नम्बर प्राप्त गर्नु भनेको बहुत् कठिन अनी चुनौतिपूर्ण कार्य थियो । शुभचिन्तकको माया र नम्बरीहरुको अथक परिश्रमबाट १९८३ ईन्टेकको एकता निरन्तर अगाडि बढीरहेको छ, यो एकतालाई समृद्ध बनाउने कार्यमा कमि छैन, त्यसैले ३६ वर्षसम्मको निरन्तर यात्रालाई साथ दिएर ईन्टेकलाई आफ्नो ढुकढुकी बनाउने तमाम महानुभावप्रति हामी ऋणी छौं । १९८३ ईन्टेकको पहिलो प्रयासको रुपमा ३५ औं उत्सव समारोहको शुभउपलक्षमा प्रकाशित मुखपत्र 'स्मारिका'लाई राम्रो र स्वादिलो बनाउन आ-आफ्नो क्षेत्रबाट अमूल्य समय प्रदान गरेर विभिन्न लेख-रचना, सल्लाह र सुझाव साथै आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावज्यूहरुलाई हार्दिक कृत्यज्ञता प्रकत गर्दछौं ।

३५ वर्षे लर्के जवान पार गरेर ३६ वर्षे जवानीमा प्रवेश गर्न लागेको १९८३ इन्टेकलाई अझ परिपक्क बनाउन आगामी दिनमा पनि यसरी नै यहाँहरुबाट आवश्यक सहयोग एवम् सुझाव मिल्ने कुरामा हामी विश्वस्त छौं । १९८३ ईन्टेकको अझ सफलताको शिखरमा पुग्ने विश्वासको साथ यो कोशेली यहाँहरुको हातमा थम्याउँदै, आगामी ५० औं उत्सव समारोहमा स-कुशल भेट्ने बाचासहित ईन्टेकको सकृय एकतालाई माया गर्न सबै नम्बरीहरुको दायित्व सबैलाई आव्हान् छ ।

र अन्त्यमा, १९८३ ईन्टेकको ३५ औं उत्सव एवम् वार्षिक भेटघाट कार्यक्रमको शुभ-उपलक्षमा देश तथा विदेशमा रहनभएका सम्पूर्ण नम्बरी परिवार एवम् शुभचिन्तक महानुभावहरुमा सुस्वास्थ्य, दिर्घायु, उज्ज्वल भविष्य तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

भवदीय - सर्बराज राई (६०६७)

Intake 1983 Smarika Editorial Body

6044 Gopal Giri 1/7 GR / 2 RGR

6067 Sarbaraj Rai 10 GR / 3RGR



6121Tikadhan Rai 2/7 GR

6130 Hom Sunuwar 1/7 GR/ 2RGR

6152 Tanka Magar 2/7 GR / QGE

An Introduction to Intake 1983

Sarbaraj Rai (6067)

Gurkhas have been fighting in every military campaign for the side of British government since 1816 A.D. Internalizing precious treaty based on values and norms of Tripartite Agreement relating to Gurkha recruitment, held between United Kingdom. Nepal and India in 1947 A.D.

Although, world renown brave youth Gurkhas in their age of puberty, having keen interest and willingness to do struggle for social, economic and physical prosperity in own motherland, Nepalese youths are being recruited in British Army in every year despite of solving various difficulties searching an economic good occasion in sequence of employment.

Intake - 1983 is also one of the other intakes of recruitment in British Army every year. The youths (young men) are known as 'Numbery' of Intake 1983, Those who are from different areas of Nepal having hard physical exercise been recruited together in British Army in 1983 A.D. and obtaining Army Number and have become well-trained of 11 month long training. 'Numbery' of Intake 1983 have obtained British Army No. 21165725 to 21166214 so, as there are altogether 567 'Numbery' young Gurkha Armies in this Intake. All Numberies young British Gurkha Armies are realizing the matter that the first priority should be given for social requirement having a great mission to make successful through major commitment to bring social change along with circumstance of this 21st century.

This website of Intake 1983 has been prepared pursuing slogan of ''Numbery''

by Numberies of this Intake, living in any country of the world, associating to all Numberies under one umbrella, making more able to solve probable difficulties and contingencies in families of Numberies having a great objectives to expand fraternity and excess friendship among Numberies families and for prompt, clear and exact communication.

Most of the Numberies have been bearing glorious role for the purpose to make our thought, opinion and unity of our prestigious Intake. Expressing thanks to all this web-document would be great history and most important record for Numberies of Intake 1983.

Ultimately, having a full confidence including this web and other identifiable opinions would be a huge guide line for our future generation including us.

Let all the Numberies add one-one each fist, it would be sure a highest peak in a day to come. This is a great expectation of Intake 1983 we express best wishes to all Intake 1983 Numberies families for consciousness and prosperity.

Thanks a lot,

UPWITH INTAKE 1983

Chairman's Letter

Ret Wo2 Gopal Giri (6044) 2RGR (Ex 7GR)

Namaste.

My executive committee and I have been working for the Intake 1983 families by creating this SMARIKA as a collection of stories highlighting the achievement of our intake, our celebrations and our memories since 1983.

It is a great honour of mine to be able to write this letter and to share this wonderful book with all of you.

A fond memory of mine is visiting Ocean Park, Hong Kong during our training break. I remember feeling free and happy wearing mufti, after having worn our uniform for so long. Running away from the Gurujis and taking lots of photos are just some of the happy memories from back in the day. After completing our ten month training, we were all dispersed into ten battalions/units.

We, numberis and our families, got together for the first time after 25 years at our Silver Jubilee celebration in Aldershot, UK. It was a great event with many old memories re-visited and many new memories created. Now on our 35th anniversary, we are bringing you this journal, our SMARIKA as a way of celebrating the great achievements of our fellow numberis and our Intake 1983 as a whole.

I hope our Intake 1983 committee will continue to grow and together as a unit we continue to help those in need whether it is for bereavement, chronic illness or any other support. I hope we will continue to help those in need, whether is is financially or emotionally.

I would like to thank all those involved in making this journal through articles, photos, poems, jokes, donors and many more! Without you our SMARIKA would be incomplete.

Thank you all for your continued support of our numberi family. Wherever you go, whatever you do, wherever you reach, I hope you all continue to think of Intake 1983.

Jai Intake 1983!

Gopal Giri (Rtd) WO2 (Warrant Officer II)
21166044
Chairperson (2017-2019)
Intake 1983

Col Brigade of Gurkhas Forward

Col J G Robinson Col BG

It is my great pleasure to be asked to write the Foreword for the 1983 Intake's magazine, Smarika. My inclusion is that I too joined the Army in 1983 and so I join you all in celebrating the 35thanniversary.

I signed up in October 1983 and conducted training with the Royal Corps of Transport to prepare myself (with the other Gurkha potential officers) to pass the Regular Commissions Board. It was a tough course but I was successful and was able to start my officer training at The Royal Military Academy Sandhurst in 1984. On completion I was commissioned in to 7th Duke of Edinburgh's Own Gurkha Rifles and flew to Honk Kong to join 1/7GR. That was a long time ago and I now find myself as Colonel Brigade of Gurkhas. Even in the remainder of the British Army there are only a very few who joined that long ago. A new development is the award of the Long Service and Good Conduct medal to officers. We receive it after 15 years and receive a bar for every subsequent 10 years so I look forward to receiving my second bar in October this year!

I know how strong the Intake group is and the fact that the 1983 Intake is still a strong society is clear evidence of this. All can remember back to their basic training at Training Deport Brigade of Gurkhas in Malaya Lines Hong Kong so long ago. All of you will have served with distinction in the Brigade of Gurkhas and I can reassure you that those currently serving work hard to maintain the excellent reputation you have created.

Jai 1983 Intake!

James

Col J G Robinson Col BG
Headquarters Brigade of Gurkhas
Robertson House (Former Army Staff College)
Camberley, Surrey, GU15 4PQ
Tel (Mil) 94261 2669 | (Civ) 01276412669
HQBG Def Intranet Page Link|HQBG MOSS Link
www.gurkhabde.com

Message from overall Champion recruit Intake 1983

I, 21165980, Rajen Labung Limbu, recruited into British Army as a Gurkha Soldier on 11 February 1983. I was honoured as a Champion Recruit amongst the 490 recruits of Intake 1983 for the Brigade of Gurkhas and also for my Regiment 10th Princess Mary's own Gurkha Rifle.

My most memorable moment was during our pre-selection recruitment in Depot Dharan (Eastern Nepal), being interviewed by our DRO (Director Recruiting Officer) Major P N Cook. During the interview stage, I was seating with my father ex 10GR Capt (Ret'd) Ran Sing Limbu and Major (Ret'd) Tilok Sing Limbu. The first question asked to me by Major P N Cook (1st 10GR) was of my age and I very proudly told him "I am 18 years Old!" To which he answered "No you are not, kina bhane, when you were born I was the one Bhale ko Tauko katne? Hummmm! Huncha. Timi mero bichar ma 20 dekhi 21 barsa ko hunu parcha hola." I was caught in utter surprise to not only be caught of my lie but was equally stunned to see an English officer speak very fluent Nepali at the time.

Today, perhaps, we are at that point of your lives where some of us have already become grandfathers and are looking forward towards living out our lives in retirement. And I can't think of a better moment than now on the cusp of celebrating our 35th Anniversary to share our beautiful moments that we have spent during our time in Training Depot (TDBG) and Malaya Lines. I encourage everyone to attend our annual gathering to share our

experiences of happiness, and anguish where we have cried in the middle of night and laughed as hard the next. The only person we shared our sorrows and happiness were with our "NUMBARI" for better or worse. We've created such a strong bond of brotherhood that shall live forever amongst us. I wish you all happy SMARIKA YEAR of our 35 years togetherness.

Lastly, I would like to thank all my numbernies, and bhanjas and bhanjis whom have endured the life of semi military along with us for their never-ending support. We could have only gone so far, if wasn't for the support we received back home.

Post my 20 years in the Brigade of Gurkhas, I retired from the army in November 2003 finishing my duty with the 2nd Royal Gurkha Rifles. I currently reside in Folkestone (Kent) with my wife and daughter.

21165980 WO2 (Ret'd) Rajen Labung Limbu

शुभकामना

इन्टेक १९८३ को ३५ औं उत्सव समारोहको शुभउपलक्षमा मुखपत्र स्मारिका प्रकाशन हुन लागेको खबर सुन्न पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ । यो २१ औं शताब्दिमा एकता समाजको एक मुख्य अङ्ग हो भने समाहित समाजको मार्गदर्शन गराउने मुख्य बाटो हो । यिनै विभिन्न कुराहरुबाट अभिप्रेरित भै आफ्नो गरिमामय समाजलाई सही मार्गनिर्देशन गर्न र गराउन यस इन्टेकले नामक मुखपत्र प्रकाशन गर्न हुन गईरहेको हो भन्ने हामीलाई पूर्ण विश्वास लागेको छ । यस इन्टेकले समाज र तिनले अधिकार गरेको एकतालाई अझ प्रभावित पार्दै अगाडि बढाउन मद्दत पुऱ्याउनेछ । यही कुराहरुलाई आशा गर्दै १९८३ इन्टेकको प्रयास एवम् गहनशिलतालाई उच्च मूल्याङ्कन साथै प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सर्बराज राई (५०५७)

जिन्दगीको पूर्व सन्ध्यामा

टंकबहादुर मगर, ६१५२

अहिले भैं लाग्छ ! आज झट्ट सम्झिल्याउँदा र पछाडि फर्केर हेर्दा त, तीन दशक र आधा पो भईसकेछ ! आफ्नो उमेर भने, झण्डै छ दशक पुग्न आँटेछ ! यसै समयको पुर्व सन्ध्यामा, भर्ती भएको पैंतीसौं बर्ष गाँठ पनि आई सकेछ !

यो ज्यानले पनि दिन, बर्ष मात्र होईन, थुप्रै हण्डर र ठक्कर पनि खाईसकेछ । बुढो शरीरमा, बुढै टुसा पनि आई सकेछ ! यो बुढो टुसाले खै कतिदिन थाम्ने हो पत्तो छैन । कतिपय समकालिन नम्बरी साथीहरू यो संसारबाट बिदा लिएर गईसकेको अवस्था छ । अब, मक्किएको हड्डि मात्र बाँकी छ । तर, जोश जाँगर र हिम्मत भने, जस्ताको तस्तै ताजा छ । त्यसैले त हामी ईन्टेक १९८३ को आगमनले, पैंतिसौं बसन्त पार गरिरहेको अवस्था छ । यो पैंतिसौं बसन्त त्यत्तिकै पार गरिरहेको छैन, विगत दुई दशकदेखि, निरन्तर रूपमा सांगठनिक हिसाबले कृयाशिल रूपमा चल्दै आईरहेको छ र हामी र हाम्रो भन्ने मनोभावनाले, जागृत भई एक-अर्कामा साथ र सहयोगको भावनाले, निरन्तर रूपमा कृयाशिल हुँदै आईरहेका छौं । हरेक सालमा गरिने नम्बरीहरूको भावनालाई अरू मजबुत र सुमधुर साँठगाँठ र एकतामा कत्ति पनि आँच नआओस् एक ढिक्काले सधैं साथ पाईरहोस् भन्ने हैसियत राखेर हरेक साल बार्षिक भेटघाट राख्ने गरेका छौं र गर्दै पनि आईरहेका छौं । यसै सँन्दर्भलाई निरन्तर राखी इस्वी सम्वत् २००७ सालमा फार्मबोरोको ओक फार्म कम्युनिटि स्कुलमा पच्चीसौं सिल्भर जुब्ली गाँठ बर्ष पनि मनाएका थियौं भने, यसपाली १८ अगष्ट २०१८ को दिन पैंतिसौं विशेष गाँठबर्ष मनाउँदै छौं । यस पैंतिसौं बिशेष गाँठबर्ष मनाउने क्रममा, एउटा सामूहिक जीवनको मुल्याङ्कन गर्दै, सामूहिक जीवनको स्मरण रहोस् भन्ने खातिर, यो हाम्रो ईन्टेक १९८३ को इतिहासको रूपमा रहोस् भन्ने उद्देश्यले यो पैंतिसौं बसन्त पार गर्दासम्म, क-कसले कहाँ-कहाँ के-के गरे भन्ने ताजा स्मरण कालान्तरसम्म रहिरहोस् भनि सम्झना स्वरूप एउटा ईन्टेक १९८३ को चिनारीको निम्ति स्मारिका निकाल्ने जमर्को गर्दै गरेकोमा,

एक प्रकारको खुसिको सिमा नै छैन भन्ने लागेको छ। यो स्मारिकाको व्यवस्थापनको निम्ति, एउटा टिम तयार गरिएको छ। जुन टिम यो स्मारिकाको निम्ति रातदिन अहोरात्र खटिरहनु भएको छ। यहाँहरूको अनेकन दौडधुप र प्रयास र सबैको सहयोगले सफल काम गरिरहनु भएको छ भन्ने लागेको छ। तपाईंहरूको सिंगो टिमले गरिरहेका एउटा जीवन्त चिनारीको रूपमा स्मारिका निकाल्नु हुने, सबैलाई हार्दिक धन्यबाद नदिँदा न्याय हुन कदापि सक्दैन। यो स्मारिका व्यवस्थापन टिमले, एउटा बिर्सनै नसक्ने गरी इतिहासमा गर्नुपर्ने काम गर्नुभएको छ बृग्रेडअफ गोर्खाजमा १९८३ ईन्टेकको निम्ति ! यस अर्थमा, हामी सबै सिंगो ईन्टेक १९८३ को तर्फबाट स-धन्यवादसहित आभारी छौं र आभारी रहने छौं। यो कुनै सजिलो काम भने होईन, हामी जीवनभर बन्दुकसँग खेलेको मानिसहरूलाई बसिबिँयालो जसरी कलम चलाई रहेका छौं, यो हाम्रो निम्ति कतिपय ठाउँहरूमा सजिलो भने जस्तो हुन सक्दैन। तथापि, हाम्रो स्मारिका टिमले, अनवरत् रूपमा प्रयासलाई स्थापित गर्न सफल हुनुभएको छ। सिंगो टिमलाई मेरो व्यक्तिगत तर्फबाट अनि म यस ईन्टेक १९८३ को एक्जेक्युटिप कमिटिको वर्तमान सचिवको हैसियतले सिंगो ईन्टेक १९८३ को सम्पुर्ण सदस्यहरूको तर्फबाट र म सचिव टंकबहादुर मगरको तर्फबाट मुरी-मुरी धन्यवाद टक्याउन चाहन्छु ! धन्यबाद !

ईन्टेक १९८३ का बर्तमान सचिव
लगायत सिंगो ईन्टेक १९८३ का सदस्यहरू !
जय ईन्टेक १९८३ !!!

Intake 1983 numberi serving in
Brunei, Gurkha Reserved Unit (GRU) as follow:

1.	5957	Angphula Sherpa
2.	6064	Harka Parsad Limbu
3.	6065	Birmani Rai
4.	6056	Kirtiman Rai
5.	6110	Gopilal Limbu
6.	6055	Dhyan Bahadur Rai
7.	6163	Jiwan Gurung
8.		Purna Budha Magar
9.	5925	Prasannalal Thapa
10.	6208	Kumar Kambang
11.	6082	Nar Bahadur Magar
12.	6178	Ramesh Chamling
13.	6087	Bal Bahadur Rai
14.	5757	Thug Bahadur Pun
15.	5836	Bahadur Gharti
16.	5766	Tulsing Budha Magar
17.	6091	Shyam Kumar Gurung
18.	6148	Dhan Kumar Rai
19.	6180	Ran Bahadur Limbu

Ex - Singapore Police Forces

20.	9385	Dil Kumar Rai
21.	9387	Barshdhan Rai
22.	9378	Netra Bahadur Thapa
23.	9395	Bhabendra Kumar Tamang
24.	9407	Harka Bahadur Limbu
25.	9408	Surya Bahadur Rana
26.	9389	Panchadhan Rai
27.	9305	Ambar Bahadur Limbu
28.		Gyan Bahadur Gurung
29.	9383	Anglakpa Sherpa
30.	9404	Shree Parsad Bura

OFFICERS NUMBERIES

CONGRATULATION

TO

ALL OF YOU & YOUR FAMILY

Ser	A/Nos	Rank achived	Name	Last Unit
1	5749	Capt	Gamarsing Gurung	1 RGR
2	5784	Capt	Suryaprakash Gurung	1 RGR
3	5826	Lt	Kusng Gurung	1 RGR
4	5750	Maj	Yam Bahadur Rana	2 RGR
5	5770	Capt	Ganga Mall	2 RGR
6	5957	Capt	Angphula Sherpa	2 RGR
7	5962	Capt	Gyan Bahadur Limbu	2 RGR
8	5977	Capt	Jay Prakash Sunwar	2 RGR
9	6019	Capt	Bhuwani Rai	2 RGR
10	5939	Maj	Yog Prasad Thapa	QGE
11	5960	Capt	Bhismaraj Gurung	QGE
12	5778	Maj	Yam Bahadur Gurung	QGSigs
13	5867	Maj	Buddhi Bahadur Gurung	QGSigs
14	5907	Maj	Nirmal Bhattachan	QGSigs
15	6126	Capt	Tek Bahadur Rai	QGSigs
16	6147	Capt	Nirmal Gurung	QGSigs
17	5730	Capt	Jayparkash Lama	Clerks
18	5729	Capt	Lal Bahadur Sahi	Clerks
19	5741	Maj	Samundra Gurung	Clerks
20	5742	Maj	Samraj Gurung	Clerks

From:

All 1983 Intake Numberies and their Families.

NUMBERIES IN NEPAL DUTY

5935 Minraj Chand Thakuri
Jiri Assistance Welfare Officer

5750 Maj Yam Rana

5778 Maj Yam Gurung

नम्बरी

नम्बरी तिमी औशीको रात होईन
पुर्णीमाको रात बनिदेउ
नम्बरी तिमी झरिजाने फुल होईन
अजम्बरी फुल बनेर फुलिदेउ
नम्बरी तिमी साझको घाम होईन
बिहानीको घाम बनेर उदाई देउ
नम्बरी तिमी पाहुना बनेर होईन
सच्चा मित्र बनेर यो दिलमा बसिदेउ ।

२११६५८५७ सुर्य गुरुङ
१/२ जि आर

हरियो शिन्दुरले सजीएको त्यो दिन (Feb 1983)

कति रमाईलो थियो त्यो दिन
जुन दिन हामी हरियो शिन्दुरले सजिएका थियौं
कति रमाईलो थियो त्यो क्षण
जुनबेला हामी बाँया हात र बाँया खुट्टा
एकैसाथ अघि बढाई हिड्ने गर्थ्यौ
कति हतार-हतार गर्थ्यौ त्यो बेला
हातमा चम्चा, काटा, छुरी र हरियो मग लिएर कुक हाउस जादा
कति दुख लाग्थ्यो त्यो बेला
नाङ्गो शरीर नालामा पुल बनेर सजाय पाउँदा
तर कति हाँस्ने गर्थ्यौ त्यो बेला
तार्गेटमा गोली तलदेखी माथीसम्म छरिदा
कति सम्झिने थियौ साथीसंगीहरु त्यस बेला
जब Low range मा राईफल घाँटीमा झुन्डाई क्रोउली गर्नुपर्दा
कति रुन्थ्यौं त्यो बेला
गधाले जस्तो भरी बोकी हडकङको डाँडाहरु चढनु पर्दा
कति कुम अनि घुडाको खालो जान्थ्यो त्यो बेला
सुईताको डाँडाहरुमा सेक्सन अनि प्लाटुन ब्याटल ड्रिल गर्दा
तर सबै दुख बिर्सिन्थ्यौ शुक्रबारको बेलुका
प्लाटुन पोस्टमा मारुनी र फुस्रुङगे बनेर नाचिरहँदा
कति खुशिले खेल्थ्यौ परेड त्यस बेला
जब पे परेडमा हुन्थ्यौं सबैजना भेला
अनि कति मिठो लाग्थ्यो त्यो पिस
जब पाउथ्यौं अर्डर डिसमिस
राखेको छु साँची ति दिनहरु चाहन्न बिर्सिन
रमाईलो लाग्छ सम्झिदा पनि अतितका ति दिन ।

२११६५८५७ सुर्य गुरुङ १/२ जि आर

एक दिन तोया जी हांगकांग गया

Toy Siris (5880)

हा...गका...गाकै गरु हिट भनी
जुँगा पालेको गुरूजी त्यहाँ थिया
कहिल्यै नसुनेको कार्य शब्द सुनी
राइट टर्न हुनुपर्ने तोया जी लेफ टर्न भई
नाला परेड गर्न गयो ।

कस्टो हो जिंदगी ड्यूटी र फटीग
दु:खै दु:ख सास्तिमा पन्ध्र बर्ष बिताई गया
कटी दुख हो जिंदगी कटी दु:ख हो जागीर
रुपियाँको लागि सर्ब दिल ज्यान दियो

भगवानको लीला पनि कस्तो हो कस्तो
कुरै नबूझि पन्ध्र बर्ष बिताई गया
जस्तो गयको त्यस्तै घर फर्किनु भनी
आशीष बाद आमाले दिया
धन्य छ आमा धन्य छ भगवान
धन्य छ पेनसन, धन्य छ सबलाई
स्कूल घर फर्की आयो

पैतीस बर्ष बित्यो नमबरी सहबाहरु
खुसी मनाउ भन्दै सेनधसमा भेला भया
छर्के छ सलाम नमबरीहरु
छर्के छ सलाम बैनिहारु
कविता यस्तै छ नमबरी साहबहरु
लेखन आउदैन भन मैले के गरु ।

आग्रह
स्थायी

एकपल्ट सोची हेर मेरा प्यारा बाबा-आमाहरु
एकपल्ट सोची हेर, मेरा दाजु-भाई, दिदी बहिनीहरु
एकपल्ट बुझि हेर बीर गोर्खालीका सन्तानहरु
अन्तरा...
सुन फल्ने देशैंमा, पुतलीको भेषैंमा
रमाउँदैछौं हामी आज यहाँ
कस्ले सोंचेको थियो होला र हिजो कहाँ ? - २
सर्वहाराको सोंचले आज, झुलीरहेछ ती फल हामी माझ
खाँदामा कति रसिलो लाग्यो नी लै लै ?
फलाउन कति पसिना बग्यो नी लै लै ? - २

एकपल्ट सोंची हेर मेरो प्यारा बाबा-आमाहरु
एकपल्ट सोंची हेर मेरा दाजु-भाई, दिदी बहिनीहरु
एकपल्ट बुझि हेर बीर गोर्खालीका सन्तानहरु

मिनबहादुर गुरुङ
(५९५०)

नशा (कुलत)

सुन्दै कस्तो रमाईलो आभाष हुने,
स्वर्गिय आनन्दको अनुभूति हुने ।
मन मात्रै नभई, आत्मा नै रन्जन हुने,
सर्वश्व सकिएको पनि पत्तै नहुने ।
यो कस्तो अजेय छ ? मनके जित्नै नसकिने ॥

नगरु भन्दा पनि गरुँ गरुँ लाग्ने,
त्यो भन्दा बाहेक, अरु केही गर्न मन नपर्ने ।
बेहोशी भई सबै आफ्नो कर्तव्य मूक्ति,
बेशुर भएर निरन्तर लागी रहनु पर्ने ।
यो कस्तो अजेय छ ? मनले जित्नै नसकिने ॥

पारिवारिक खुसियाली उजाड हुँदा पनि,
आफ्नो आफन्तसँगको सम्बन्धै टुट्दा पनि ।
हरदम, हरपल यसैको याद आइरहने,
अनि साथ लिन मन लागिरहने ।
यो कस्तो अजेय छ ? मनले जित्नै नसकिने ॥

गणिराज राई (६५९८५)
१९८३ इन्टेक
साउथ लण्डन

१९८३ इन्टेक बन्नेछ साचिक्कै ऐतिहासिक अजम्बरी

सर्बराज राई (६०६७)

विभिन्न संघर्ष गरी हामी बनियौ ८३ ईन्टेकको नम्वरी,
सुखमा या दुखमा साथ दिने हामी हौ नम्बरी
त्यसैले भन्छ सबैले ८३ इन्टेक कस्तो मनकारी ।

पल्टनको रेङ के हो भनेर नसौधौ, त्यो होइन अजम्बरी,
इन्टेकको सहकार्य हुनुपर्छ त्यसैले हामी हौ नम्बरी
अनि पो हामी बन्नेछौ सबैको मनकारी ।

क्याप्टेन र मेजरको फुलिले पुग्दैन जीवनभरी,
८३ इन्टेकको बिचार एउटै हुनुपर्छ, अनि पो हामी नम्बरी
त्यसैले ८३ सालमा बनियौ हामी अती मिलनसार नम्बरी ।

भाषणले होइन एजेन्दाले मर्काउ ८३ ईन्टेकको कम्बर
अनी सबैले सहकार्य गरी झल्काऔ इन्टेकको नम्बर,
बिरोध कमी काम धेरै अनी बनौं है सबै नम्बरी म्याम्वर ।

हामी सबै मिली बनाऔ इन्टेकको ईतिहास अजम्बरी,
बोली थोरै सहकार्य धेरै निरन्तर लागौ हामी सबै नम्बरी
अनि पो हामी बन्नेछौ ईमान्दार ८३ ईन्टेकको नम्बरी ।

हुन सक्छ फरक बिचार तर हृदयमा बस्नुपर्छ मनको समाजदारी,
सबैलाई सम्मान गरौ, तब हामी एकजुट हुन्छौ तपाईं हामी सबै नम्बरी
अनि बन्छ १९८३ ईन्टेक साच्चिक्कै अजम्बरी ।

स्वच्छ भावनाले बिकास गर्नुपर्छ ८३ ईन्टेकको घरबरिपरि,
जहाँ रहे पनि जे गरे पनि, इन्टेकलाई कहिले नबिर्सौ है नम्बरी
२ सयवर्ष पछि भावि पुस्ताले ईतिहासमा हेर्नेछ ८३ ईन्टेकको समाजदारी ।

बन्नुपर्छ १९८३ इन्टेक जस्तो सधैं अजम्बरी,
दुखमा अनी सुखमा सधैं हातेमालो गरौ अनि पो हामी नम्बरी
त्यसैले हामी बनियौ १९८३ ईन्टेकको स्वाभिमानी नम्बरी ।

(जय स्वाभिमान ईन्टेक १९८३)

My Heroes

I sat down for hours in front of my laptop
Wondering what exactly I could write about
That gives people an insight on what goes beyond my constellation of thoughts.

And as I seeped deep into the realm of my emotions,
The first thing I saw were 2 being laying unarmed with open arms
Surrounded by catastrophe, yet unfazed by it.

The hid behind them the scars and bullet mark
they received from the battlefield
And showed me pure bliss and unconditional love in all forms.

They taught me the language of love and bravery
They showered me with kissess and armoured me with kindness
They taught me affection but also fed me logic.

All so I could be prepared myself, when I face the battlefield of society.

My parents didn't have the same childhood I did
They didn't receive the same attention and care I did
Yet, what magic is it that makes parents so selfless ?

How can one human being devotedly love another so much,
That they are willing to give and take lives without questions if one asked for it ?

How can I, a normal person even try and find someone else to share my world with
Whe I already know 2 people who would sacrifice theirs for my happiness.

Prakriti Gurung (Daughter of Deepak Gurung- 6000)

६०५८
हामी लाहुरे

श्याम श्रेष्ठ (६०५८)

कलिलो त्यो हाम्रो अल्लारे बैंशमा असिमित सपनाहरु सजाई परेलिमा गाउँ घर छाडी सारा लाग्यौं आफ्नो गन्तव्य खोज्न यति टाढा ।

हाँस्दै, रुँदै अनि रिसाउँदै, फकाउँदै परदेशमा शुरु गर्यो यात्रा आफ्नो बसि नम्बरिहरुको माझमा आफन्तहरुको मायाँ र सम्झनालाई संगाली मनको कुनामा लाग्यौं ईन्टेक १९८३ तालिमको केन्द्रमा ।
गुरुजीहरुले भनेको राम्रा, नराम्रा शब्दहरु सुनेर अनि हरेक पीडा र यातना सहेर कहिले आँसुको भेल बगाउँदै कहिले पिडाले थकीत शरिर सुम्सुम्याउँदै डाँडा, काँडा, खोल, खोल्सा अनि हजारौं जंगल चाहारियौ आफूलाई तन्दुरुस्त र अब्बल बनाउन जिउ ज्यानै लगायौं ।

गाउँको एउटा अल्लारे ठिटोबाट नौ महीने तालीम सकी तालीम केन्द्रबाट निस्किएर पुग्यौं भिन्ना, भिन्नै पल्टनमा एउटा परिपक्क गोर्खालि लाहुरे भएर ।

हङकङ, ब्रुनाई, यु.के.अष्ट्रेलिया साथै पुग्यौं फिजी पनि बितायौं अनेकौं रमाईला क्षणहरु अनि संगाल्यौ मनमा सम्झनाका केहि सुन्दर तस्विरहरु पनि पन्ध्र वर्षे नोकरिको अन्तरालमा सुख-दुख मिलन-बिछोड हजारौं कथा व्यथाले जिवनको पाना भरिएको छ यस्तै-यस्तै तिता-मीठा जीवनको अनुभवहरुबाट हामी लाहुरेको जीवन गाथा सजिएको छ ।

जीवनको उतार चढाव

अतितको आँखी झ्यालबाट नियालेर हेर्दा
हृदयको कुनामा नमिठो पिडाको आभाष हुन्छ।
कति कति मिठा क्षणहरुको तस्वीर
आँख सामु आई फेरी नाच्न थाल्छ।

आफ्नो गाउँ र आफ्नो ठाउँको संझनाले सधैं
यो मन बिचलित भै छट्पटाई दिन्छ।
बिदेशी जिवनको व्यस्ततामा पनि यो मन सधैं
त्यही गोरेटो अनि चौतारीमा पुगी रमाई रहन्छ।

आज जीवनको उतार चढाव सँगसँगै यहाँ
जीवन हाम्रो आफन्तबाट टाढा गैदिएको छ।
आफ्नो देश र आफन्तहरुलाई छोडी
बिदेशी भूमि हाम्रो गन्तव्य थलो भै दिएको छ।

यिनै कुराको खुलदुलीले यो हृदय छट्पटाई रहन्छ
दिन वा दिन जीवन समाप्त भएको आभाष भै रहन्छ।
आफन्तहरुको माँझ फेरी फर्की जाउँ जस्तो लाग्छ
आमाको न्यानो काखमा शिर राखी आफैलाई सुतौं झैं लाग्छ।

श्याम श्रेष्ठ (६०५८)

मेरो माया

नजिकको मायाँ टाढा किन गै दियौ
यो मनमा चोट बोकाई पर किन भै दियौ ।
आउँछौं भनि तिम्रो बाटो साँझ बिहान हेरी हेरी
डाँडा पारि घाम गयो दियो मैले बाली रहें ।

सम्झनाको चिनो बोकी पर्खी रैछ चौतारीमा
अजम्बरी मायाँ हाम्रो यहि विश्वास लिई मनमा ।
हामी बिचको सबै कहाँ छोडी गयौ तिमी
सँगै बाँच्ने सँगै मर्ने कसम किन तोडी गयौ तिमी ।

आँखा भरि सपनाको सुन्दर महल सजाई किन ?
आज फेरि त्यही महल भत्ताभुङ बनाई दियौ ।
मेरो कोमल मनमा तिमीले प्रेमको ज्योती बाली कोष
आज फेरी निष्ठुरि भैं बिच माझधारमा छोडी दियौ ।

बिदेशको रमझममा आफूलाई नै हराई नदेऊ
उनीहरु माझ आफ्नो खोज्ने उमेर नै नगुमाई देउ ।
फर्कि आउ अब तिमी समयले छाड्न लाग्यो
पर्खाईमा यि दिनहरु धेरै लामो भै सक्यो ।

श्याम श्रेष्ठ (६०५८)

गोर्खा आवाज

गोर्खा आवाज हो त्यो
सहि र सत्य बोल्ने
हाम्रो अधिकार हो यो
न्यायको लागि लड्ने ।

पुर्खाहरुको गौरवलाई
सम्हाली अघि बढ्नेछौं
सदैव राम्रो कर्म गरी
देशको सम्मान बढाउने छौं ।

एकजुट भै सबै गोर्खाली
लक्ष्यतर्फ अघि बढ्नेछ
पुर्खाको बगेको रगतको
मुल्य यहाँ अब माग्नुछ ।

बीर गोर्खालीको छवि हाम्रो
विश्व सामु कहिले हट्ने छैन
हाम्रो पुर्खाले रचेको बीर गाथा
इतिहासबाट कहिले हट्ने छैन

जाति र पाती भेदभावमा
समय व्यर्थ नफालौं
नेपाली हामी नेपाल हाम्रो
यहि आत्मसाथ गरी अघि बढौं
यहि आत्मसाथ गरी अघि बढौं ।

श्याम श्रेष्ठ (६०५८)

कविता कोसेली इण्टेक १९८३ नम्बरी परिवारप्रति ।

सन १९८३ मा गाँसिएको गरिमामय सम्बन्ध हाम्रो
आकाश जस्तै फराकिलो र समुद्रभन्दा गहिरो ।
सुख र दुःखमा सदैव ज्यानको फिक्कर नगरी
अटल माया र साथ कहिल्यै नटुट्ने गरी ।

मेचीदेखि महाकालीको भाषा कति राम्रो
त्यसैले त गाढा माया बस्यो नम्बरी माझ हाम्रो ।
आकाश धर्ती जहाँ रहे पनि मेरो प्यारा नम्बरी
अटूट माया १९८३ परिवारलाई मेरो जुनी भरी ।

धरान पोखरामा हाम्रो भेट हिजो जस्तै लाग्छ
पत्तै नपाई दिनहरु ३५ बसन्त पार भएछ ।
हाम्रो भाग्य राम्रै थियो ११ फेब्रुअरी १९८३ को दिन
बृटिश गोर्खालीको इतिहासमा फौजीको भार लिन ।

काउलून अश्बोर्न पुगी हाम्ले फौजी पोशाक पाईयो
जाली भेष्ट जाली कट्टु ती सबै हाम्ले लाईयो ।
बस चालक गुरुजी युनिफोर्ममा चिटिक्क
बसमा सवार हामी कता जाँदै थाहै नभै मक्ख ।

बसमा सवार सललल रमणिय क्षण पश्चात्
पुगियो हामी थाहै नपाई गन्तब्य मसानघाट
जुन घाटको नाम थियो TDBG मलाया लाईन
जता तिर हेरे पनि रेक्रुटको फलिन ।

शुरु हुन्छ ९ महिने तालिम थाहा छैन कस्तो
नौ महिना काट्नु पनि नौवे साल जस्तो ।
रातदिन गुरुजीको चिच्याहटले गर्दा
अलिक भाको दिमाखमा नि लाग्लै जस्तो पर्दा ।

सुहाए जस्तो भान हुन्थ्यो WT को ड्रेसले
पसिना चैं धेरै सोस्थ्यो हरियो जाली भेष्टले ।
सुईताऊको पाखाभरी रणकौशल तालिम
लाग्थ्यो हाम्लाई मन-मनमा अलि-अलि जानिम ।

सान्वाई लोऊ APWT लाईव फाईरिङमा जाँदा
मीठो लाग्थ्यो बनभोज जस्तै मेष्टिनमा खाँदा ।
गोली मैले हानेकै हो तार्गेटमा छैन
फेरि पनि हान्नै पर्यो पास नगरी भैन ।

लेक्चर सक्यो बुट टल्क्यो परेड छ है भोली
याद आउँछ एकै छिन ममी के गर्दै होली ।
भ्यालबाट एकछिन फिल्म हेरौं कि गुरुजीको लुकी
लामखुट्टेको आक्रमणले हान्दा एक मुट्ठी ।

नौ महिने तालिमको त छाडी देऊन कुरा
सेन्ट्री बसी पूरै बित्यो १५ वर्ष पूरा ।
कहिले-काहि मज्जा आउथ्यो पेन्सन र सुती जाँदा
सधैंभरि त्यस्तै भए हुन्थ्यो मलाई फाईदा ।

मेचीदेखि महाकालीको भाषा कति राम्रो
त्यसैले त माया बस्यो नम्बरी माझ हाम्रो ।
आकाश धर्ती जहाँ रहे नि मेरा प्यारा नम्बरी
अटूट माया १९८३ परिवारलाई मेरो जुनी भरी ।

सन् १९८३ मा गाँसिएको गरिमामय सम्बन्ध हाम्रो
आकाश जस्तै फराकिलो र समुन्द्र भन्दा गहिरो ।
सुख दुःखमा सदैव हामी ज्यानको फिक्कर नगरी
अटल माया रहिरहने छ है कहिल्यै नटुट्ने गरी ।

लेखक

२११६६०८६ रेक्रुट गोपालबहादुर सुनुवार
२ सेक्शन १२ प्लाटून डी विङ्ग
टी डी बी जी मलाया लाईनज
सेक कङ्ग, बी.एफ.पी.ओ-१, हङकङ

जिन्दगी

अबिरल रहेछ जिन्दगी ।
सधैं खोला सरी बग्नु पर्ने ॥

अनिश्चित रहेछ जिन्दगी ।
आफ्नो मुटुलाई गाँठो पार्नु पर्ने ॥

बाध्यता रहेछ जिन्दगी ।
जता मोड्यो उतै मोडीनु पर्ने ॥

आँसु रहेछ जिन्दगी ।
पिडा बोकी हाँस्नु पर्ने ॥

कस्तो जिन्दगी बिरंगनाको ।
मुटुलाई दुङ्गा थिचेर भए पनि ओंठमा मुस्कान हुनुपर्ने ॥

युगराज राई (६०९५)

गजल

बोलीको गोलीले नहान मलाई
म त त्यसै घायल घायल नै छु,
मायाको डोरीले तानीदेऊ बरु
बाच्ने केहि सहारा मिल्थ्यो की ?
शिकारी नजरको बाण नछोड त्यसै
म त तिम्रै शिकार बनि सकेको छु,
प्रेमको अदालतमा एकतर्फी नभै
दुईतर्फी फैसला हुन्थ्यो की ?
बोलीको गोलीले नहान मलाई
म त त्यसै घायल घायल नै छु,
मायाको डोरीले तान बरु
बाच्ने केहि सहारा मिल्थ्यो की ?
बाच्ने केहि सहारा मिल्थ्यो की ?

होम किरात सुनुवार

मलाई त्यसो गर्नु छैन

- होम किरात सुनुवार

गाँऊ छोडेर शहर पस्नु छैन किन की
त्यहाँ मलाई कसैले चिन्दैनन्,
गल्लीको कुकुरलाई समेत
मेरो हिडाई, मेरो हेराई, मेरो गन्ध
पटक्कै मन पर्दैन रुचाऊदैन ।
किन की
मेरोमा शहरी हिडाईको ढाँचा छैन,
मेरो गन्ध शहरी होईन गाँऊले छ,
मेरो बोली शहरीया भन्दा लाटो छ,
उनिहरुको देखाईमा सबै अमेल छ ।

हड्डी र छाला अस्थिपन्जरको कुकुर
उस्को भुकाईले नै तर्साऊन खोज्छ,
मलाई लखेट्न पन्छाउन चाहन्छ
उस्को त्यो शहरबाट धपाउन चाहन्छ ।

मान्छेको त झन के कुरा ?
सायद मेरा हरेक हाउभाऊ
सबैकुरा गाऊँले देख्दा हुन्,
मेरा सोझापनलाई शहरीहरू
फाइदाको भण्डार देख्दा हुन् ।

इच्छाको शहरमा म मस्त घुम्दै छु
गाँऊले आफु शहरको अवलोकन गर्दैछु ।
मान्छे र कुकुर दुवै थरिले रुचाउँदैन,
जसरी शहरका मान्छे र कुकुरले मलाई हेर्छन्
मैले पनि शहरका उनीहरुलाई उस्तै उस्तै देख्छु ।

गाऊँबाट शहर त्यहाँबाट म फेरि बिदेशियेँ
घरदेशदेखि शहर हुँदै परदेशको शहर पुगेँ,
मलाई चिन्ता थियो त्यहाँ पनि म गाऊँले नै
हुँला मलाई सबैले त्यस्तै नै सोच्लान् भनेर ।

तर त्यहाँ त्यसो भएन अनि त्यसो गरिएन
जेनतेन आफ्नो योग्यता क्षमताको काम गरेँ,
तोकिएको करार राम्रैसँग पार गरेँ बितायेँ,
अनी म मेरो आफ्नै गाऊँ शहरमा फर्कियेँ ।

केहि समय त गाऊँमै बिताऊने निधो गरेँ,
फुर्सदमा शहर बदलिएछ की हेर्न गएको
त ! निकै फेरिएको पायेँ, सबै भिन्नै भएछन् ।
एकाअर्का कसैको कुरै नमिल्ने नसुन्ने भएछन्,
मेरो परिवार त्यो समाजमा नअटाऊने बुझेँ,
त्यसैले भविष्यको सम्भाव्यको खोजी गर्दै
परिवारसहित विबकसित देशको शहरमा पुगेँ ।

सोचेको जस्तै सबै त अवश्य हुदैन नै !
तर हरहिसाबमा नाफानोक्सान बराबरी भो,
परिवारले पाहुनाको रुप लिइसकेकोले
एकसाथ जुट्नको लागि चाडपर्व कुर्नुपर्ने,
समयान्तर सबै मेलापात जानु भर्नुपर्ने,
उमेरको सिमानाभित्र जोतिई रहनुपर्ने
जब उमेरले डाँडो काट्छ हातगोडा चल्दैनन्
परिवार त नाम मात्रै वरिपरी कोही हुँदैनन् ।

अब कतिसम्म हलो जोतीरहने ?
सुतेपछी पनि आनन्दले निद्रा पर्दैन,
तिनै पुराना खहरे खोल्सा धारो पँधेरी
बनपाखाले तर्साएर ब्यूँझाई दिन्छ ।

मनका ज्वाराभाट बाढीपहिरोले पिरोल्छ,
मस्तिष्कमा चट्याङ्ग लागेर बेहोश बनाऊँछ,
ब्युँझदा त मानसिक अस्पतालको सैयामा ।

अब मैले कुनै शहरमा बिताऊनु बस्नु छैन,
कमाएको बचत कुनै शहरमा फसाऊनु छैन,
पराईभूमिमा साटेको पसिनाको मूल्य
कसैलाई पोसाऊनु मोटो बनाउनु छैन ।

त्यसैले,
पहिले जे जस्तो गरिए अब त्यसो गर्नु छैन
चाहना कल्पनाका सागरमा जति डुब्नु थियो ?
चुर्लुम्म डुबेर मनग्य पौडियेँ धितै मर्ने गरि ।
शहर-शहर डुलेर जे-जस्तो गरियो भोगियो
लुटेराले आफुबाट फाइदा लुट्नसम्म लुटे
अब घरदेश परदेशको कुनै शहरमा बिताऊनु छै
जे-जस्तो गरियो भोगियो अब त्यसो गर्नु छैन ।

रेक्रुटको पीडा सन् १९८३
३५ औं वार्षिकोत्सव २०१९

- भिम ईमेहाङ् ५/१

३५ वर्षे परिवेश र साठगाठ यस्तो थियो
आलुलाई पनि ढुंगा, ढुंगा पनि आलु भन
लाहुरे गुरुजी राजको हुकुम बक्स भयो
लाहुर जान भाग्य खोज्दै गल्लावाल धाए
जसरी हुन्छ पास भए धरान पोखरा झरेको
१८ वर्षे राँगों खसी बोका झैं छनौट गरेको
नदेखेको मेडिसिना बल काुधमा ल्याएको
जबर्जस्ति फर्सी बोकी होड्बाजी दौडाए
कुखुरे छातीहरु मरी मरी फोक्सो फुलाए
नेटमुनि पसे आँखाभरि धुलो लिई निस्किए
चिप्लियो हातहरु बारमा चमेरा झैं झुण्डिए
मन भयो ढुकढुक पास हुने की नत्र फेल
अब खाना ब्रेकफास्ट के समय आउँछ
यीनले हरियो मग सेतो प्लेट हातमा लिन्छ
हरियो भैसे टोपी पोइन्ट र सुइटर लगाई
लेफ राइट लेफ भन्दै कुक हाउस धाउछ
दिन-दिनै देख्छ सपना हड्कड् शहर
परिवेश थियो सुख-दुखमा पनि आँशु
धरर...
बिदाईमा बस चढ्दै गाए मारुनी गीतहरु
लाहुरेको रेलीमालाई रेलीमाई रातो रुमाल
कम्बरमा खुकुरी भीरेको आउँछु पछि
जाउ जाउ कान्छी रेलैमा म लैजान्छु
तिमीलाई पछि मलाय हड्कड् घुमाउन

रातभरको यात्रा थियो मान भवन नजर
बाल्कोनी भएको राणाको दरबार देखे
सबैले आफ्नो कोठामा पसेर बास बसे
कैदीको फलामे डबल बेडमा सुत्ने भए
हवाईजहाज उड्यो काइतकमा ओर्लिए
कुइरो मुनिको पानी हुरीबतास चलेको
पानीले कहिल्यै रुज्दैन जोशी छन् रिकुटे
यीनले उठायो कालो प्लास्टिक ब्याग
झिलि र मिलिको लत्ता कपडा लिएर
हान्निछ अब सेकोड्को मलाय ब्यारेक ;

फाइभ प्लाटून वान सेक्सनमा भेट हुने
आउन फेरी मलाय लाइनको याद गरौं
खोइ तिम्रो बेकस्टिक फेरी ढाड सजाउने
बिहानै उठबस घैलामा जस्तै चिया बोक
हरियो मगमा २/३ कप खाली पेटमा पीऊ
झिक कबोर्डको हरियो भेस्ट र कालो बुट
लाग्यो रेक्रुट लेफराइट कालो ऐर स्ट्रिपमा
दौडने नसके नछाड भाई फेरी पर्ला एक्स्ट्रा
तीन माइल बीफटी आखिर कलमी पास
जाने होइन सोइमिङ् सिसा बन्न पानी मुनि
गुरजी सक्दिन म भन्दा सिसा बन्ने तिमी
उद्दार तिम्रो लागि पीटीआईको भाटा आउने
निलो आकास पानी मुनिको माछा समाउने
बल्छीले झिके झैं तिमी माछा बनी पल्टिने

विककेण्ड आयो काम्टिनको भाले र खसी
आओ भाई कोको छौ मेसिङ् च्याट खाऊ
फाइदा खाएपछि बलियो फुर्तिलो बन्ने छौ
सनडे आयो रेक्रुट दुई नम्बर खुकुरी बोक
वनजंगल पस नालीबेलीको झारपात फाड
बेलुकी भयो बास्केटबल त्यसपछि चिसो
हार्नेले तिर्न पर्यो जित्नेलाई मलको जल
मक्षडको आहार बन्नुछ लगायो पालुड्रिन
गुरुजीको क्रिम परेड सक्ने होईन मरेजाम ;

प्रथम लाइनमा दोश्रो स्वच्छ लडका थिए
हरिचन्द्र नाटक रामेको टुप्पीमा आगो बाले
रेक्रुट मुख नलाग के भयो गुरुजी ? पख न्
फाइभ प्लाटूनको रेक्रुट आईसी खोई यहाँ ?
हजुर गुरुजी छोड्बा र भुवानीले सुने छन्
ल है सबै आऊ साथी गुरुजीको नालामा
रेक्रुट, फाइभ प्लाटुन यो नालामा पुल बन
हुन्छ हजुर गुरुजी...
फाइभ प्लाटुन ? हजुर गुरुजी, अबदेखि
गुरुजीसँग मुख लाग्ने की नलाग्ने भन ?
लाग्दैनौं गुरुजी....।
अब देखि मुख लाग्नेकी नलाग्ने हरिचन्द्र ?
अब देखि मुख लाग्दिन म हजुर गुरुजी
लागे के हुनछ ? नाला परेड हुन्छ गुरुजी
आधा घण्टादेखि एक घण्टा के हुन्छ
अनि गलेर नालामा पुकलुक्क खस्छ
देश हेर्न आयौ रेक्रुट यो सेककोङ भिलेज

देख्यौ गुरुजी, चिनानी आयो सुसेली मार
तरुनी देखिस कान्छी हो कान समात रेक्रुट
कहिले नछुनी हो हवस् हुन्छ गुरुजी.... ।

एकनाले बन्दुक बोकी सुइताउ धाउँछौ
तार्गेट देखे पो अरुलाई इण्डीकेट गर्छौ
रमीते डाँडा मेस्टीनमा भात भए पुग्यो
लोउका रेञ्ज धायो धायो फुस्सै भयो
लागेको गोलिले आकाश मात्र छेडियो
एक्स्ट्रा तालिम पायो बल्ल-बल्ल पास
क्यास्टलपीक धायौ बमको धुवा खायौ
आँखै नहेरै उडायो त्यो डाँडाको ट्यांक
अब त् पल्टन जाने बेला भयो रेक्रुट हो
बल्ल बन्यौ पल्टनको नयाँ सिपाही
मेरो छ रेक्रुट गुडबाई तिमीलाई बस
नमरे बाँचे दैवले साँचे फेरी भेटौंला
बसमा लस्कर लाग्छ रुन्छ धुरु धुरु
हल्लायो हात कुसुमे रुमालको साथ
बिदाईको त्यो क्षण बिर्सेर के सक' म
सम्झना छ अछामे राना ईलामे गुरुको

जय जय इन्टेक ८३ जय छ नेपाल....

इस्वी सम्बत् २००७ सालमा युके आएर, रेडिंगमा, ६, ७ महिनासम्म पनि काम नपाएर स्कटल्याण्ड हानियर जाँदा, ईंडिन्ब्रोको क्यासतले यसरी बोलेको सुनेपछि :-

ईंडिन्ब्रोको क्यासल भन्छ, साह्रै अग्लो भए,
कहिले घाम, कहिले पानी, मन मनै रोएँ ।
धेरै मान्छे घुम्न आउँछन्, सबैले नै छोए,
ठूलो पानी परेपछि, अनि मात्रै धोएँ ।
घुम्न आउने मान्छेहरु, घुमि घुमि हेर्छन्,
सुनसान ठाउँ पाए, त्यहीं सु गर्छन् ।
राख्या छैन सि सि टि बी, जता सुकै देख्ने,
भूईमा बल्या बत्तिहरु, खुट्टाले टेक्ने ।
लड्छ भनि, वरीपरी पर्खाल्ले छेक्ने,
अग्लो ठाउँमा, क्यासल रैछ टाढैबाट देख्ने ।
टुरिष्ट र विद्यार्थीको, दिनको दिन घुइँचो,
कहिले कहिले घटना हुन्छ,
पाईन्न है सुईंको ।
क्यासल घुम्दै हेर्दा खेरी, लडाईंको पोष्ट,
क्यासल हेर्दै, गीत कोर्नु, खुब आउँछ जोस ।
क्यासल के कुरा गर्दा, मान्छे छक्क पर्छन्,
संसारको मान्छेहरु, घुम्न आउने गर्छन् ।
क्यासलको तलमाथि, टुरिष्टको घुाईचो,
कहिले काहिँ घटना हुन्छ, पाईन्दैन सुईंको ।
सेक्युरिटी गार्ड बस्छन्, प्रवेश दस्तुर लिने,
ब्रिटिश आर्मी आई डि कार्डलाई सित्तै छिर्न दिने ।
ड्युटि बस्दा कन्टेनरमा, ज्यादै बोरंग लाग्छ,
हिटर लाउँदै बस्नु पर्दा, ज्यादै जीउ तात्छ ।
क्यासलले भन्छ मलाई, तिमी घुम्नु आउनु,
घुम्नु आउँदा खेरी तिम्ले, न्यानो कपडा लाउनु ।
मेरो ईज्जत, राखिदेउ है, सधैं घुम्न आउँदै,
घुम्न आउने बानी गर, न्यानो कपडा लाउँदै ।
घरको कुरा, घरमा गर, बनको कुरा बनमा,
क्यासल घुम्न आउँदा खेरी, कस्तो लाग्यो मनमा ।
जनम जनमदेखि मान्छे, क्यासल घुम्न आउँछन्,
क्यासल घुम्नै युगल जोडी, माया प्रिती लाउँछन् ।
माया प्रिती लाउँछन् ।

ठंकबहादुर मगर ६१५२
स्मारिका १९८३-२०१८ अगष्ट ।

यो ज्यान जापानमा रहँदा र युके रहँदाको केहि रिमिक्स् भोगाईका प्यारोडी तालु खुईलिएको देखेपछि यसो भन्न मन लाग्यो

तालु खुईले भन्नु मात्रै, कम्ती नक्कल पार्छ,
के भाको यो भन्दा खेरी आँसु बर बर झार्छ
सम्झनाको कोसेलीमा, प्वाईजन हाल्या छ रे,
बर्ष गाँठ मनाउनलाई राङ्गै ढाल्या छ रे
दुम्वा खाँदा, दुम्बै भईयो, ब्रिटिश लाहुरे भईयो,
पेन्सन गाको हप्ता दिनमा, जपानतिर गईयो ।
कोई चाहिँ जापान गए, कोहि चाहिँ यु. के.,
जापानीजमा टि ब्रेकलाई, भन्ने गर्छन् ।
मादल बच्छ तिनदांग तिनदांग, ढोल बच्छ ढ्वांग,
टप् पल्टेर चुरोट पिउँछ, लुगा डढ्छ भ्वांग ।
बैंशालुलाई बैंश आउँछ, रोगीलाई रोग ,
तन्नेरीमा यु के पाएन, बुढेसकालमा भोग ।
साँच्चै होर हामी बुढो, पत्याउनु पर्ने,
पक्कै बुढो भईयो भने, अब कसो गर्ने
बुढेसकालको मनको चिन्ता, टाढा-टाढा फेंक,
बुढेसकाल महसुस् भए, अनि लौरो टेक
पानी मुनि पानी माथी, ऐसेलुको छायाँ,
बुढो हुँदै गए पनि, उस्तै रहन्छ माया ।
आफैलाई कस्ले हेर्ने, अरूमाथि आँखा,
आँखा लाउँदै गर साथी, लाग्छौ आफैं पाखा ।
यु के बासी हामी सबै, आई एल आर छ भीसा,
गाँठ बर्ष राम्रो मनाउँ, नफुटाउँ है सिसा ।
हामी सबै राम्रो मान्छे, ह्वीस्की मात्र पिउने,
ह्वीस्की मात्र पिए पनि, राम्रैसँग जीउने ।
यु. के. को बसाई हाम्रो, पाउण्ड पनि राम्रो,
पेन्सन थोरै भाको चाहिँ, साह्रै नै नराम्रो

ठंक बहादुर मगर (६१५२)
ईन्टेक १९८३ यु

३ समर्पण ३

नम्बरी साहेबहरु नमस्कार
धेरै बसन्तहरु भैसकेछन् पार ।
रिक्रुट कम्पनिको नौ महिने
मिलन पछिको बिछोड,
सम्झना आलै छ क्रिम परेड पछिको नाला परेड,
लाग्छ यहि नै जीवनको अविस्मरणिय पाटो रह्यो ।

हाँसो र रोदनको गाथा थियो,
जीवनको जिउने सुरुआत थियो,

जीवनको एउटा अमुल्य अनुभुति,
अहिलेसम्म जिवित छ यदगार,

कुक हाउसको तन्किएको लाइन,
नम्बरी बिच दृढ माया र आदर ।

सिपाहीको दीक्षा सै जिउने शिक्षा मिल्यो,
त्यही नौ महिने कालको देन सदा स्थापित रह्यो ।

उदाऊने र अस्ताऊने सुर्यको प्रकाशझैं,
पुराना पानाहरु पल्टाउन खोजे,
नम्बरीहरुको आकृती पढ्न खोजे,
संसारको आकाशको बादल सधैं,
मधुर सुमुधुर यादहरु सधैं सधैं,
सेतो पानामा काला अक्षरहरु,
श्रद्धान्जली अर्पण गर्न चाहे,
दिबंगत नम्बरिहरुको सम्झनामा,
चिरशान्ति समबेदना,
हार्दिक सम्मान समर्पण ।

सन्तराज पाम्फु ६१७२

Promoting positive community and economic growth in our second home in the United Kingdom

Dinesh Gurung joined the Brigade of Gurkhas on 11 February 1983 in Dharan, Nepal. Having completed a year of intensive recruit training, he chose to join the The Queen's Own Gurkha Transport Regiment (QOGTR) voluntarily and never regretted this decision. Some of his numberi's were upset because of being sent to QOGTR but today they realized the huge benefits of QOGTR. He likes personal development therefore he started learning English from the British council and studied hotel management from the Baptist University during his off duty hours on his own expense. He worked part time for a year in Hong Kong Hilton hotel in the evening with his Commanding Officer's approval as an off duty role.

Having left the army, he worked two years in Hong Kong, ran his own business for two years in Nepal then joined Gurkha Reserve Unit (GRU) in 2002. As British Government announced permanent residency permit in 2004 for Ex-Gurkhas, then he took this opportunity to settle down with his beautiful wife and two boys in the United Kingdom.

Dinesh is passionate about personal development in order to help people to Save Money and Make Money. Whilst researching this sector, he came across a Major British PLC company called Telecom Plus, FTSE 250. Jumping at the fantastic opportunity, he started a part time business during his spare time with partnership Telecom Plus PLC (trade as Utility Warehouse). The company is 20 years old now, which is, ran and owned by successful entrepreneur and Executive Chairman Charles Wigoder. To

develop the growth of the business, Actress Joanna Lumley, OBE has recently joined as our new Ambassador of the company.

The company provides all the services such as Home Phone, Broadband, Mobile phone, Gas, Electricity, Home Insurance to mention a few. Their mission is to guarantee their energy will be cheaper than big 6 UK suppliers provided you take five services otherwise they will refund double the difference.

He now knows what you are thinking. The question to ask is how much can I actually save on my household bills Dinesh?

Cash back £300
Free LED bulbs £300
Gourmet Card £300

_____
Total annual saving £900

There are other benefits too such as FREE insurance for your mobile, One monthly bill for all of five services, award winning customer services, etc.

Dinesh likes exploring new project so he has hired a mentor and is constantly educating himself about new disruptive currency called Bitcoin, Block Chain and Crypto where he is investing now. People are getting Return on Investment (ROI) from 100% to 10,000%.

Note : He does not recommend anyone to invest on this without the proper training and education.

For more information about this, please contact Dinesh on 07886900610.

A Happy 35th anniversary for intake 1983 all Numberi and their family!

GOKARNA CHUNGBANG 2166212 Hon (Lt QGO)

Born in 1962 Sidingbari Gau Pauthak GBS and grown up as farmer's son and father passed away in 1971 when he was only 9 years old.

One day he was sitting outside his house. At that time Gallawal had come home, saw this young boy and encouraged him to attend to selection process for the Army. Although he wasn't strong built and never prepared himself, luckily he passed the selection criteria and joined the British army in 1983.

His nick name was Lucky Seven during the selection and he acquired 3rd last junior number 21166212.

Gokarna is very hard working and honest man. During the 9 months of recruitment training, he never passed APWT test but on the final inter section shooting competition he won GPMG best shooter.

After recruitment training, he joined 5 platoon, B company 7th Gurkha Rifle at Cassio Line Hong Kong. He was number one tea boy, never failed to bring tea at 6 o'clock every morning. He was very good in (Rote) shining boot, ironed for junior gurujee to company 2IC. He always cooked during the Nepalese festival Dashain.

JLC was held in Brunei in 1987 Sittang camp, Gokarna was very lucky boy and he was the only one who passed in his section. He worked as 84mm man Gokarna worked most of time in Reconnaissance Platoon. He retired in

2004 as Hon (Lt QGO) and came back as an II (illegal immigrant) via Glasgow Scotland.

To get a foothold in the UK he worked as security guard and part time builder only cash in hand. Slowly, he registered a security company in 2004 and initially continued working as a security officer to understand the system, procedure, UK laws and requirements for working in a private security industry. In 2005 his security company was full time running with a few employees and himself working as security guards. He has worked hard to build the company to a stage it is of now.

He managed to register the following companies after establishing Everest Security Limited.

- Security training 2005
- Everest Cleaning 2008
- Everest Training 2010
- Everest Recruitment 2009
- Suna Restaurant 2015
- Kathmandu taste Resturent 2018

Please visit his website is www.everestgs.com

He describes, himself EKHORE CHITAYO KI BITAYO 24 / 7 hard worker and hunest.

Gopal Giri
6044

शुभकामना

5765 Nem Thapa & Mrs

Happy 35th anniversary to
all my dear numberies and their Families.

हार्दिक शुभकामना

5770 Ganga Mall

Dear all numberi and numbernee I,
Ganga Mall and my dear wife Laxmi would like to wish you all a very happy and long life journey,
in this auspicious occasion we jointly wish you a very happy 35th anniversary.

नववर्ष २०७५ को सुखद् उपलक्ष्यमा तपाई तथा तपाईको परिवारको
सु-स्वास्थ्य, सुख समृद्धि तथा उत्तरोत्तर
प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

5813 Tak Bahadur Gurung,
Mrs Bich Maya, Dr Amrita, Dental Nurse Anjita & ER Suraj

Very Happy 35th Anniversary to all Intake 1983

नयाँ वर्षा २०७५ सालका हार्दिक शुभकामना
नेपाली नयाँ वर्षा २०७५ सालको आगमन साथै इन्टेक १९८३ को
३५ औ वर्षा पुगेको पवन अवसरमा स्मारिका प्रथम मुख पत्र प्रकाशन
गरेको हुदा अत्यन्त हर्षित छु। अवस्य पनि यो मुख पत्र इन्टेक
१९८३ को दस्ताबेज बन्ने छ भन्ने महशुस गरेको छु।
नेपाली नया वर्षा २०७५ सालको शुभ अवसारमा देश
विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई
दिदीबहिनीहरुमा सुस्वास्थ्य,सुख, समृद्धि
तथा उत्तरोत्तर प्रगतिको हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
ले. कुसाङ गुरुङ (५८२६)
पञ्चा गुरुङ
क्याम्बर्ली

१९८३ ईन्टेकमा भर्ती भई, ५ महिने तालिमदेखि
पल्टनमा नोकरी र त्यसपछिका विभिन्न आरोह-अवरोहलाई पार गर्दै
अहिलेसम्म यस धर्तिमा जिऊँन सफल रहनुभएका
सम्पुर्ण नम्बरी परिवारजनहरूप्रति
म २११६५५५५ नम्बरी गुणराज खायाखिम् र
मेरो श्रीमती ललिता मादेन खायाखिम्को तर्फबाट
यस ३५ सौं बर्ष गाँठ पुगेको शुभअवसरमा

हार्दिक शुभकामना



शुभकामना

6019 Bhuwani Rai & Shantu Rai

Thanks for all the fun since 1983 and lovely moments we shared
May we have lots more in the glorious 35th Anniversary.

शुभकामना

6028 Hasta Rai & Mrs

Years come since 1983, and Years go 2017, but our numberiship has stood the test of time. Wishing you the best in this upcoming 35th Anniversary

शुभकामना

6034 Rabidhoj Tamang QOGLR

Very happy 35th anniversary to my beloved numberi and their families. On this special occasion I and my dear wife Arati Tamang wish you a very happy days to come in your day to day life.

शुभकामना

6044 Gopal Giri & Sangita

From the bottom of our hearts, we wish and hope for nothing but the best for you all Numberies and their families.
Be price less and courageous for each other's endless love.
Be Amazing !
Happy 35th Anniversary.

Intake १९८३ को ३५ सौ Joining Anniversary उत्सवको उपलक्ष्यमा
यस् एतिहासिक नम्बरीहरुको भावना र दुख-सुखको अभिव्यक्तिहरु समेटी यस स्मारिका
पुस्तक प्रकाशन भएको खुशीयालीमा यस् पुस्तकमा लेखिएको भावनाले हामीलाई सधैं
गोलबन्द र एकतामा अघि बढ्ने प्रेरणा मिलिरहोस् भन्ने कामनाको साथ
हाम्रो सम्पूर्ण नम्बरी र परिवारज्युहरुमा सु-स्वास्थ्य दिर्घायुको
हार्दिक मङ्गलमय शुभकामना म र मेरो परिवारको तर्फबाट व्यक्त गर्दछौं ।

शुभ प्रार्थी

नारद मनी / गुरुङ तथा मिना गुरुङ

२७१६६०४८

शुभकामना

I Shyam and my wife jointly wish 1983
Intake numberi and their family happy and good health. 35th Anniversary
will be a remarkable moment for ever.

Jai 1983 Intake.

शुभकामना

6130 Home Sunuwar & Mrs

Happy 35th Anniversary to all Numberi and their families.
May your love grow stronger and inspire all, and may life bless you with all the gifts.

21165725 Lokdarsan Lama 6 GR

died in 2014

21165737 Sgt Rabindra Jwarchan 6 GR.

Rabin was in Clerks Pl 6 GR and 1 RGR. He had sustained a head injury 1995 in Hong Kong and was bed bound until his death in 2017.

Whilst he was in care home in Kathmandu he was administered and looked after by British Gurkhas Nepal until his death. He is survived by his wife Mrs Urmila and daughter Angie.

21165834 Jeman Sing Rana 2/2 GR

Died 2015

21165843 Rfn Nandabahadur Pun 6 GR.

Nanda was in C Coy in 6 GR.

He died of a freak accident during border duty in 1985.

He was due to go on his first Nepal leave.

21165894 Bir Bahadur Ghale 6 GR

Died in Nepal during major natural disaster earth quack in Kathmandu.

21165914 Cpl Rajkapoor Sherchan 6 GR.

Raj completed 15 years army service and retired from Hong Kong.

He passed away whilst he was in Nepal on leave a few years ago (exact year not known).

CONDOLENCES

नम्बरी २११६५९२७ भिमलाल पुन मगर

आदरणीय सम्पूर्ण नम्बरीज्युहरू, नम्बर्नीज्युहरू र नानीहरूमा दुखद् समाचारको जानकारी गर्न गईरहेका छौं । हार्दिक श्रद्धान्जली तथा समवेदना ।

हाम्रो अति नै मिलनसार नम्बरी २११६५९२७ भिमलाल पुन मगरज्यु ल्बड क्यान्सरको रोगबाट पिडित हुनुहुन्थ्यो । उपचारको क्रममा ईण्डियाको हस्पिटलमा हिजो बेलुका निधन भएको समाचार हन्सलोस्थित नम्बरी केन्द्र पुन मगरको तर्फबाट जानकारी भएको छ । जानकारीमा आएअनुसार, वहाँ जि आर यु ब्रुनाईबाट यु के मा आउनु भएको, त र नानीहरूको ILE reject भएको कारण फेरी प्रोसेसको निम्ति नेपाल जाने क्रममा अचानक बिरामी परी अस्पताल गई चेक जाँच गर्दा ब्लड क्यान्सर भएको र ईण्डियाको हस्पिटलमा रिफर भई ईण्डिया गई उपचार गर्ने क्रममा निधन भएको जानकारीमा आएको छ ।

त्यसकारण नम्बरी २११६५९२७ Ex-GTR भिमलाल पुन मगरको असामयिक निधनले हामी ईन्टेक १९८३ का सम्पूर्ण परिवारजनहरूलाई बज्रपात तुल्याई भावविव्हल बनाएको छ । वहाँको निधनप्रति हामी अति नै दुखी छौं र वहाँको मृतआत्माप्रति हामी ईन्टेक १९८३ परिवार हार्दिक श्रद्धान्जली चढाउँदै वहाँको मृतआत्माले चिर शान्ति पाउन् र वहाँको शोकाकुल परिवारलाई यस दु:खद् घडिमा शोक सहन सक्ने शक्ति भगवानले प्रदान गरून् भनि प्रार्थना गर्दछौं ।

वहाँ दिवंगत नम्बरी २११६५९२७ भिमलाल पुन मगरज्युको श्रीमतीसहित एक छोरा र दुई बहिनी छोरीको साथमा हुनुहुन्थ्यो र हाल वहाँहरू सपरिवार पोखरा, नेपाल मैं हुनुहुन्छ ।

यस दु:खद् समाचार सबै मान्य नम्बरी परिवारमा पुगोस् ।

ईन्टेक १९८३, एक्ज्युकेटिभ कमिटि

21165969 Til Bahadur Gurung QGE

21166010 Laxmi Limbu 2/7 GR

CONDOLENCE

दिवंगत नम्बरी २११६६०३५ खातिर मनि राईज्युप्रति भावपूर्ण समवेदना

आदर्णिय नम्बरी २११६६०३५ खातिर मनि राईज्युको असामयिक निधनले हामी सम्पूर्ण ईन्टेक १९८३ का नम्बरी र सपरिवारहरू अति मर्माहत र स्तब्ध भएका छौं । नम्बरी खातिर मनि राईज्युको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै, भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं ।

वहाँको शोकसन्तप्त परिवारजनहरू, आफन्तजनहरू, शुभचिन्तक र शुभेच्छुकज्यूहरूमा यस दु:खद् घडिमा धैर्यधारणा गर्न र दु:खदायी कष्टलाई सहन सक्ने शक्ति प्राप्त होस् भनि भगवानसँग प्रार्थना गर्न चाहान्छौं ।

ईन्टेक १९८३ सपरिवार

तथा

ईन्टेक १९८३ एक्जीक्यूटिव कमिटि

21166081 Gaynu Lamam GTR

21166108 Samritman Rai 2/7 GRn

21166116 Rannodip Rai 2/7 GR

हार्दिक श्रद्धाञ्जली

नम्वरी २११६५९६९ तिलबहादुर गुरुङको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

नम्बरी २११६६०१० लक्ष्मी लिम्बुको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

नम्बरी २११६६०८१ ज्ञानु लामाको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

नम्बरी २११६६१०८ समृतमान राईको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

नम्वरी २११६६११६ रनदिप राईको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

नम्बरी २११६६०३५ खातिरमान राईको निधनले १९८३ का नम्बरिहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं ।

यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

केन्द्रीय कार्यसमिति

एवम् सम्पूर्ण १९८३ ईन्टेक

परिवार

हार्दिक श्रद्धाञ्जली

मेरा अभिन्न मित्र तथा अहिलेका प्रखर नाटककार प्रवीण पुमाज्युको नविन नाट्यकृति "स्मृति" पाण्डुलिपी विद्युतिय मेलबाट प्राप्त भयो, यसमाथि केही लेखिदिनुपर्ने जिम्मेवारी सहित बेलायतको मजदुर जीवनको बाध्यता हप्तामा सातै दिन काममा घोटिनु उसको सामान्य दैनिकी वा बाध्यता दुवै हो। यहाँ आ-आफ्नो कला, क्षमता र खुबीअनुशारको मान्छेको वर्ग विभाजन हुन्छ। मजदुर, लेखक, कलाकार, गायक, संगीतकार, खेलाडी र राजनेताहरु सबैका मजदुर हप्ताभरी काम गर्नु उसको पेसा हो। लेखक लेख्नु, अध्ययन र चिन्तन गर्नु उसको पेसा हो, त्यस्तै अन्यको पनि, तर भर्खर स्थानान्तर भएर आएका डायस्पोरिक समुदाय सबै पूर्णकालिन मजदुर वर्गभित्रका हुन्। यसरी पूर्णकालिन मजदुरवर्गभित्र रहेर साहित्य, संगीत र कलाको सृजना गर्नु डायस्पोराका स्रष्टाका लागि ठूलो मानसिक यातनाको बिषय हुन्छ। उ पूर्णकालिन मजदुर भएकाले उसँग अध्ययन, चिन्तन र साधनाका लागि पर्याप्त समय नहुँदाको बाध्यताले उसको सृजनात्मक जुझारुपनको सिङ्ग फुकाली दिएको हुन्छ। मैले सुरुमै आफ्नो बाध्यताको ढाकर यहाँ बिसाएँ।

नाट्यविधा मेरो लेखनको बिषय होइन, तापनि बेलाबेला मित्रहरु अनुरोध आउने गर्दछ। यस बिषयमा गहन अध्ययनविहिन मान्छे म के पो लेखुँला र ! नाट्यविधामा निक्कै अधिदेखि सक्रिय रहेर यसअघि नै थुप्रै नाट्यरचना र कृतिहरु प्रकाशन गरिसक्नु भएका प्रवीण पुमाज्युको नविन नाट्यकृति "स्मृति"को रचना, शिल्प र कला तत्वको बिबेचना, रुपगत, भावगत, भाषागत र विचारगत पक्षहरुलाई पर्गेल्ने र कृतिको बाह्य गोचर जगतबाट उसको अन्तर्यकोअगोचर संसारलाई प्रकाशित गर्न सक्ने खुबी मसँग निश्चय नै छैन। जसको

जिम्मेवारी यसका विज्ञहरुलाई नै थाति राखेर म यहाँ आफ्नो मन्तव्य मात्र राख्ने छु ।

प्राचिन साहित्यको सिद्धान्त वा शास्त्रीय परम्पराको अभिर्भाव प्राचीन ग्रीसेली सभ्यमा भएको मानिन्छ, जसको सर्वप्रथम प्रारम्भ एथेन्समा भएको हो । यद्यपि त्यो सुबद्द ढंगले शास्त्रीय साहित्य चिन्तनको विकास भइसकेको अवस्था थिएन । पाश्चात्य प्राचीन महाकवि होमरले ईशा पूर्व ८००-१००० पूर्व नै "इलियड" र "ओडिसी" महाकाव्य लेखेर असिमित ख्याति कमाएका थिए । त्यसपछि सुनियोजित ढङ्गबाट साहित्य चिन्तन परम्पराको विकाश सर्वप्रथम प्लेटो ई.पू. ४२७-३४७ को "इओन" मा प्राप्त हुन्छ । उनले गणतन्त्रका अध्यायहरुमार्फत् साहित्य चिन्तनका संबादहरुलाई सुबद्द ढंगले अघि बढाए । त्यसपछि उनकै शिष्य अरस्तु ई.पू ३८४-३२२ उनैका शब्द अनुकरणलाई अनुकरण सिद्दान्तमा विस्तारित गर्दै अघि आए । यसरी ईशापूर्व नै आरम्भ भएको पाश्चात्य साहित्य चिन्तन परम्परा ईशाको चौथौं शताब्दीसम्म छिटफुट रहेको पाइन्छ र ईशाको पाँचौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म युरोपको साहित्य तथा कलाका अध्ययन र विवेचनाको अध्याय शुन्य रहेको पाइन्छ । त्यस पश्चात् पन्ध्रौं शताब्दीमा पश्चिमा साहित्य चिन्तन नवयुगसहित उदायो, यसलाई पश्चिमको पूर्नजागरण काल वा पुर्वनवयुग भन्ने प्रचलन छ । आरम्भमा तिनले तिनको धर्म ग्रन्थमाथि व्यापक आक्रमण र बिद्रोह गरे । यसले सत्रौं आट्ठारौं शताब्दीतिर विस्तारै पोपहरु पनि उद्दार हुँदै गए र अभिजात्यबाद जन्म हुन गयो । त्यसपछि कलारिज सन् १७७२-१८३४ ले कल्पनाको सिद्दान्त प्रतिपादन गरे र अठारौं र उन्नाईशौं शताब्दी पश्चिमा साहित्य र कलामा चिन्तन र सिद्दान्तको विकासको उर्वरकाल रहयो । त्यही समयदेखि पश्चिमा साहित्य चिन्तनको प्रत्यक्ष-परोक्ष प्रभाव पूर्वीय साहित्यमा पर्दै आयो र पूर्वलाई निरन्तर पश्चिमा चिन्तनले अदृश्य-अगोचर शासन गर्दै आइरहेको अवस्थामा पूर्वले आफ्नो मौलिक ज्ञानमा गौरव गर्ने शास्त्र भरतमुनि (आचार्य) द्वारा प्रणयन गरिएको नाट्यशास्त्र नै हो ।

पूर्वीय चिन्तन परम्परामा मानव कल्याण र जगतको हितको हेतु ब्रहमले पाँचौं बेदका रुपमा नाट्य विधाको सृजना गरेका हुन् भनिन्छ । यसको शास्त्र र रसबादको प्रणयन र निरुपण चाही ईशा.पू. प्रथम शताब्दीतिर नै भरतमुनिले गरेका थिए । त्यस्तै आनन्दबर्द्वनको - ध्वनिबाद-भामहको - अलंकारबाद-वामनको - रितिबाद-कुन्तकको - वक्रोक्तिबाद-र मेक्षेन्द्रको - औचित्यबादँहरु हुन् । भरतको रसबादलाई बिस्तार गर्नमा आनन्दबर्द्वन, अभिनबगुप्ता, भट्टलोल्लट, शंकुक, भट्टनायक, मम्मट र विश्वनाथजस्ता विद्वानहरु आए । ध्वनिबादलाई विस्तार गर्न अभिनव गुप्ता, मम्मट र विश्वनाथ आए । अलंकारवादमा दण्डी, उदभट, रुद्रट, जयदेव, भोजराज र वामन आए ।

पश्चिमको पाँचौं शताब्दीदेखि पन्ध्रौं शताब्दीबिचको शुन्यतामा पूर्वले निरन्तर चिन्तन गरिरहेका तथ्यहरु प्राप्त छन् । भरतकाल अर्थात् ई.पू. प्रथम शताब्दीदेखि सन् सत्रौं शताब्दीसम्ममा रसबादलाई अविजय सम्मान प्राप्त भयो । अलंकारवाद- छैटौं ईशा शताब्दीदेखि आठौं ईशा शताब्दीसम्म, रितिबाद छैटौं ईस्वी शताब्दीदेखि सत्रौं ईस्वी शताब्दीसम्म विस्तृत

भएको पाइन्छ । यही समयावधिभित्र ध्वनिवाद, बक्रोक्तिबाद र औचित्यबाद स्थापित भएको मानिन्छ । यद्यपि यी सबै पूर्वीय चिन्तनहरु छुट्टै वादका रुपमा नभएर आफ्ना मौलिकतासहित एक-अर्काका विस्तृतरुप वा पुरक बन्न सफल भएका छन् र नाट्यशास्त्रलाई विशिष्ठ स्थानमा पुऱ्याएर प्रतिष्ठित तुल्याएका छन् । पूर्वीय चिन्तन परम्परामा नाट्यशास्त्रको प्रणयन र रसबादको निरुपण भारतमुनि हुँदै थुप्रै विद्वान्हरुको गहन अध्ययन र विषद व्याख्याद्वारा गरिएको छ । यो कुनै एकजना मात्र विद्वान् वा दार्शनिकद्वारा कनिकुथी लेखिएको दर्शन होइन । पूर्वीय चिन्तनमा रसबाद भारत हुँदै लामो समय व्यतित भएर धेरै विद्वान्हरुको विद्वताको योगले निर्माण भएको थियो । आरम्भमा भारतले नाट्य विधामा आठ रसको विधान निर्माण गरेका थिए (श्रृंगार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स र अद्भूत, अनि पछि मात्र शान्त रसलाई रस सूचीमा थपिएको थियो । त्यसलाई रसबादीका विद्वान्हरुले अन्य रसको पनि आविष्कार गर्दै लगेर (बत्सल, सम्भोग, विप्रलाम्भ र ब्रहमगरि चार रसलाई थपेर रसको संख्यालाई १३ पुर्याएका थिए । आज रसको स्थायी विधानको संख्या नौं रहेको छ (जसलाई नवरस भनिन्छ । नाट्यविधामा नटलाई नवरसको विधानको ज्ञान अपरिहार्य मानिन्छ, जस्तो प्राणी जीवित हुनका लागि स्वास-प्रश्वास प्रणालीको महत्वपूर्ण आवश्यकता रहन्छ । तसर्थ रस नाट्यविधाको प्राण हो । रस विधानको ज्ञान विहिन नटको अभिनय मुर्दाको कलाकारिता हुन्छ ।

पूर्वीय चिन्तनमा नाट्यविधालाई ब्रहमको पाँचौं बेद मानिएको छ र रसलाई ब्रहम भनिएको छ । रसबादको दार्शनिक आधारमा भनिएको छ - "रसको हेतु आनन्द हो र आनन्द ब्रहम हो । प्राणीको जन्म आनन्दबाट हुन्छ । आनन्दले प्राणीहरु जीवित रहन्छन् र जीवनबाट मुक्ति लिएपछि पनि आनन्दमै सम्मिलित हुन्छन् भनेर रसलाई ब्रहम भनिएको छ ।

यसरी पूर्वीय चिन्तन परम्परामा नाट्यविधा र रसलाई ब्रहमको रुपसम्म पुर्याएर निरुपण गरिएको नाट्यविधामा नपाली भाषाले पनि काम गरिरहेको छ । कारण नेपाली भाषा निक्कै कान्छो र कलिलो भाषा हो । भाषाको जेष्ठता, परिपक्वता, पूर्णता र बैभबताद्वारा वाङ्मयको सिर्जना र सृबिद्दी हुने हो । यही कलिलो भाषामा पूर्वीय शास्त्रको जेष्ठविधा नाट्यविधामा सर्वप्रथम नाट्य सम्राट बालकृष्ण समले काम गरे । पछिल्लो समय नाट्यविधाका कलाकार उत्साहजनक रुपमा आए, तर यस शास्त्रका विद्वान् वा विज्ञहरु ज्यादै थोरै मात्रामा जन्मिए । पूर्वीय शास्त्रमा जेष्ठ विधा भएर पनि नेपाली वाङ्मयमा अत्यन्त कम सिर्जना गरिने विधा हो - नाटक कारण नाट्यविधा अत्यन्त गहन र गम्भीर बिषय भएकोले यस विधामा थोरै स्रष्टा वा कलाकार मात्र सफल हुने गर्दछन् । यस्तो जोखिमपूर्ण विधामा निक्कै लामो समयदेखि नाटककार प्रवीण पुमा दत्तचित्त र एकाग्रता साथ लागीपरेका छन् । म उनको यो जोखिमपूर्ण विधायात्राको प्रशंसा गर्दछु ।

पछिल्लो समयको प्रखर नाट्यकार प्रवीण पुमाको नविनतम नाट्यकृति हो - स्मृति नेपाली राजनीतिको परिवर्तनको पछिल्लो चरणमा आदिवासी जनजातीमा साँस्कृतिक चेतनाको जागरण अत्यन्त प्रखर रुपमा अगाडि आइरहेको छ । यसलाई साँस्कृतिक अन्तरचेतना

जागरणको मानसिक क्रान्तिकालकै रुपमा पनि लिन सकिन्छ, कारण भौतिक क्रान्ति यही मानसिक क्रान्तिबाट माथि उठेको अवस्थामा सम्पन्न हुन्छ। प्रवीणका अधिकांश नाटकहरुमा आदिवासी जनजातीको साँस्कृतिक चेतनाको जागरणलाई मुखरित हुँदै आएका छन्, जसले तिनको साँस्कृतिक अन्तरचेतना जागरणको मानसिक क्रान्तिको प्रतिनिधित्व गरिरहेको पाइन्छ। उनले आदिवासी जनजाती, विशेष गरीकन राई जातीको भाषा, सँस्कृति, संस्कार, चाडपर्व, जन्मदेखि मृत्युसम्मको बिधि-बिधान, आदि कथा, लोककथा र मिथकलाई केन्द्रीय बिषय बनाएर नाट्यविधाको रचना बिधान बनाएका छन्। नेपाली वाङ्मयको अनेकता, बिबिधता, बहुलता र बैभवताका निम्ति उनको कार्य सह्राना हुनपर्दथ्यो। नेपाली नाट्यविधामा पुमको प्रयत्न नेपाली वाङ्मयको अनेकता, बिबिधता, बहुलता र बैभबताको हेतु हो भनेर बुझिन पर्दथ्यो। उनको यो कार्यप्रति नेपाली वाङ्मय समाजको शुन्यता वा मौनता नेपाली पुरातन चिन्तन बदलिएको छैन, त्यो अझैं संकीर्ण छ। उसको विवेक अझैं फराकिलो भइसकेको छैन र चित्त उद्दार भइसकेको छैन भन्ने प्रमाण हो। नेपाली पुरातन चिन्तनमा प्रवीणको नाट्य सिर्जना बिषय क्षेत्र दोस्रो दर्जाको हो। यसपटक झन् उनले तेस्रो दर्जाको नगरीक समाज र चरित्रलाई नाट्य लेखनको बिषय बनाएका छन् - त्यो हो लाहुरे समाज र त्यसको प्रतिनिधि पात्र स्मृति। यस नाट्यकृतिको पनि नेपाली वाङ्मयमा के हबिगत हुने हो, यहीबाट आंकलन गर्न सकिन्छ।

हिजोसम्म नेपाली मानसमा लाहुरे तेस्रो दर्जाको नागरिक थियो। आज गणतन्त्र वा अझैं लोकतन्त्रको संविधानले पुरानो देशको नयाँ अनागरिक घोषणा गरेका जाती, जसले आफ्नो रगत पसिना बेचेर भात खुवायो देखालाई। जसले जीवन बलिदान गरेर विश्वमा गर्विलो इतिहास दियो देशलाई। उसकै देशको लोकतान्त्रिक संविधानले अनागरिक बनायो उसलाई। आफ्नै बच्चा निल्न सक्ने सर्पभन्दा बिषालु र जंगली हुँडार भन्दा कम हिंस्रक छैन लाहुरेको देश। हिजो उनीहरुले नै लाहुरेलाई बुद्धु र बहादुर बनाए। अब अनागरिक बनाएर भगुवा र पलायनबादी बनाइनेमा कुनै शंका रहेन, त्यसैको प्रतिनिधि पात्र हुन् - स्मृति। लाहुरे समाज, परम्परा र संस्कृति नेपाली भाषा र वाङ्मयकै समकालीन भएको तथ्य प्राप्त छ, तर नेपाली साहित्यमा लाहुरे समाज, परम्परा र संस्कृतिको लेखन शुन्य रहेको अवस्था छ। जे-जति लेखिए तिनलाई अत्यन्त नकारात्मक पक्षबाट दुई ढंगले प्रस्तुत गरिएका छन्। पहिलो प्रस्तुति - लाहुरे दया मायाविहिन, हृदय भावनाहिन, रुखो स्वभाव, निर्दयी र हिंस्रक चरित्र चित्रण। दोस्रो - अशिक्षित, पटमुर्ख, बुद्दि विवेकहीन, निरीह दयाका पात्र। यो लाहुरेलाई हेर्ने नेपाली मानस दृष्टि वा मनोविज्ञानको पहिलो जग हो। जग नै गलत भइसकेपछि घरको गारो, भ्याल, धोका, घरको आकार, प्रकार वा डिजाइन र सौन्दर्य नै कुरुप हुन स्वाभाविक नै हुन्छ। अरु छाडीकन लाहुरे परिवारका सदस्य, छिमेकी र नाता-गोता नै जो लाहुरेप्रति सद्भाव र सदाशयता राख्छन् उनीहरुबाट पनि लाहुरे जीवन लेखिदा लाहुरेको सुन्दरपक्ष छेलिनु र कुरुपपक्ष नै प्रकाशित हुनु भनेको नेपाली मानस दृष्टि वा मनोविज्ञानको पहिलो जग

नै कुरुप हुनुले हो । यो थाहै नहुने गल्ति नेपाली साहित्यमा जबजब लाहुरे जीवन लेखिन्छ, तबतब दोहोरिने गर्दछ । यो गल्ति नेपालका ठूला प्रतिष्ठित र विद्वान लेखकहरुद्वारा पनि दोहोरिने गरेको छ। यसो हुनमा द्रष्ट-स्रष्टा हुनु र भोक्ता स्रष्टा नहुनुको कमजोरीले पनि हो। अब नेपाली मानस वा मनोविज्ञानको कुरुप जग बदल्न भोक्ता स्वयम् पनि स्रष्टा हुनुपर्छ भन्ने आग्रहसहित सैन्य तथा युद्द साहित्य सिद्दान्तको आह्वान गरिएको छ।

यसपटक पुमाको नाट्यकृति स्मृतिमा पनि झन्डै-झन्डै त्यही दोष दोहोरिन बल गरेको हो कि भन्ने भान गराएको छ। यद्यपि यो दोष प्रवीणको एकल होइन र हो भने नेपाली मानसको कुरुप मनोविज्ञानको प्रभावको प्रतिफल हो । उनी स्वयम् पनि लाहुरे परिवार वा समाजभित्रकै पर्ने सदस्य या निकट छिमेकीको रुपमा रहेका व्यक्ति हुन्। उनको नाटकको ध्येय पनि लाहुरे समाज वा जीवनप्रति सदभाव र सदाशयता राख्दै लाहुरे पलायनले हुने राष्ट्रिय क्षतिको आंकलनलाई प्रकाश पार्नु हो । तर पनि नाट्य सृजनाको रचना विधान, कथ्य वा घटनामा लाहुरे प्रतिनिधि पात्र 'स्मृति' को चरित्र प्रत्यारोपण गरिँदा पुरानै कुरुप मनोविज्ञानको नयाँ संस्करण आएको हो कि भन्ने भान गराएको छ । तथापि यो मनोविज्ञानको निरन्तर संस्करण प्रवीण एकलको तत्काल आविष्कार होइन । कारण लाहुरे पलायन हुँदा नागरिक सँगसँगै उसको भाषा, संस्कृति, धर्म र पुँजी पनि पलायन हुँदा हुने राष्ट्रिय क्षतिको बारे राज्यलाई सचेत गराउनु स्मृति नाटकको ध्येय हो । नाटकको ध्येय सुन्दर हुँदाहुँदै पनि लाहुरे भनेको देशको नागरिक हो र नागरिक भनेको देशको शक्ति, पुँजी राष्ट्रको सम्पति र भाषा, संस्कृति, संस्कार र धर्म राष्ट्रिय निधि हो जसको पलायनले राष्ट्र खोक्रो हुन्छ भन्ने प्रेक्षकप्रति सन्देस प्रवाह गर्न सकिने नाटकको सवाल पक्ष छेलिएको छ र स्मृति पात्रको विदेश पलायनको पक्ष मात्र प्रकाशमा आएको छ । यसले के सिद्द गरेको छ भने लाहुरे पलायनको पुरानो मानसिकताले निर्मित मनोविज्ञानको प्रभावको प्रतिफलको पूनः संस्करण हो।

स्मृति - आठ दृश्यांकमा तयार पारिएको लघु एकाङ्की नाटक हो। लघु दृश्यांकभित्र नाटकको कथालाई पूर्णता दिन घटनालाई तीब्रताका साथ अगाडि बढाएर अन्त्यसम्म पुर्याइएको छ। समयको बचतका लागि छोटो दृश्यांकभित्र सम्पूर्ण कथा पाठक वा भावकलाई प्रक्षेपण गर्ने हेतुले यसो गरिएको भान हुन्छ । नाटकको पहिलो दृश्यांकमा नाट्यकारले नायक र नायिका थुम्रोहोंग र स्मृतिको नाटकीय ढङ्गबाट संयोग गराएका छन्। ती नाटकीय भंगीमा प्रेमालाप गर्छन्, प्रेमक्रिडा गर्छन् र सुन्दर भविष्यका कल्पना गर्दछन । उनीहरुको प्रेमक्रिडा गराइने स्थल वा प्रेम भूमि पनि स्वच्छ र पवित्र देवभूमि झैं प्रतीत हुन्छ।

दोस्रो दृश्यांकमा - दुवै पात्र स्मृति र थुम्राहोङ्गलाई त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थानद्वारमा देखाइएको छ। बेलायती आइ.एल.आर. पाएको स्मृति बेलायत उड्नका लागि तयार हुन्छ। थुम्राहोङ्ग आफ्नी प्रेमिकालाई विक्षिप्त हृदयले विदाइ गर्न तयार हुन्छ। ती प्रेम वियोगले विक्षिप्त हृदय लिएर विदा हुन्छन् र स्मृति बेलायत उड्छे र थुम्राहोङ्ग घर फर्किन्छ।

तेस्रो दृश्यांकमा - चाम्लोङ्गमाको प्रवेश हुन्छ। चाम्लोङ्गमा थुम्राहोङ्गलाई एकपक्ष प्रेम गर्छे। थुम्राहोङ्ग स्मृतिलाई माया गर्छ, तर स्मृति ? (अन्तिम दृश्यमा स्मृति अर्कैकी हुन्छे लाई जोड्दा) यसरी ती तीन पात्रको त्रिकोणात्मक प्रेमको प्रदर्शनलाई नाटकमा प्रस्तुत गरिएको छ।

चौथो दृश्यांकदेखि सातौँ दृश्यांकसम्म स्मृतिबाट छुट्टिएको एक्लोपनमा थुम्राहोङ्गको मानसिक बिक्षेप वा अर्ध-पागलपनलाई प्रस्तुत गरिएको छ। र अन्तिम आठौँ दृश्यांकमा विवाह मण्डपमा स्मृतिको प्रवेश गराइएको छ अर्थात् बेलायतबाट नेपाल अवतरण गराइएको छ। थुम्राहोङ्गलाई प्रेम गर्ने स्मृति बेलायत पुगेर आजको अत्याधुनिक युगको विज्ञान र प्रविधिले सुगम र सुलभ बनाइदिएको सूचना (संचार र साइवर सुविधाको सदुपयोग नगरिकन आफ्नो प्रेमीबाट सम्पर्कबिहिन हुन पुगेकि स्मृतिको अर्कै रुपलाई प्रस्तुत गरिएको छ। त्यो दृश्यमा उनको अर्को पुरुष केसाङ्गसँग विधिवत विवाहको कर्मकाण्डको अन्तिम क्षणलाई देखाइएको छ र त्यहाँ स्मृतिको प्रेम विछोडले विक्षिप्त थुम्राहोङ्गको प्रवेश गराइएको छ र नाटकको अन्त गरिएको छ।

स्मृति - नाटक वियोगात्मक भावना प्रधान एकाङ्गी नाटक हो। वियोगी पात्र थुम्राहोङ्गको मानसिक बिक्षेपले भावक र पाठकलाई भावुक बनाउँछ। यो विचारको रुढताले दिमाग खट्टो बनाउने भन्दा भावनाले हृदय स्पर्श गर्ने नाटक बनेको छ।

नाटकको कथा नाटकको संवादको माध्यमबाट अगाडि बढ्दै जाने र पूर्ण हुने बिषय हो। यसर्थ नाटकको संवादको बान्की सटिक, सुन्दर, कलात्मक र प्रभावी हुन आवश्यक हुन्छ। यस नाटकको संवादको बान्की सटिक र मर्मस्पर्शी छन्। कतै पनि झर्को लाग्दा लम्बेतान संवादहरु छैन। तसर्थ यो नाटक पाठकका लागि भन्दा पनि प्रेक्षकका लागि प्रक्षेपण हेतु निर्माण गरिएको हो।

यो भावनात्मक संवेगले निर्माण भएको नाटक आफैँमा सुन्दर भएता पनि थोरै खोट र त्रुटीहरु साथमा लिएर आएको छ। यस नाटकको कथाको बहुपक्षियता या आमयलाई ध्यान नदिईकन एक पक्षियतातर्फ मात्र मन पुग्नु सानो खोट रह्यो। त्यो पहिलो खोट- स्रष्टाको भन्दा पनि यो नाटक लेखनको समय या परिस्थितिको हो भन्दा राम्रो होला। यहाँ लाहुरे जीवनको बहुपक्ष अन्धकारमा परेर एकपक्ष मात्र प्रकाशमा आएको छ। यसो हुनको पहिलो कमजोरीको कारण लेखक द्रष्टा मात्र हुनु, तर भोक्ता नहुनु हो। कारण भोक्ताले जीवन बहुपक्षबाट भोग्छ र उसको लागि त्यो अनुभव प्रत्यक्ष हुन्छ, तर द्रष्टाका लागि त्यो अनुभूति एकपक्ष र परोक्ष हुन पुग्दछ। यहाँ भएको पहिलो कमजोरी यही नै हो। नाटकमा प्रेक्षकलाई संदेश प्रक्षेपण गरिदा लेखक नाटक लेखनको हेतु पूरा गर्न स्मृतिले सवल पात्राको रुपमा आउन बन्चित हुनपर्यो। नाटकको तानाबानालाई लेखकले अर्कै तरिकाले बुनेर प्रेक्षकलाई संदेश प्रक्षेपण गर्ने जुक्ति अपनाउनु पर्दा "स्मृति" खलपात्रको रुपमा रुपान्तरित हुन पुगिन र फेरि पनि लाहुरे-जसको लागि यो नाटक लेखियो। पलायन, कमजोर र नकारात्मक पात्रकै रुप प्रस्तुत

हुन पुग्यो। यदि यस नाटकको स्रष्टा स्वयम् भोक्ता हुने थियो भने "स्मृति" सवाल र सुपात्राको रुपमा प्रस्तुत हुन पाउथिन्। आफ्नी प्रेमीलाई नेपालमा छाडेर आएकी स्मृतिको जीवनको भोगाइको बहुपक्षको उसलाई ज्ञान हुने थियो। यदि यस नाटकको स्रष्टा भोक्ता भइदिएको भए बेलायतमा आप्रबासीहरुका संख्या दिनानुदिन बढेपछि बेलायतले लगातार आश्रित भिसामा कडाइ गर्दै लगेर हरेक महिना नियम र कानुनको अग्ला-अग्ला पर्खालहरु खडा गर्दै लागेको र विभिन्न व्यवधान र अड्चनहरु थप्दै लगेर ती दुई प्रेमी प्रेमिकाको भावनात्मक विच्छेद गराइएको दृश्य निर्माण गरेर "स्मृति" लाई सबल र सुपात्राको रुपमा स्थापित गराउन सकिने स्थान हुने थियो र त्यही वास्तविकता हो। तर यहाँ स्रष्टा भोक्ता नहुनाको कारण त्यसो भएन।

दोस्रो सानो खोट हो - अवास्ताविकता र अस्वाभाविकतामाथि वेवास्ता गर्नु। नवचेतनाग्रह - सृजना स्रष्टाको कलात्मक प्रत्यायीकर हो भन्दछ, अर्थात् स्रष्टाको काल्पनिकताको अवास्तविकता, अस्वाभाविकता र अव्यवहारिकतालाई भाषाको खेलले कलात्मक प्रत्यायीकरण गरिनु हो। यहाँ लेखको काल्पनिकताको अस्वाभाविकता र अव्यहारिकता नाटकको घटना क्रममा अलिअलि खड्किन्छ। पहिलो दृश्यमै स्मृतिको प्रेमक्रिडा र भावभंगी, मन्दिरमा भगवान्लाई साँक्षी राखेर गरिने गोप्य विवाह जसलाई गन्दर्भ विवाह भनिन्छ, त्यसलाई सार्वजनिकरण गरिनु र घर-परिवारमा त्यसलाई सरलीकरण र व्यवहारिक कारण गरिनु खोजु, नाटक विधामा विधावारिधि प्राप्त शिक्षित र बौद्विक पात्र थुम्राहोङ्गलाई स्मृतिको प्रेममा विक्षिप्त देखाइनु, थुम्राहोङ्गलाई प्रेम गर्ने स्मृतिको प्रेममा विनाकारण नाटकीय परिवर्तन हुनु, किरात राई संस्कृतिमा बैबाहिक कर्मकाण्डमा ईशाई धर्मको गिर्जाघरमा सम्पन्न गरिने बैबाहिक कर्मकाण्डलाई गडएञ्जल प्रेमवादीले गर्दै आएको अनुकरणलाई स्मृति र केसाङ्गको विवाहको कर्मकाण्डमा देखाइनुजस्ता लेखकका काल्पनिकताका केही अस्वभाविकतालाई सृजनात्मक प्रत्यायीकरण नगरिँदा नाटकका घटना क्रमका स्वभाविकतामा थोरै अर्घेला, चोसो-मोसो र खोडेपनहरु देखा पर्दछन्। अन्यथा यो नाटक सुन्दर र नेपाली नाटकमा मौलिक रुप रङ्गले परिस्कृत उत्कृष्ठ बन्न सफल भएको छ।

स्मृति - नाटकको कृतिको आयमिकता र बहुल पक्षकाबारे बिमर्श गर्न सकिने प्रशस्त ठाउँहरु छन्। विशेष गरिकन आदीवासी किरात सौन्दर्यशास्त्रसँग निकटता राख्दछ। किरात मुन्धुम, संस्कृति, मिथक र लोककथाका पात्रहरुबाट ल्याइएका पात्रहरुको प्रयोग भौगोलिकता र प्राकृतिक छटाहरुलाई पृष्ठभूमिमा देखाइएका छन्। लाहुरे जीवन दर्शनबाट पनि प्रभावित छ। मुलतः यो लाहुरे जीवनलाई हेर्ने मुलधारको दृष्टान्तको पहिलो आँखाको रुपमा आएको छ। लाहुरे जीवनमाथि द्रष्टाका तर्फबाट लेखिएको पहिलो कृति हो। यस नाटकमा लाहुरे जीवनको सकारात्मक पक्ष प्रकाशमा आउन नसके पनि द्रष्टाका तर्फबाट लाहुरे जीवनमाथि लेख्ने पहिलो प्रयत्नको सह्राना गर्नुपर्दछ। प्रवीणको यो प्रयत्नको म प्रसंशा गर्दछु। बेलायत, वेल्सबाट, १९ जुन २०१६।

१९८३ ईन्टेकको ३५ वर्षको सकारत्मक प्रयास

सर्वराज राई (६०६७)

यो समाजमा विभिन्न प्रकारले अनी आफ्नै रितिरिवाजअनुसार मानिसले जन्मलिएको हुन्छ, जीवनलाई वर्षले होइन कर्मले नाप्नुपर्छ, हाम्रो सामु प्रत्येक दिनसँगै बिहान अनी बेलुका आउँछ, हप्तामा दिनहरु हुँदै महिना आउँछ, र ३६५ दिन अथवा १२ महिनापछी अर्को बर्ष आउँछ । यो सबैलाई एकमुष्ठमा समय अथवा समयचक्र भनिन्छ । यो समयलाई हामी अनुकुलमा राख्न सक्दैनौ बरु त्यो अमूल्य समयसँग हामीपछी लाग्छौं । तर जन्मेको समय र उमेर सम्झनामा मात्र सिमित हुन्छ, कहिलेपनी जिन्दगीमा फर्केर आउँदैन । हुनको लागि त सुखको दिनमा जति लामो समय भएपनी छिनभर जस्तो लाग्छ, र दुखमा कम्ती समय पनि बिताउनु वर्षौजस्तो सम्झिनुपर्छ । तर सुखको होस् या दुखको होस्, समय सेकेण्ड, मिनेटबाट घण्टा हुँदै, आफ्नै गतिमा बहिरहेको हुन्छ । त्यही समयको नियमलाई पछ्याउँदै, बिग्रेड अफ गोरखाजको निती नियमलाई सहर्ष पालाना गर्दै १९८३ सालमा विभिन्न संघर्ष गरेर लर्के नेपाली युवाहरु भर्ती भएको पनि कसैले थाहा नपाई आज ३५ वर्ष पुरा भएर ३६ वर्ष लागेको छ । यो २१ औ शताब्दिमा बिग्रेड अफ गोरखाज १९८३ ईन्टेक भनेर नसुन्ने र नचिन्ने सायद् बिरलै होला भन्नु कुनै शब्द खेरनजाला, किनकी यस ईन्टेकले सकारात्मक विचार लिएर समाजमा धेरै उदाहरणिय कामहरु गरिसकेको छ ।

नम्बरी एउटा ईन्टेकको चिनारी हो, यस्ले ब्रिगेड अफ गोर्खाज १९८३ ईन्टेकको प्रतिनिधित्व गरेको हुन्छ । व्यक्तिगतरुपमा आवश्यक पर्ने कुराहरुलाई अथवा सामाजिक हकहितको लागि एक्यबद्धता रहन र संगठनको अती आवश्यक छ । तर यो १९८३ ईन्टेकको संगठन राजनीति गर्ने ठाउँ चाँही पट्टक्कै होईन, राजनीति गर्ने शैलीभन्दा माथि उठेर विशुद्ध सामाजिक संस्थामा आबद्ध रहेका यस ८३ ईन्टेक र तिनले सञ्चालन गर्ने हरेक सामाजिक गतिविधिहरु प्रभावकारी र समाजदारिक रुपमा अघि बढेको छ । जसले गर्दा सबै नम्बरिहरुलाई एउटै छातामुनी आबद्ध गराई संस्थागत रुपमा अगाडि बढ्न र बढाउन ठुलो सहयोग भएको छ ।

मुटुभन्दा प्यारो १९८३ ईन्टेकको माया जहा रहे पनी, जे गरे पनि बिदेशमा झन्

धेरै याद आउँदो रहेछ । आजभन्दा ३५ वर्ष अगाडि नम्बरी लर्केजवानहरुसँगै ट्रेनिडेपोट हडकडमा लेपराईतलेप भन्दै हरियो ड्ण्डा काधमा बोकेर कवाज खेलेको, बियफटी डौदिदा टुप्पिबाट सास गएजस्तो भएको, कहिले नम्बरीहरुसँग ख्यालथत्ता गरेको मधुर सम्झनाले हामी नम्बरिहरुलाई सम्बेदनशिल तुल्याउँदो रहेछ । यिनै तिनै कुराहरुले हाम्रो हृदयलाई घच्घचाएको छ, यस्तै १९८३ ईन्टेक नम्बरिहरुको चाहना र प्रयासलाई अझ व्यापकता र प्रभावकारी बन्नु सकोस् भन्ने हामी सबैको आकांक्षा हो । विगतको दिनमा केही सकृया र चेतनशिल व्यक्तिहरुको विचार, सोच, माया, योगदान, लगनशिलता, प्रयास र सहयोगबाट १९८३ ईन्टेकले सजिलैसँग लामो फड्को मार्नु सफल भएको छ । जस्को लागी हामी अन्तर हृदयदेखि नै उहाँहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं । त्यस्तै अरु विभिन्न निकायहरुबाट आवश्यक र महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने महानुभावहरुप्रति हामी कृत्य-कृत्य छौं ।

१९८३ सालमा भर्तीभएर बिग्रेड अफ गोरखाजबाटसँगै आर्मी नम्बर प्राप्त गरेको व्यक्ति जुनसुकै देशमा बसोबास गरे तापनि नम्बरि नै हो । उसको मनमा नम्बरिको भावना झल्किनु पर्छ, कुनै नम्बरिलाई भएको दुख, पिडा उसलाई पनि दुखेको महसुस हुनुपर्छ । त्यही भावनालाई आत्मा महसुस गर्दै, आफ्नो नम्बरी पहिचान र सम्पदाहरुलाई विकास एवम् सम्बोधन गर्न र गराउन अती आवश्यक भएकोले यो ईन्टेकलाई संस्थागत रुपमा स्थापित गरिएको हो । यस गरिमामय ईन्टेकको स्थापनाकालदेखी नै विभिन्न प्रकारको रचनात्मक र सकारात्मक काम कार्यहरु सम्पन्न गर्दै यहाँसम्म आईपुगेको छ । यस ईन्टेकले सोचेको र प्रयास गरेको तिनै स्रष्टाहरुलाई मान-सम्मान प्रदान गर्न अझ सुसंस्कृत बन्न जस्बाट ईन्टेकले अझ व्यापकता पाउन सकोस् भन्ने हामी सबैको चाहना हो । जुन कुराले समाजमा रहेका अरु अन्य सामाजिक संघसंस्थाहरुको आत्माविश्वास र मनोबल बढोस्, ८३ ईन्टेकले समाजमा भएका विभिन्न समस्याहरुलाई रुपान्तार गरी प्रस्तुत गर्नु नै सबै नेपाली समुदायको हितको निमित्त गरेको उदाहरण हुन् । यस अती उत्तम कार्यशैलीलाई हामी सबै मिलेर स्वच्छ भावनाले समाजलाई जागरित गर्नु र गराउनु मानवताको दाहित्व हो ।

यस ईन्टेकको संयम एकताको दाहित्व र चेतनशिल लहर सँगसँगै मानव जातिको विकासक्रम, प्रगति, सुयात्रा र चेतनामुलुक सकृयाको यात्रा हो । १९८३ ईन्टेकले आफ्नो समाजलाई, समुदायलाई मात्र होइन, मानवताको हैसियतले समाजमा भएका अरु अन्ने जनविश्वासिलो कामहरु पनि गर्दै आएको छ । यस हाम्रो समाजमा हजारौं-हजार स्वाभिमान लाहुरेहरुको मन जित्न सक्ने एउटा पृथक पहिचान बोकेको साझा नाम हो इन्टेक १९८३ । आजदेखी इन्टेक १९८३ ले अपार सफलताको साथ ३५ औ वर्ष पुरा गरी ३६ औ वर्षमा प्रबेश गरेको शुभअवसरमा सर्बप्रथम हार्दिक बधाई ज्ञापन गर्दै सफलताको कामना पस्कनु चाहन्छौं । समाजकै जल्दाबल्दा बिषयहरुलाई लिएर उदाहरणिय कामहरु गरी, सबै वर्गलाई सुसचेत गराउने कार्यमा इन्टेक ८३ ले निरन्तरता दिएको हामीले महसुस गरेको छौं । यस शुभघडिलाई लिएर आगामी दिनमा अझै बढी समाजको मन जित्ने पृथक पहिचान सफलताको शिखर चुम्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

नारदमनि गुरुङ (६०४८)

जहाँ हामी जसरी जन्मे हुर्के पनि हाम्रो आमा बुबा, परिवारहरुले निश्चित अवधीसम्म दोऱ्याउँदै सांसारिक चहल पहलसँग व्यवहार र शिक्षाको माध्यमबाट यो संसारलाई परिचय गराउँदै हाम्रो जवानी अवस्थाहरु उकालो चढ्दै गर्दा हामीमा पनि नयाँ सोंच खोज अवसरहरुको चाहनाले हामीलाई पनि कायममा राख्न सकेन यसै क्रममा हामीमा पनि त्यो अवस्थाले समात्यो चाहे हाम्रो घरको जीवन धान्ने अवस्था सक्ने होस् वा नसक्ने होस्। जे भए पनि हाम्रो जवानीको चढ्दो उमेरहरुले विभिन्न अवसरहर खोज्ने क्रममा हामी पनि हाम्रो परिवार र आफ्नो जीवन यापन सुलभ बनाउने सपनाका आशा बुन्दै अघि बढ्दै गर्ने क्रममा थुप्रै सपनाहरु देख्दै गर्दा एउटा सपनाको बाटो हामी सबैमा आफ्नो area को गल्लावालबाट अगाडि बढ्यो साथै आ-आफ्नो area को गल्लावाल र A.R.O. हरुसँग जवानी छात्तिहरु नपाउँदै धरान पोखरामा D.R.O. को छनौटमा शारीरिक बनावट र व्यायामको कौसलताको प्रदर्शन, शैक्षिक योग्यताको परिक्षण दिँदै थुप्रै हाम्रो साथीहरुको माझ होड्बाजिहरु गर्दै जो जती हामी British Army / Singapore Police Force मा Feb १९८३ सालमा १९८३ सालको Tage भिर्दै हामी यो समयभन्दा पहिले हाम्रो प्यारो आमाहरुबाट को पहिलेको पछि जन्मे तपानि हाम्रो कर्मको जन्म Feb १९८३ सालमा सामुहिक रुपले जन्मे जस्तै एउटै उद्देश्य एउटै कर्म बोकी Hongkong, Singapore बा बाँडिन्दै कर्मको जन्ममा परिणत हुँदै, हामी, हाम्रो परिवारको सपनालाई साकार पार्न र कर्मभूमिमा आर्जेको सम्पत्ति र शिपलाई कुनै दिन जन्मभूमिमा लगानी गर्ने सपनाका महलहरु बुन्दै, देश समाज परिवार साथी भाईसँगको बिछोडमा पिडाले हामीलाई नपिरोलेको होइन तर बाध्यता थियो हामीलाई एउटा कर्मको बाटो रोज्नु नै पर्ने त्यसैले जानेर पनि नजानेर पनि हामी, हाम्रो कर्मभुमी तिर लाग्यौं।

जो जती साथीहरु सिङ्गापुरको कर्मभूमिमा लागे व्यथा र व्यवस्थाहरु उस्तै नै थियो होला र हामी जे जती साथीहरु British Army को गोर्खा पल्टनमा Joing हुनका निम्ति Training Depot HongKong तिर हामी सबै काठमाण्डौ हुँदै HongKong टेक्यौं र हामी सबैको कथा उस्तै थियो। समस्या सबैको नौलो ठाउँ फेरी नयाँ कर्मको सुरुवात आमाको कोखबाट जन्मेपछि आमाबुबा घर परिवारबाट रेखदेखमा संसार र समाज परिवारहरुको रहनसहन व्यवहार सिके। जस्तै हाम्रो पनि नौलो कर्मको नौलो अभ्यासहरु सिक्नको निम्ती दक्ष प्राप्त गुरुजनहरुबाट सेनामा गर्नुपर्ने हरेक अभ्यासहरुको क्रममा बिहान-बेलुकी मुख धुने र

नुहाउने गरे जस्तै Sek Kong Airstip मा पसिना बगाउथ्यौं । उ भने Gymnasium को प्रशिक्षक P.T.I. गुरुजनहरुले सिकाएको Obstacle Crossing गर्दाको Funny मज्जाहरु सम्झन्दा साथै रमाईलो लाग्छ ।

बिहानी ४ बजे उठेर कुखराको फार्मको भाले बासेसँगै सधैं चाइनिज बस्तीहरु हुँदै Catchman बाटो हिंड्दाको अभ्यास अनी फर्केर आएपछी गुरुजनहरुले बनाएको सुपले सबै थकाई मार्दै अर्को अभ्यासको लागि तयारी हुन्थ्यौं भने सुइताउको पाखामा जङ्ली अभ्यासहरु सिक्ने क्रममा डेमोहरु हेर्दा कहिलेकाँही Chicken Sleep हुँदा Ochre Head लगाउँदाको बसाइको मज्जा निकै रमाइलो हुन्थ्यो ।

Sek Kong Family Line मा पौडी खेल्न जाँदा ३ फिटको पानीमा पनि डुबियो भनेर अतालिएको र पानीमा पनि पसिना आएजस्तो भएको क्षण र पौडीको Lesson अभ्यास छ भनेपछी खानको रुची नै कम हुन्थ्यो भने भिसानको दौडाइ, अनी पौडी खेलाई त्यसपछि क्या मज्जाको Education Lesson ELTE Teacher ले पढाउने हामी चाहिँ मज्जाले सपना देविको काखमा पुग्ने अनी कहिलेकाँहिको घुराइको ईशारा हामीले दिदा Miss ले उठाउँथ्यो अनी जती पढे पनि सधैं उस्तै जहाँको तेही हुन्थेउ ।

Sport खेल्यो उस्तै कथा अनी बेलुकी Creem Parade अझ भोली BFT, CFT छ भने त तुम्लेट्को पानी खाने Parade को सम्झना आफ्नै ठाउँमा छ ।

सबै Training Area हरुमा फौजी अभ्यासहरु गर्दै Lawhu र Sanwal Range हरुमा चाँदमारी अभ्यासहरु गर्दै Castle Peak को Live Firing Ranga मा सिकेको अभ्यास अनुसार Live Firing Attack को अभ्यास गर्दा सुरक्षा हेर्ने गुरुहरुलाई आछु-आछु बनाएको यादहरु साथै अन्य CQBR अभ्यासहरु लिदै गर्दा कठिन समयलाई सरल तरिकाले बितोस् भने हेतुले गुरुजनहरुले हरेक Weekend मा मनोरन्जनको कार्य क्रमहरु पनि योजना गर्नु हुन्थ्यो । जस्मा आफ्नै साथै विभिन्न मरुनी पहिरनहरुमा निस्कदा चिन्नै गाह्रो भएको अवस्था हुन्थ्यो भने सांगीतिक माहोल, उखान र Joker गर्ने साथीहरुले दिएको मनोरन्जनहरुले हप्ता भरी भएको कठिनाईहरु बिर्सन्थेउ ।

शिखरको नाममा खुला प्रेम पत्र

ममता राई सुनुवार

मेरो प्यारो शिखर, धेरै-धेरै माया अनि अटुट सम्झनाहरु.... आशा छ तिमी सकुशलताको साथमा छौं होला म पनि आजको दिनसम्म सास फेर्नु भुलेको छुइन... शिखर खै कहाँबाट सुरु गरौं त त्यो हाम्रो अतीतका दिनहरुलाई ? सम्झिनु नचाहँदा नचहाँदै पनि तिम्रो सम्झना र याद नआउने कुनै दिन छैन, तिमीलाई सम्झेर त्यो बितेको दिनहरुलाई याद गर्दै म आजको दिनसम्म पनि छटपटी रहेको छु शिखर, सायद तिमीले त मलाई भुलिसक्यो होला है ? म जस्तो तिमीलाई सम्झने, याद गर्ने अनि तिमीलाई माया र साथ दिने थुप्रै थुप्रै साथीहरु छन् त्यो मलाई थाहा भएकै कुरा हो । खै तिमीसित परिचय भएपछि कति चाँडो मन बस्ने कस्तो माया लाग्ने, भेटु-भेटु जस्तो लाग्ने एकान्तमा तिमीसँग बस्दा कसम होला शिखर दुनिया नै भुल्ने कस्तो जादु छ तिमीसित छक्क पर्छु ।

आज मलाई खै किन हो किन त्यो हाम्रो पहिलो परिचयपछिको माया अनि माया पछिको बिछोड्लाई सम्झाउन चाहान्छु, तिमीलाई खै याद छ कि छैन ? धेरै सालअघिको कुरा हो म त्यति खेर भर्खरै एस.एल.सी. सकेर क्याम्पस भर्ना भएको थिएँ । एक दिन मेरो साथीले क्याम्पसमै तिमीसित मेरो परिचय गराउनु धेरैपटक प्रयास गर्ने गर्थ्यो । तर म प्रत्येक पटक इन्कार गर्ने गर्थे । तिमीलाई मेरो साथीको साथमा देख्नासाथ साँच्चै अती रिस् उठ्थ्यो शिखर एकदिन मेरो छेमाको घरमा सत्य नारायणको पुजामा पनि तिमीलाई साथमा लिएर मेरो दाज्यु अचानक मेरो सामुने आउनुभएको देखेर अचम्मै लाग्यो र मैले दाज्युलाई सोधे कहिलदेखि चिन्नु भयो ? दाज्युले अप्ठ्यारो मान्दै धेरै भएको छैन भन्नुभयो ।

मलाई तिमी मेरो दाज्युको साथमा देख्दा त्यति राम्रो मानिन र वास्तै पनि गरिन । बेला मौकामा क्याम्पसमा तिमीलाई देख्थे त्यो बेला तिमीप्रति मेरो कुनै चासो नै थिएन । एकदिन अचम्म खै घटना घट्यो मेरो जीवनमा । एकजना मेरो साथीको विवाहमा नै हो म

अलिकति तिमीसित नजिक भएर बोल्नु खोजेको हा हा हा हा... हाँसो नै लाग्यो शिखर त्यो हाम्रो पहिलो दिनको भेट सम्झिँदा तिमीलाई याद छ तिमी के मेरो नजिक आएको मात्र थियौ तिम्रो शरीरमा भएका कडा अत्तरको बास्नाले झण्डै मरे । साथीहरुले त्यो बेला मेरो कति खिल्ली उडाएको साँच्चै त्यो दिन अहिलेसम्म सम्झिँदा रिसै उठ्छ ।

त्यसपछि त बिस्तारै तिमीप्रति म नजिकिँदै गए । शिखर कसरी तिमीसित त्यति गहिरो माया बस्नु गयो । पछि-पछि त लुकाएर तिमीलाई घरमै ल्याउनु सुरु गरे तर त्यो धेरै दिन लुकाउनु सकिन र एकदिन ममीले तिम्रो साथमा देख्दा झण्डै मार्नुभयो । त्यसपछि हामी बाहिरै भेट्ने गर्थ्यो । कहिले क्याम्पसमा कहिले रेष्टुराँमा अब हामीलाई कसैले छेक्नु रोक्ने नसक्ने अवस्थासम्म पुगिसकेको थियो । साथीभाइले पनि हामीलाई धेरै सहयोग गर्थ्यो । अब म स्वतन्त्र रुपले तिमीलाई हातमा लिएर साथीभाइको अगाडि चुम्दै हिंड्ने साहस भैसकेको थियो । हुन त देउराली डाँडाको गडै सूर्य पनि मेरो निजक हुनु त खोजकै हो तर म तिमीप्रति नै नजिकिँदै गएँ ।

शनिबारको दिन थियो, शिखर तिमीलाई याद छ म तिमीलाई हातमा लिएर सिनेमा हलभित्र प्रवेश मात्र गर्दै थिएँ पछाडिबाट मेरो ठूलो मामाले भान्जीको सित आउनुभएको भन्दा त म तर्सिएर तिमीलाई साथीको हातमा हतार-हतार थमाइदिदा साथीहरु कति हाँसेका थिए । म त मामाले देख्नु भएन भनेर ढुक्क भएको थिएँ तर मामाले ममीलाई फोन गरेर कुरा लगाइदिसक्नु भएछ । दिनभरी त्यति रमाइलो फिल्म हेरेको मुड घरमा पस्नासाथ गाली खाएर खत्तम, मलाई त फिल्मको नाम पनि याद छ "प्यार झुकता नही" तिमीलाई याद आयो । शिखर, तर एकदिन म अचानक रुघाखोकीले बिरामी भए छातीहरु कता-कता चस्किने गर्थ्यो हुँदा-हुँदै खोकीले त म थलै परे ममी बुबाले तिम्रो र मेरो नराम्रो समबन्धको फल भनेर कराउनु हुँदा सारै रीस उठ्थ्यो । खोकीले गर्दा म एकदम सारो भएर हस्पिटल नै भर्ना हुनुपर्ने भयो । डाक्टरहरुले पनि तिमीलाई नै दोषी देखायो शिखर । अब तिमी र मेरो भेट गर्न नदिनुको लागि पहरा बडीगार्ड नै राख्नु सुरु भयो ।

केही दिन अस्पताल बसेर म घरमा आए तर मेरो मन, तन ध्यान शिखर तिमी प्रति नै थियो । अब म तिमी बिना बाँच्नु नै गाह्रो भैसकेको थियो । यो संसारमा मेरो जीवनमा तिमी भए मलाई अरु केही चाहिँदैन जस्तो एकहोरो मन भैसकेको थियो । साथीभाइले पनि अस्पतालबाट म फर्किएपछि तिमीसित भेट गराउनु चाहेनन् कारण, मेरो अभिभावकको डरले । त्यसरी नै समय बित्दै जाँदा म बिस्तारै तिमीलाई भुल्ने प्रयास कोसिश गर्दै थिए पछि मेरो विवाह भयो म काठमाण्डौ आए । म मेरो नयाँ घर परिवारसित रमाउँदै थिए एउटा असल श्रीमती र बुहारी हुने कोसिस गर्दै थिए । माया गर्ने श्रीमान् पाउँदा बिस्तारै मैले तिमीलाई भुलीसकेको थिएँ । अचानक मेरो भाग्यले गर्दा र मेरो श्रीमान् बृटिश आर्मी हुनु भएको हुँदा म युके (बेलायत) आउने मौका पाएँ ।

नेपालमा घर व्यवहारिक कामको व्यस्तता छोराछोरीको स्याहार-सुसार गर्दा गर्दै तिमीलाई मैले कसम शिखर चट्क्कै भुलिसकेको थिए । युके आएर म पनि साथीभाइको सहयोगले एउटा केयर होममा काम गर्नु आएँ, अचानक तिमीलाई बिदेशी साथीहरुसित देख्दा म तीन छक्क परें तर तिम्रो नाम परिवर्तन भएछ यहाँ, तिम्रो त्यही रंग र रुप अनि सधैं नाकै फुट्ने गरि आउने तिम्रो शरीरको गन्ध केही बदलिएको थिएन । विदेशी साथीले चिन्छस् भन्दै थियो तर मैल चिन्दीन भनेर तुरुन्त इन्कार गरिदिए । धुम्रपान स्वास्थ्यको लागि हानीकारक छ ।

तिम्रो म भावना ।
यो प्रेम-पत्र बिरगंजमा बनेको शिखर चुरोटलाई एउटा नारीको मनको भावना मात्र हो ।
धन्यवाद ।

W/O Ex 6086 Pte Gopal Sunuwar
7GR/2RGR
CANTERBUTY, KENT
United Kingdom

२०१७ सालको मुस्तांग ट्रेल रनिंग

सुश्री पुष्पा सुनुवार
होम ६१३० को छोरी

गएको साल सन् २०१७ सालको अप्रिल १७ देखि २४ अप्रिल एक हप्ताको लागि मुस्तांग ट्रेल रनिंग प्रतियोगिता सम्पन्न भएको थियो। उक्त प्रतियोगिता नेपालको मुस्तांगमा बर्षेनी हुने गर्दछ। सो प्रतियोगिताको निमित्त मैले पनि बेलायतको आफ्नो कामबाट छुट्टी मिलाई भाग लिन नेपाल गएको थिए।

विगत केहीबर्ष यता सुरु भएको उक्त प्रतियोगितामा विश्वका बिभिन्न राष्ट्रहरूबाट साहसी धावकहरूले भाग लिने गर्दछन्। यसपटक पनि नेपालबाहेक अन्य १० वटा मुलुकहरूबाट प्रतियोगी धावकहरूको जम्मा संख्या ३५ जना थियौं र जसमध्ये नेपालबाट हामी ६ जना केटीहरुले मात्र भाग लिएका थियौं।

८ दिनसम्मको दौड समय तालिकामा बिहान ६:०० बजे रिवाली, ६:३० बजेदेखि चिया खाजा र ७:३० बजेबाट दौड सुरु हुन्थ्यो। यही नै थियो हामी ३५ जनाको दैनिकी। दिनमा २० देखि ३० किलोमीटर दौडनु पर्थो र ठाँउ-ठाँउमा व्यवस्थापकहरूका सहयोग सल्लाहअनुसार बास-गाँसको व्यवस्थाअनुसार रात गुजारिन्थ्यो। तर सबै धावकहरू सँगसँगै भने परिदैन थियो। ४२०० मिटरको उचाईमा र बदलिँदो मौसमको ठाउँहरुमा दौडनु त्यती सजिलो थिएन। मौसम केहि छिन घाम देखिने फेरि एकैछिनमा हिऊँको हुस्सु लागेर केहि पनि देख्न नसकिने हुन्थ्यो।

नेपालको उत्तरी भेगमा हिमालको माझमा अवस्थित सुन्दर ठाऊँ हिमाल पारीको गाऊँ भनेर चिनिने मुस्तांग साँच्चै रमणिय स्थल रहेछ र पक्कै स्वर्गको भान हुने। जो कोही त्यहाँ पुग्नासाथ, हेरेको हेर्‍यै, बसुँझैँ लाग्ने। कुनै ठाऊँ जाँदा मरुभूमि जस्तो फुस्रो पाखा

ठुलठुला राता चट्टानहरू ओढार गुफा र अर्कोतिर सुन्दर सेताम्मे अन्नपूर्णा धौलागिरी र नीलगिरी हिमालहरू। विशाल हिमालका फेदमा स-साना माटाका घरहरूका बस्ती, ठाऊँ ठावै ढुंगाका मानेहरू, काली गण्डकी बेरिएर बिचमा बगेको दृश्य देख्दा अति रमाईलो कुदेको थकान पनि वास्तै नहुने।

खासैमा सन् १९९२ सालदेखि मात्र बिदेशी पर्यटकहरूलाई यहाँ आऊन टेक्न दिइएको रहेछ। मुस्तांगलाई तिनैतिरबाट तिब्बतले घेरिएकोले त्यहाँका मानिसका जीवनशैली रहनसहन सबै तिब्बती काईदाको रहेछ। शताब्दिऔंदेखि यहाँको बाटोलाई व्यापारीहरूले सुरक्षित ठानेर चलाईदै आएको रहेछ। अहिले झन् चौंरी गोठालो र पर्यटकहरूले बढी प्रयोग गर्दा रहेछन्।

यस्तो सानो साँघुरो उकाली-ओराली र काली गण्डकीको बगरै-बगर कहिले पारिपट्टी कहिले वारी गर्दै दौडन पाऊनु एक किसिमको चुनौती साथै जीवनमा अमूल्य र अविस्मरणीय अनुभव थियो मेरो लागि।

ट्रेल रनिंग नेपालले यस्तो कार्यक्रम आयोजना गरेर राष्ट्रियस्तरका धावकहरू मिरा राई, सुनमाया, पूर्णलक्ष्मी र भीम गुरुङजस्ता खेलाडीहरू उत्पादन भए। ती धावकहरू नै पछी गएर अन्तराष्ट्रिय खेलाडीको रुपमा बिजेता पनि बने र संसारलाई नेपाल र नेपालीको चिनारी दिन सफल भए। यसैगरी ट्रेल रनिंग नेपालले नयाँ-नयाँ र स्थानीय युवाहरूलाई प्रोत्साहन र उत्पादन गर्दै आएको छ।

मैले आफ्नो अनुभवलाई छोटकरीमा लेखेर यहाँहरूको सामु राख्न पाऊँदा आफैलाई भाग्यमानी साथै अर्कै गर्व महसुस गरेको छु र जसको निमित यहाँहरू सबैलाई सुस्वास्थ्य र दिर्घायूको कामना गर्दै मुरिमुरी धन्यवाद पनि टक्याउन चहान्छु।

Silver Jubilee (२५ औं बर्षगाँठ)

इस्वी सम्बत् २००८ मा हामी इन्टेक १९८३ ले सिल्भर जुब्ली (२५औं बर्षगाँठ) भव्यताका साथ मनाइएको थियो। पछिल्लो बर्षहरूका बार्षिक भेलाको दाँजोमा त्यो बर्ष विशेष महत्वको भेला भएतापनि जमघट अील कमै थियो। किनकी धेरैजसो नम्बरीहरू बेलायत बाहिर नै हुनुको साथै कतिपय सेवामा कार्यरत् र वयस्तता मै हुनुहुन्थ्यो। जेहोस् सकेसम्म सबैको सकारात्मक प्रयासले सबै पल्टनका नम्बरीहरू पहिलोपटक बेलायतको जमघटमा भने बढी संख्यामा भेला भई भवयता र ऐतिहासिक रुप लिएको थियो भन्दा फरक नपर्ला।

वस्तवमा पल्टने जीवनकालको सुरुदेखि अन्त्य र अवकाश प्राप्त पश्चातका सबैको आ-आफ्नै किसिमको व्यवहार र व्यस्तता भए रहेता पनि एकमुष्ठ रुपमा सो समारोहलाई सबैले समय र महत्व दिन आवश्यक थियो। त्यसरी नै सम्भव र सहजताका साथ धेरैभन्दा धेरैको उपस्थितिको रुपमा समारोह सम्पन्न गर्न सफल भएका थियौं। दशकपछीको ३५ औं बर्षगाँठको पनि सानो परिकल्पना गरिएको अहिले टुप्लुक्कै आईपुगेर जस्को भव्य समारोहको प्रसन्न मुद्दामा हामी जुट्न पाईएको छ र सबैले भाग्यमानी बन्ने र गर्व गर्ने अवसर पनि हामीले पाएका छौं भन्दा कुनै गल्ती नहोला।

२००८ साल अप्रिल महिनाको १२ तारिक शनिबारको दिन मौसम निकै राम्रो घमाईलो र न्यानो थियो। नर्थ क्याम्पस्थित वेभल स्कूलको हल हाम्रो सो दिनको पार्टी भेन्यू थियो। सो स्थानमा आईपुग्न कुनै गाह्रो अप्ठ्यारो थिएन साथै सबैको निमित्त झण्डै केन्द्रबिन्दू नै मानेर तय गरिएको थियो।

लगभग एकसय जनाको हाराहारीमा नम्बरी परिवारको उक्त जमघटमा खानपिन र मनोरन्जनको रौनक आफ्नै किसिमको थियो र सायद लामो समयपछी यसरी भेट भएको मौकामा धेरै नम्बरीहरू गफगाफ र एकपछी अर्को बियरका क्यान थप्नमा होडबाजी जस्तै देखिन्थ्यो।

त्यस दिनको सबैभन्दा महत्वपूर्ण कुरा सम्झना स्वरुप चाँदीको गब्लेट थियो, जस्को निमित्त पार्टी हुनुभन्दा अगाडी क-कस्ले मगाउन चाहनु हुन्छ ? अग्रिम जानकारी गराईएको थियो र गब्लेट बन्दोबस्तको अभिभारा नम्बरी भुवनी राई (६६०१९) ले लिनुभएको थियो । ४४ तोला चाँदीको गब्लेटमा ब्रिगेड अफ गोर्खाजको सबै ब्याजहरू इन्ग्रेभ्ड गरि बनाईएको सो को मूल्य त्यसबेला स्टर्लिड पाउण्ड १७५.०० थियो र पहिलो लटमा ७५ जनाले पाउनु भएका थिए भने उक्त दिनमा नपाउनेले दोस्रो लट गरी जम्मा ९६ वटा गब्लेटहरू नम्बरी भुवनी राईज्यूको पहल प्रयासबाट नम्बरीहरूले हात पार्न सफल भईएको थियो ।

आशा छ ज-जस्ले लिनु भएको छ समय-समयमा सफा साथ टल्काउँदै समरको बेला त्यस्मा बियर लगाएर चुस्कीका साथ आनन्द लिँदै हुनुहुन्छ होला, तर त्यस्लाई कपबोर्डमा थन्क्याएर राख्नु भएको छ भने चाँदी होईन खेर गएको कुनै धातुको जस्तो देखिन्छ र त्यस्मा हालेर खान त परै जावस टल्काऊन पनि मन लाग्दैन । त्यसैले गब्लेट हुने नहुने सबैले विचार गर्नुस् चित्त बुझ्काऊनुहोस् ।

यदी अझैं पनि कसैले कसरी कहाँबाट भनी जान्न र लिनु चहानुहुन्छ भने काठमाण्डौंमा भाटभटेनीमा गएर परामर्श गर्नुभएमा सबैकुरा बुझ्न र कारोबार गर्न सक्नुहुनेछ । बिशेष समारोहको अवसर र उपलक्ष्यमा बनाईएको यो एउटा चिनो साथै सम्पत्ति पनि हो, किनकी चाहेको खण्डमा नगदमा परिणत गर्न पनि सक्नुहुन्छ तर नगदभन्दा त्यस्को महत्व आफ्नै ठाँउमा छ र कसैले परेको रकमभन्दा बढीमा किन्न चाहेर खोजेर पाईदैन पनि । यसरी सोच राखेर चिनोको निमित समय र मेहनत योगदान दिनुहुने नम्बरीहरूप्रति आभार प्रकट र स्यालुट सबैको तर्फबाट । जब गब्लेटको प्रयोग गरिन्छ तब उहाँहरुको सम्झना त अवस्य आऊँछ नै । कती भाग्यमानी नम्बरीहरू ? आफै गर्व मान्नुहोला ।

धन्यवाद ।
जय इन्टेक १९८३

होम किरात सुनुवार
२७१६६१३०

Intake 1983 Rect Coy Football Match Winner

गाउँघरको कोदोबारीमा खेतमा धानको ठोसा भएको ठुल्ठुला गराहरुमा बिशेषगरी खलेगराहरु, लेकका खाली चऊरहरू र बजार बस्तिका खाली ठाऊँहरुमा दुईचारजना भेट हुनासाथ भकुण्डो खेल सुरू गरिहाल्ने गर्छन् । भर्खरका उरन्ठेऊला अल्लारे केटाहरु । सायद कमै मात्र व्यवस्थित बजार मैदानमा खेलेर आएका होलान् । हुन त मेरो आफ्नै ठाऊँ विद्यालयको भन्नुपर्दा जब म प्रा.वि. मा पढ्दा आफैं सानो फुटबल बाहेक अरु नै खेल खेलिन्थ्यो अनि खेल्ने ठाँऊ पनि त्यती ठुलो थिएन । तर जब नि.मा.वि.मा गएपछी भलिबल र फुटबल बराबरी खेलिन्थ्यो, एकदम राम्रो मैदान ठाँऊको नाम पनि भण्डार भनिने तर चिम्ट्याए माटोको कारण बर्षा याममा निकै बल्ड्याड खानुपर्थ्यो चिप्लेर ।

त्यतिखेर बिरेन्द्र शिल्ड जिल्ला स्तरिय खेलकूद प्रतियोगिता देशव्यापी रुपमा भव्यताका साथ गरिने भएता पनि फुटबलमा भने चासो र चर्चित थिएन ।

गाँऊघरमा त्यसरी बिताएका त्यसरी खेल्ने जवानहरू भर्ती भएर आएपछी मौका र व्यक्तिगत इच्छाअनुसार केहि मात्रमा सुधार र चमत्कार त हुने नै भयो । रेक्रूट्स जवानहरूले पनि तालीम केन्द्र (TDBG) मा तालिमको मुख्य बिषयहरूबाहेक खेल स्पोर्टमा पनि इन्टर प्लटुन प्रतियोगिता हुने गरिने रहेछ । त्यसैगरि सन् १९८३ सालका जवानहरू पनि जो जुन खेलमा इच्छुक र अली पारा ल्याऊँछ । उस्लाई त्यसै खेलमा र प्रतियोगितामा लगाईए । म भने ११ प्लटुनको तर्फबाट फुटबल प्रतियोगिताको लागि छनोटमा परे र केहि ट्रेनिंगपछि प्रतियोगितामा भिडन्त पर्ने क्रममा जित्दै गएपछी फाईनलमा १ कम्पनीका विजेता टिम ५ प्लटुनसँग पऱ्यो ।

धेरैजनाले भन्थे विजेता टिम उनिहरू नै हुन्छन् भनेर, किनकी उताका एक दुईजना साच्चै स्तरिय खेलाडीहरू थिए । तर ११ प्लटुनका खेलाडीहरू त्यस्ता स्तरिय नभएपनि निकै जोसिला थिए, यहाँसम्मकी फुटबल मिस भए छोडिए पनि मान्छे मिस नगर्ने नछोड्ने खालका थिए ।

खेल घमासान भयो र मध्यान्तर अगाडी भने दुवै तर्फको गोल हुन सकेन । मध्यान्तरपछीको खेलपनि निकै घम्साघम्सी भएको थियो र मध्यान्तरपछीको खेलको अन्त्यतिर पाएको कर्नर बललाई सामराज गुरुडबाट गरिएको गोल नै उक्त खेलको पहिलो गोल थियो । समय पनि सकिएको कारण सोही गोल नै निर्नयक गोलको रुपमा खेलको अन्त्य भएको थियो ।

११ प्लटुनका हामी सबै खेलाडीहरूलगायत सबै साहेब गुरुजीहरू हर्षित भयौं । गुरूजी साहेबहरूले भन्नु हुन्थ्यो खेलको आँखा हुँदैन कोसिस मात्र गर केटा हो, नभन्दै त्यो कुरा साबित भयो । अन्तमा हामीले विजेता कप र इन्डिभिजुयल प्राइजका साथ ग्रुप फोटोहरू थुप्रै खिचिएको मध्ये पुरस्कारको साथमा ११ प्लटुनका विजेता खेलाडीहरूको फोटो र नामावली निम्नानुसार छन् ।

सायद आ-आफ्नो पल्टनमा गएपछी पनि कतिले त पल्टनको तर्फबाट नेपाल कपमा पनि भाग लिएर बिजेता बने भने अहिले पनि पचास पारीको उमेरमा समरको राम्रो मौसममा कहिले-काँही सहभागी हुने क्रम जारी नै होला । जेहोस् होसियारको साथ मनोरन्जन गर्नुहोला किनकी बुढो हुने चिलाऊने मात्र हो तर कतै गडबड भएमा त्यो गाँसिदैन ।

पुरानो सम्झना दोहोरयाउँदै सबैमा न्यानो अभिवादन शुभकामना ।

धन्यवाद ।

होम किरात सुनुवार

२११६६१३०

Photograph (6130 Hom-P2)

Left to Right Back Row

1] 6130 Hom Bdr Sunuwar
2] 5784 Suryaprakash Gurung
3] 5742 Samraj Gurung
4] 5872 Bhim Bdr Gurung
5] 5892 Lalit Janga Malla
6] 5868 Yam Bdr Gurung
7] 6202 Shiba Sunuwar

Left to Right Front Row

8] 6010 Laxmi Limbu
9] 6034 Rabidhoj Tamang
10] 5856 Khemraj Gurung
11] 5918 Motilal Siris
12] 6106 Rajkumar Rai
13] 5880 Toyanath Siris
14] 6142 Purna Subba

औषधी



श्रीमती पवित्रादेखि सुनुवार
२११६६१३० होमको श्रीमती

संसारभरका प्रायजस्ता मानिसहरु सानादेखि ठुलासम्मका सबै उमेरकाहरुले आफ्नो स्वास्थ्यमा परेको कष्ट पिडा समस्यालाई कम गर्न पार्न जान्ने बुझ्ने अनुभवी व्यक्ति, बैद्यनाथ वा चिकित्सकको सल्लाह-सुझाव अनुसार प्रयोग गरिने कुनै न कुनै किसिमको वस्तु पदार्थलाई औषधि भनिन्छ / भनिदो रहेछ । यसको सेवन नगर्ने मान्छे आधुनिक संसारमा बिरलै पाईन्छन् । सबै औषधी प्रायः वनस्पति बोटबिरुवाबाट तयार पारिन्छ । जमीनबाट सिधैं टिपेर प्रयोग गरिँदा जडिबुटी आयुर्वेद पनि भनिन्छ भने लामो प्रकृयाबाट कारखानामा उत्पादन तयार पारिएकोलाई औषधि भनिन्छ ।

परापूर्वकालमा औषधिको प्रचलन बेबीलोन, चिन, इजिप्ट र भारतमा थियो तर रोग पत्ता लगाउने र त्यसको उपचारको विधिमा अग्रता भने ग्रिक्सले लिएको थियो ।

जब कुनै मान्छेको स्वास्थ्यमा गडबडी खराबी देखिएपछि डाक्टर या बैद्यकहाँ गइन्छ र बैद्य वा डाक्टरले बिरामीलाई परेको समस्याबारे बृतान्त कुरा सोधेपछि उसको विचार, अनुभव र परिक्षणको नतिजाअनुसार रोग पत्ता लगाई के-कस्तो औषधि कस्तो खाले नाम लेखिदिन्छ र त्यसबारे राम्ररी बताईदिने गर्दछ ।

जब डाक्टरको परिक्षण सल्लाह-सुझावपछि कतिपय बिरामी त औषधि नै प्रयोग नगरी केही मात्रामा सन्चो भएको महसुस गर्दछन् भने कतिपयलाई त झनै रोग चाप्ने र चापेको महसुस गर्दैछन् । यो व्यक्ति विशेषको मानसिक अक्षरको परिणाम हुनुपर्दछ । वास्तवमा कुनै पनि रोगको उपचारको निमित्त वैज्ञानिकहरुले हरप्रकारले परिक्षण गरेर मान्छेमा औषधि प्रयोग गर्न सजिलो बनाईदिएका हुन्छन् । यसरी पत्ता लगाएर परिक्षण गरेर बनाइएको भए तपानि कुनै पनि एकै रोगका रोगीहरुलाई एउटै औषधिबाट पनि फरक असर र परिणाम पाईन्छ, जुन मान्छेको बंशाणुमा हुने फरक गुणको कारण गर्दा ।

बैद्य वा डाक्टरले दिइएको औषधि कती लामो समयसम्म र कतिको मात्रामा प्रयोग गर्ने भन्ने कुरा रोगको किसिम र असरमा भरपर्ने कुरा हो । औषधिको प्रयोग गर्दै जाँदा कतिपय बिरामीहरुमा राम्रो नतिजा वा स्वास्थ्यमा सुधार हुन थाल्दछ भने कतिपयमा नराम्रो असरको नतिजा देखिन्छ । यदी त्यस्तो भएमा तुरुन्त डाक्टर वा बैद्यकोमा गएर जानकारी गराई बाँकी सल्लाह सुझाव लिनुपर्दछ नत्र अझ बढी खराब र खतरामा पर्न सकिन्छ । यस्तो अवस्थामा परामर्श नलिएमा विरामीहरुको मृत्यु हुन सक्दछ । दिइएको सल्लाहअनुसार अनुशासित रुपले तोकिएको मितिसम्म औषधि प्रयोग गरिएमा रोग सदाको लागि निर्मूल हुन पनि सक्छ अर्थात् केही हदसम्म रोग कम हुँदै जान्छ । यसबारे विरामी आफैं पनि निकै सचेत हुनु पर्दछ । यदी कारण असर र परिणामबारे विरामीमा थाहा भएन हेक्का राख्न सकिएन भने उपचार गरेको केही अर्थ र उपलब्धि हुँदैन । कतिपय औषधि प्रयोग गरेको बेला खाने पिउने कुरामा निषेध गर्न भनिएको कुराहरु ख्याल नगरिएमा एलर्जी र अन्य लक्षणहरु (Sight Effects) देखा पर्नको साथै ठूलो समस्या आइपर्दछ ।

शरीरमा रोग देखा परेपछि बिज्ञहरुको सल्लाह सुझावअनुसार जिउनको लागि रोग अनुसार कुनै औषधि जिन्दगीभर नै प्रयोग गर्नुपर्ने हुन्छ, त्यसैले समयमा नै बुद्धि पुऱ्याएमा स्वास्थ्यकर जीवनको साथै सबै कुराहरुबाट सुरक्षित रहन सकिन्छ ।

Executive Committee 2017-2019

Gopal Giri (6044)

Nim Thapa (5765)

Shyam Shrestha (6058)

Tanka Magar (6162)

Tuk Gurung (5855)

Surya Gurung (5857)

Suk Gurung (5814)

Home Sunuwar (6130)

Get Well soon

Oasis Ale
Daughter of 5788 Nar B Ale

ईन्टेक (INTAKE 1983) को विधान

British army Brigade या Gurkhas मा १९८३ सालमा भर्ती भएका समकालीन नम्बरी (साथी)हरूलाई मर्दा र पर्दा विगत १९९३ सालबाट मानवियताको हैसियत र एकै घर-परिवारको सदस्यको सोंच र विचारले नानीहरूदेखि नम्बरी र नम्बर्नीहरूलाई दुख परेको बखतमा, सकेको सक्दो सहयोग गर्दै आईरहेका छौं । समयक्रमसँगै हामीले धेरै नम्बरी, नम्बर्नी र नानीहरू पनि गुमाई सकेका छौं । कस्को पालो हो र कहिले हो भन्ने थाहा छैन । दैवको नियतीले कसलाई कतिखेर लाने हो त्यो दैवको नियत र खेलमा भर पर्ने कुरा होला । यसरी नै नम्बरीहरू बित्ने क्रममा सबैलाई व्यवस्थित ढङ्गबाट सहयोग गर्न भने सकिएको छैन । कारणः सम्पर्कविहिन र कुनै परिवार र साथीभाईहरूबाट सहि ढङ्गले सम्पर्क नम्बर ठेगाना र हुल्याहा दिन नसके कै कारणले गर्दा हो भन्दा अत्युक्ति नहोला । त्यसकारणले, अब यो प्रकारको ढंगले सम्भव हुन नसक्ने भएकोले विशेष सरसल्लाह र छलफल गरी, गत २६ फेब्रुअरी २०१७ सालमा ल्पमस्टिटको ५६ हाईस्ट्रिटमा अवस्थित चौतारी नामक नेपाली रेष्टुरेन्टको सभा कक्षमा ईन्टेक १९८३ का वर्तमान चेयर पर्सन ६०४४ गोपाल गिरीको सभापतित्वमा, मिटिङ बसि, नम्बरी या नम्बरी मर्दाको दुखद् घडीमा र नानीहरूको हकमा सहयोग गर्ने बारेमा विशेष रूपमा बृहत् छलफल गरी अब उप्रान्त सबैलाई नियम मुताविक समेटिने गरी, सहयोग गर्नको निम्ति र सहयोग पाउनको निम्ति, केहि मापडण्डसहित निति नियम र विधि-विधान तयार पार्नुपर्छ भनि सर्वसहमतिबाट पारित गरि, तपसीलका नियम विधि-बिधान तयार पारिएको छ । ती नितिनियम र विधि-बिधानहरू निम्न बमोजिम छन् ।

१. तोकिएको सदस्यता सिल्क (Subscription fee) तिरेर (Subscribed member) अनिवार्य रूपमा बन्नु पर्नेछ ।

२. हालमा सदस्यता शुल्क (Subscription fee) पहिले £30 राखिएको थियो भने, केहि बर्ष अगाडिदेखि £40 (चालिस पाउण्ड) मात्र राखिएको छ । र यो समय-सापेक्ष आवश्यकताअनुसार बढाउन सकिनेछ ।

३. (Subscribed member) भईसकेपछि नम्बरी या नम्बर्नी देहान्त भएको खण्डमा अनिवार्य रूपले तोकिएको न्युनतम सहयोग गर्नुपर्ने छ ।

४. न्युनतम सहयोग दस्तुर £१० (दस पाउण्ड) राखिएको छ ।

५. सदस्यता शुल्क तिरेर, (Subscribed member) भएर, नम्बरी या नम्बर्नी देहान्त भएको खण्डमा, न्युनतम सहयोग दस्तुर £१० (दस पाउण्ड) सहयोग गरिएन भने, (Subscription fee) £४० (चालिस पाउण्ड)बाट दस पाउण्ड घटाईने छ । हरेकपल्ट

दस पाउण्ड घट्ने छ। यो क्रम क्रमशः जारी रहेमा £३० (तीस पाउण्ड) तिरेकाको तीन पटकमा र £४० (चालिस पाउण्ड) तिरेकाको चारपटकमा Subscription सकिनेछ र Subscribed member स्वतः बदर या रद्द हुनेछ। फेरी Subscribed member हुनको निम्ति, पुनः तोकिएको सदस्यता शुल्क तिरेर तपशिलमा उल्लेखित विधिविधान र नियमहरू पालना गर्नुपर्ने हुन्छ।

६. नम्बरी वा नम्बर्नी देहान्त भएको सुचना प्राप्त भए लगतै, पिडित परिवारलाई सम्पर्क गरी, सहयोग गर्नु आवश्यक छ या छैन भनि एकपल्ट विनम्रतापुर्वक सोधिनेछ। र सहयोग आवस्यक छ भनि निवेदन गरेमा तत्काल कोषबाट Subscription जम्मा भएको निश्चित रकम निकाशा गरि पिडित नम्बरी या नम्बर्नीलाई हस्तान्तरण गरिनेछ, र त्यो कोष पुर्ताल गर्नको निम्ति, न्युनतम सहयोग दस्तुर £10 (दस पाउण्ड) उठाईनेछ। उठेको रकम जे-जति हुन्छ, सबै कोषमा जम्मा गरिने छ।

७. सदस्यता शुल्क (Subscription fee) तिरेर, Subscribed member भएपछि जुनसुकै देशमा बसेता पनि, नम्बरी या नम्बर्नी देहान्त भएको खण्डमा, न्युनतम £१० (दस पाउण्ड) सहयोग गर्न सकिनेछ। र आफैंलाई पर्दा पनि सहयोग चाहिएमा, सहयोग पाउन सकिनेछ।

८. नानी भान्जा-भान्जीहरूको हकमा सहयोग गर्नु परेमा, नानी भान्जा-भान्जीको आमा बाबा (नम्बरी नम्बर्नी)ले तोकिएको दस्तुर (Subscription) तिरेर (Subscribed member) भएको छ कि छैन भनि चेक गरिनेछ। र नियमगत प्रकृया पुरा भएको छ भने, आर्थिक अवस्था हेरी बुझि, आवश्यक परेमा सहयोग गरिनेछ। यसमा कुनै उमेर तोकिने छैन, अथवा जुनसुकै उमेरको लाई पनि सहयोग गरिने छ।

९. यसमा अलिकति हुन सक्ने र पर्न सक्ने सन्दर्भसम्बन्धी विषयगत घटनाबारे थोरै चर्चासहित विधि-बिधान र नियमभित्र लान जरूरी देखिन्छ! यो एउटा अति नै प्रसंगवशको घटना पनि हुन सक्छ।

नम्बर्नीको निधन भएपछि, नम्बरीले नम्बरीको हकमा भईरहेको र नम्बर्नीको हकमा हुन सक्ने बिषयहरू (घटनाहरू) :

(क) अहिलेसम्म नम्बर्नी बितेपछि, नम्बरी अर्थात् ईन्टेक १९८३ को नम्बरी सदस्यहरूले, नयाँ नम्बर्नी ल्याई ईन्टेक १९८३ को मेम्बरसमेत बनीरहनु भई सहयोग र पाउनुपर्ने सुविधाहरू पनि पाउनुभएको छ। र नियम त पाउनेछ। यहाँ पारित गरिएका विधि-बिधान र प्रकृयागत नियमहरूभित्र बसेर मर्दा या दुखद् परिस्थिति आउँदा सहयोग चाहियो भनि निवेदन गरेमा मात्र पाउने प्रावधान राखिएकोले सोहि बमोजिम चल्न र चलाउन पाईनेछ।

(ख) तर, नम्बरीको निधन भएमा, वा निधनपछि नम्बर्नीले, अरू कसैसँग दोस्रो घरजम गरेमा, यो नियम लागु हुनेछैन । अथवा, ईन्टेक १९८३ को मेम्बरबाट स्वतः रद्द हुनेछ । र पाउनुपर्ने सहयोग आधिकारिक रूपमा पाउने छैन । वा यसमा कुनै सरोकार रहने छैन ।

(ग) ईन्टेक १९८३ का नम्बरीहरू, जो जो सँग दुईटा, तीनवटा श्रीमती छन् र ब्रिगेड अफ गोर्खाजको रेकर्ड अफिसमा दर्ता छैन, वहाँहरूलाई नम्बरीले मेरो श्रीमती हो भने पनि, आधिकारिक रूपमा, वेलफेयरदेखि आर्मी रेकर्डमा दर्ता नभएको श्रीमतीलगायत नानीहरूलाई यस ईन्टेक १९८३ का संगठनबाट, आधिकारिक रूपमा कुनै प्रकारको सहयोग गरिने छैन । मानवताको हैसियतको सहयोगको निम्ति भने अर्कै पाटा छन् ! यसमा जोसुकैको मातहतमा सहयोग गर्न सक्नेछ ।

(घ) तर, २०१८ को ७ जनवरीमा बसेको ए.जी.एम. मीटिङमा यसै बिषयमा पुनः छलफल गर्दा, के निष्कर्ष निकालेको छ भने, ईन्टेक १९८३ का नम्बरीहरूले, दुईवटा या वहुविवाह गर्नुभएको छ र ब्रिगेड अफ गोर्खाजको रेकर्ड अफिसमा दर्ता गरिएको छैन या गर्न सकेको छैन भने, मर्दा र पर्दा सहयोग चाहिन्छ भन्ने सोंच राख्नुहुन्छ भने, माहिली, साहिली या कान्छी श्रीमतीले तोकिएको सब्सक्राइब दस्तूर (Fee), फाल्टो तिरेर, Subscribed member बन्नुपर्ने छ भनि निर्णय गरिएको छ ।

१०. पुनः एप्रिल ७ मा बसेको मिटिङबाट, अब सब्सक्राइब मेम्बर दस्तुर तिरी, सहयोग पाउनको निम्ति, मान्य रहने अर्थात् (Qualified) हुनको निम्ति रजिस्टर भएको दिनदेखि ६ महिना राखिएको छ । अथवा सब्सक्राइब मेम्बर भएको दिनदेखि छ महिनाभित्र कुनै प्रकारको दुख मिमार भएमा सहयोग पाउन सक्ने छैन ।

तर, सब्सक्राइब मेम्बर भएको दिनदेखि छ महिना नपुगि नै भवितव्य आई परे, अथवा व्यक्ति मरे, तोकिएको रकम नपाउने गरि, मानवताको हैसियतले सहयोग गरिनेछ भनि मिटिङमा उपस्थित सबैको सर्वसहमतिबाट पारित गरि निर्णय गरिएको छ ।

११. आर्थिक अकाउण्ट खोजतलाससम्बन्धी

(क) तोकिएको दस्तुर (Subscription fee) तिरेर (Subscribed member) नभएको कुनै पनि नम्बरीहरू अथवा तोकिएको सदस्यता शुल्क (Subscription fee) नतिरेका व्यक्तिले सम्बन्धी हिसाबकिताब खोज्ने अधिकारबाट बन्चित रहनेछ ।

(ख) सदस्य दस्तुर (Subscription fee) सम्बन्धी हिसाबकिताब खोजतलासको निम्ति, तोकिएको सदस्य शुल्क तिरेर (Subscribed member) हुनुपर्नेछ ।

१२. बैंक एकाउण्ट सञ्चालनसम्बन्धी

(क) ईन्टेक १९८३ को बैंक एकाउण्ट वर्तमान कार्यसमितिका सम्बन्धित व्यक्तिहरूले सञ्चालन गर्नुपर्दछ ।

(ख) पुरानो कार्य समितिले नयाँ कार्यसमिति चयन भएपछि, बैंक एकाउण्टसहित हरहिसाब किताब चुस्तदुरुस्त र पारदर्शीपूर्ण ढंगले हस्तान्तरण गर्नुपर्छ।

(ग) बैक एकाउण्ट हरहिसाब सम्बन्धी कुनै (Subscribed member) हरू बाट चित्त बुझ्दो नदेखिएको भनि हिसाब-किताब बुझ्न चाहेमा, वर्तमान कमिटिमा निवेदन हाली बुझ्न सक्नेछ।

केही सक भएमा

ईन्टेक १९८३ का नम्बरी संगठनमा रही विगत १९९० सालदेखि मरेको बेलामा र परेको बेलामा नम्बरी परिवारको नाताले (हैसियत)ले सकेको सक्दो सहयोग गर्दै आएका छौं। ती विगतमा जति सहयोग गर्दै आयौं र त्यो गरिएको जति पनि सहयोगहरु कुनै विधिविधान र नियमबिना नै गरियो, गर्दै आयौं। तर मेम्बरसिप (सदस्यता) भने, राखिएको र सदस्यता शुल्क पनि तोकिएको थियो। पहिले तोकिएको सदस्यता शुल्क, बेलायत पाउण्डस ३० (अक्षरमा तीस) पाउण्डस तोकिएको थियो। र हाल केही वर्गा अगाडिदेखि भने, शुल्क बढाएर ४० पाउण्डस (अक्षरमा चालिस) पाउण्डस राखिएको छ। यो सदसयता शुल्क समयसापेक्ष बढाइने छ। यो संगठन यसरी चलिरहेको अवस्थामा इन्टेक १९८३ का सबै नम्बरीहरुले तोकिएको सदस्यता शुल्क जसलाई भनिन्छ सब्सक्रिप्शन तिरेर मेम्बर बनिसकेका छैनौं। हामी जम्मा ४९० जनामा, अहिलेको रेकर्डअनुसार २४२ जनाले मात्र तोकिएको सदस्यता शुल्क (Subscription Fee) तिरेर Subscribed member भएका छौं। यसरी नम्बरीको निम्ति सहयोग गर्न र गरिमाग्नको निम्ति, सबैलाई सही ढंगले समेट्नको निम्ति, सबैलाई लागु हुने गरी, विधिविधान र नियम बनाउने निर्णयगत २०१७ साल फेब्रुअरी महिना २६ तारिखको दिनमा बसेको मिटिङले पारित गरि, सबै उपस्थिति मेम्बरहरुको रोहवरमा र सर्वसहमतिबाट निम्न विधिविधान र नियम पास गरिएको छ। यो बन्दै गरेको विधिविधान र नियमहरु प्रश्न र उत्तरसहित यसैको आधारमा बनाइएको छ। र अबदेखि उप्रान्त हामी सबै इन्टेक १९८३ का सदसयहरुले माथि उल्लेखित र तपशिलका बुँदाहरुलाई अक्षरस पालना गरी सहयोग गर्ने र गरि मागिनेछ।

प्रश्न र उत्तर निम्न प्रकारले बुँदागत रुपमा राखिएको छ।

प्रश्न नं. १ - ईन्टेक १९८३ को निम्ति, सहयोग गर्न यसरी संगठन नै निर्माण गर्न किन आवश्यक पर्यो ?

उत्तर - पहिले त त्यस्तो महसुस त गरिएको थिएन, तर यो जिन्दगीको भरोसा नहुने रहेछ, परिआए पछि, मान्छेको भोगाईको परिणामले अटोमेटिकली रुपमा त्यस्तो खालको महसुस हुँदो रहेछ। त्यसै शिलशिलामा नम्बरीहरु र नम्बर्नीहरु बित्दै जानु थाल्यो र सहयोग पनि गर्दै गइयो। तर पछि सबैले महसुस गर्न थालियो कि अब यसरी मर्दा र पर्दाको अवस्थामा सहयोग गर्न र गरि माग्नको निम्ति संगठनकै रुपमा चलाऔं इन्टेक १९८३ नम्बरीको निम्ति भनी महसुस गरि संगठनकै रुपमा चल्न थालियो। यसरी नै संगठनको रुप लिएको हो।

प्रश्न नं. २ - ईन्टेक १९८३ संगठनको सदस्य बन्नको निम्ति के छ र कसरी कुन प्रावधानबाट बन्न सकिन्छ र के गर्नुपर्छ ?

उत्तर - ईन्टेक १९८३ का नम्बरीहरु स्वतः सदस्य त छँदैछ। तर मर्दा र पर्दाको बेलामा भने, आर्थिक कारोवार हुने हुनाले, यसलाई यस्तो अवस्थामा सबैले मनासिव तरिकाले सबैलाई समेटिने किसिमले आधिकारिक रुपले सहयोग व्यवस्थापन गर्नको निम्ति, केही तपसिलका मापदण्डहरु तयार पारिएको छ। यस मापदण्डमा केही नियमहरु पनि तयार गर्नुपर्ने देखिएकोले यस नियममा पनि सदस्य बन्नुपर्दछ। त्यो सदस्य बन्नको निम्ति, हालमा तोकिएको सदस्यता शुल्क (Subcription fee) तिर्नु पर्ने हुन्छ।

प्रश्न नं. ३ - सदस्यता शुल्क (Subcription fee) किन तिर्नुपर्ने हुन्छ ?

उत्तर - सदस्यता शुल्क (Subcription fee) किन तिर्नुपर्ने भने, ईन्टेक १९८३ का नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न र सहयोग पाउनको निम्ति हो। त्यसैले, सहयोग पाउनको निम्ति, तोकिएको सदस्यता शुल्क अनिवार्य रुपले तिर्नुपर्ने हुन्छ।

प्रश्न नं. ४ - सदस्यता शुल्क (Subcription fee) नतिरे के हुन्छ ?

उत्तर - यो संगठनले तोकेको सदस्यता शुल्क नतिरे तपशिलका नीतिनियम र विधिविधान भन्दा बाहिर पर्ने भएकोले, आधिकारिक रुपमा संगठनबाट सहयोग पाउन सक्दैन।

प्रश्न नं. ५ - संगठनले तोकेको सदस्यता शुल्क (Subcription fee) तिरेपछि के हुन्छ ?

उत्तर - संगठनले तोकेको सदस्यता शुल्क (Subscription fee) तिरेपछि के हुन्छ भन्ने बारेमा, त्यो तोकिएको सदस्यता शुल्कपछि नम्बरी या नम्बर्नी मर्दा तत्काल सहयोगको आवश्यक परेमा नम्बरीको संगठन सहयोगको निम्ति, निवेदन गर्नुपर्ने हुनछ र त्यो निवेदन पाएपछि इन्टेक १९८३ का तत्कालिन कमिटीले तुरुन्त पीडित नम्बरी या नम्बर्नीलाई सहयोग गर्नुपर्ने हुनछ। त्यसैले, तोकिएको सदस्यता शुल्क तिरे यसरी सहयोग गर्न सकिन्छ।

प्रश्न नं. ६ - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर के-के गर्नुपर्छ ?

उत्तर - तोकिएको सदस्यता शुल्क (Subcription fee) तिरेर मात्र पनि हुँदैन, नम्बरी या नम्बर्नी मर्दा अनिवार्य रुपमा जुन तोकिएको न्यूनतम (Minimum) सहयोग युके पाउण्डस १० (अक्षरमा दश पाउण्डस) छ। त्यो हरेकपल्ट तिरेकै हुनुपर्ने हुन्छ। अनि आफूलाई पनि त्यस्तै दुःखत समस्या आइपरेमा, सहयोग पाउन सकिन्छ। त्यसैले, तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर, माथि भनिएको कुराहरुको पालन गर्नुपर्ने हुन्छ।

प्रश्न नं. ७ - तोकिएको सदस्य शुल्क (Subscription fee) तिर्नुको औचित्य के हो ?

उत्तर - यसको औचित्य समान्यतयाः दुईवटा हुन सक्छ।

क) पहिलो कुरा यसको औचित्य, यसरी नम्बरी या नम्बर्नीलाई मर्दा तत्काल आर्थिक सहयोगको निम्ति कोष (Fund) तयार हुन्छ।

ख) अर्को, यसको औचित्य सदस्यता शुल्क (Subscription fee) तिरेर नम्बर भएको हुन्छ र नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न बाध्य हुनेछ र आफैंलाई यस्तो भविष्यमा समस्या आइपरेमा सहयोग पाइनेछ। अर्थात् संगठनले सहयोग गर्नैपर्ने हुन्छ।

प्रश्न नं. ८ - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेको या तिरेर जम्मा भएको रकम कहाँ जान्छ अथवा कहाँ गएर जम्मा हुन्छ ?

उत्तर - एकदम गजबको प्रश्न हो यो, जति पनि सदस्यता शुल्क (Subscription fee) तिरेर, जम्मा भएको रकम एकमुष्ट भएर यो इन्टेक १९८३ को सामुहिक खाता (Joinent account) बैंकमा कोषको रुपमा सिधैं जम्मा भएर बसेको हुन्छ। नम्बरी या नम्बर्नी मर्दा, सहयोगको निम्ति आवश्यक परे तुरुन्त तत्काल निकाशा गरी सहयोग गर्न सकिनेछ।

प्रश्न नं. ९ - सदस्यता शुल्क (Subscription fee) पहिले कति तोकिएको थियो ? अनि अहिले कति तोकिएको छ ?

उत्तर - सदस्यता शुल्क (Subscription fee) पहिले ३० (अक्षरमा तीस पाउण्डस) थियो भने हालमा केही वर्ष अगाडिदेखि ४० (अक्षरमा चालीस पाउण्डस) तोकिएको छ।

प्रश्न नं. १० - तोकिएको सदस्यता शुल्क नतिरिकन, या Subscribed member नभईकन पनि नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न सकिन्दैन या पाईन्दैन ?

उत्तर - यो प्रश्नले त सहयोग मात्र गरिने या सहयोग गर्न मात्र पाइन्छ किन पाइन्दैन भन्ने एकोहोरो प्रश्न मात्र बुझाउँछ र झल्काउँछ। सहयोग त गर्न पाइन्छ, तर नीतिनियम विधिविधानभित्र नपसेको हुनाले, आफूलाई यस्तो दुःख पर्दा भने, सहयोग पाउन सक्दैन। किनकि, आधिकारिक रुपमा संगठनको विधिविधान र नियमको पालना भएन।

प्रश्न नं. ११ - यसरी नम्बरी या नम्बर्नीलाई मर्दाको बखतमा निरन्तर रुपमा सहयोग गर्न सकिन्छ त ? सकिन्छ भने, आधार के हो ?

उत्तर - अं यो एकदम ठिक प्रश्न हो, सायद यो प्रश्न सबैको मनमस्तिष्कमा परेकै हुन सक्छ र हुन सक्ने प्रश्न पनि हो, स्वभाविक रुपले आउँछ, नम्बरीभित्र र बाहिरबाट पनि।

यही प्रश्नलाई अगाडि राखेर, यसरी नै निरन्तर रुपमा सहयोग गर्न सकियोस् भनी, यही उद्देश्यले नै सक्दो सबैलाई तोकिएको सदस्यता शुल्क तिराई (Subscribed member) बनाई कोष तयार गर्ने भनी सबैको सर्वसहमतिबाट निर्णय गरिएको हो। यसरी सहयोग निरन्तर रुपमा दिनको निम्ति, विधिविधान र बनाइएको नियमभित्र बसि कृयाशिल रहनुपर्दछ। सहज र पारदर्शी ढंगबाट चलिरहनुपर्दछ। अथवा ईमान्दार ढङ्गबाट संस्थालाई कृयाशिल बनाई राख्नुपर्दछ। यसो गरियो भने, निरन्तर रुपमा ईन्टेक १९८३ भित्र निरन्तर रुपले सहयोग गर्न सकिनेछ। र आधार भनेको नै यी माथी गरिएका र भनिएका कुराहरु हुन् र कोषलाई सही ढङ्गबाट र पारदर्शी ढङ्गबाट सञ्चालन गर्ने हो र यसमा सबैजनाको सक्दो सहभागिता हुन आवश्यक छ ताकि परेको बेलामा मात्र महसुस गर्ने होइन। विधिविधान र नियमभित्र बस्नु र पस्नुपर्दछ, आधार नै यही हो।

प्रश्न नं. १२ - आर्थिक पारदर्शिताको आधार के हो, र कसरी देखाउन सकिन्छ ?

उत्तर - प्रश्न जटिल पनि छ र सही पनि छ। यसमा आर्थिक भनेको नै सदस्यता शुल्क

(Membership Subscription fee) हो, यसबाट उठेको रकम बैंक खातामा जम्मा भएर बसेको हुन्छ । र, त्यो पैसा को-कोबाट आयो भनेर, बैंक स्टेटमेण्ट (Bank Statement) ले सबै देखाएको हुन्छ । त्यहीबाट थाहा हुन्छ र त्यो जम्मा भएको कोष फगतमा खर्च गर्न पाइन्दैन । मर्दा र पर्दाको बेलामा मात्र सबै कमिटीले निर्णय गरेर मात्र सहयोग आवश्यक परेमा मात्र र सहयोग चाहियो या सहयोग पाउँ भनी पीडित परिवारबाट निवेदन आएमा, तत्कालको निम्ति, सहयोग गर्ने हो र यो कोष परिपूर्ति गर्नको निम्ति न्यूनतम सहयोग १० (अक्षरमा दश पाउण्डस) उठाएर पुरताल गर्ने हो । र त्यो सबै जति पनि उठेको पैसा (रकम) कोषमा राखिने छ र जम्मा कति उठ्यो भनि स्टेट्समेन्ट (स्क्रिनमा) देखाइनेछ । यही हो आर्थिक पारदर्शिता आधार ।

प्रश्न नं. १३ - सदस्यता शुल्क (Subscription fee) नतिरेको र (Subscribed member) नभएको व्यक्तिले र सहयोग नगरेका व्यक्तिले आर्थिकसम्बन्धी खोजतलास र चासो राख्न पाउँछ कि पाउँदैन ?

उत्तर - पाउँदैन, (Subscription fee) सदस्यता शुल्क नतिरेकाले र सहयोग नगरेकाले आर्थिक सम्बन्धित खोज तलास र चासो राख्न नैतिकताले पनि दिँदैन र कुन आधारले खोजतलास गर्छ । जब सदस्यता शुल्क तिरेको छैन र Subscribed member नै भएको छैन र सहयोग नै गरेको छैन भने । सम्बन्ध नै नरहेकाले खोजतलास गर्न नीतिगत रुपमा पनि मिल्दैन र पाउँदैन । त्यसैले, आर्थिकसम्बन्धी खोजतलास गर्न मन लाग्छ भने, यी कमिटीले मिटिङ बसी बृहत्रुपले छलफल गरि पास गरेका विधिविधान र नियमभित्र बसि नियम पालना गरि तोकिएको सदस्यता शुल्क तिरि Subscribed member बनि परेको बेलामा र मरेको बेलामा अनिवार्य रुपले सहयोग गर्नु पर्दछ । नत्र औचित्यहिन कुरा र भाँगो हाल्न पाईदैन ।

प्रश्न नं. १४ - यो ईन्टेक १९८३ को संगठनले कस्तो-कस्तो बेलामा र कस्तो-कस्तोलाई सहयोग गर्छ ?

उत्तर - यो प्रश्नको उत्तरमाथि बुँदागत रुपमा भनी सकिएको छ । तैपनि जिज्ञासा राखिएकोले भन्नै पर्ने हुन्छ । कस्तोलाई र कुन बेलामा सहयोग गर्छ भन्ने बारेमा, जसले (Membership Subscription fee) सदस्यता शुल्क तिरेर, सदस्य हुनु भई, नम्बरी वा नम्बर्नी मर्दा सहयोग गरिरहेको छ, त्यस्तालाई आफू मर्दा या श्रीमती मर्दा सहयोग पाउँ भनी तत्कालिन कमिटीमा निवेदन हालेमा तुरुन्त सहयोग गरिनेछ ।

प्रश्न नं. १५ - ईन्टेक १९८३ को संगठनले गर्ने खास गरीकन कार्यक्रमहरु के-के हो र कहिले कहिले के-को नाममा गरिन्छ ?

उत्तर - ईन्टेक १९८३ को संगठनले गर्ने खास कार्यक्रम भनेको, वर्षमा एकपटक, ईन्टेक १९८३ का सबै सदस्यहरुलाई परिवारसहित जम्मा हुने कार्यक्रम गरिन्छ । यसमा सबैको

सहभागिता गराई दुःख-सुख गफगाफ र चिनजान भेटघाट गरिन्छ। उसलाई वार्षिक भेटघाट कार्यक्रम भन्ने गरिन्छ । र नम्बरीभित्र कसैलाई केही समस्या आईपर्यो भने र सहयोगको आवश्यकता परेमा अपरझट मिटिङ बसि समस्याको समाधान कसरी गर्ने भनी छलफल गर्नको निम्ति पनि भेला हुने पनि गरिएको छ। खास यही नै हो ।

प्रश्न नं. १६ - यस्तो भेला कार्यक्रममा को-को या कस्ता-कस्ता आउँछन् र Subscriptiom Member नभएकोहरु आउन पाउँछ कि पाउँदैनन् त ?

उत्तर - यो वार्षिक भेला भनेको सबै ईन्टेक १९८३ को सबै परिवारसहितको वार्षिक भेला हो। यो वार्षिक भेलामा मेम्बर सेम्बर र नन मेम्बरको कुनै कुरा छैन सबै आउने हो ।

प्रश्न नं. १७ - यो ईन्टेक १९८३ को संगठनले, कहाँ-कहाँको नम्बरी या नम्बर्नीहरुलाई समेट्ने गरेको छ ?

उत्तर - एकदम सही प्रश्न हो यो। तर कुन कुरामा समेट्ने भन्ने चाहिँ प्रष्ट भएन। समेट्ने भन्ने कुरामा म यसरी प्रष्टसँग राख्न चाहान्छु।

(क) वार्षिक भेटघाटको निम्ति हो भने, नम्बरीहरु संसारको जुनसुकै कुनामा रहे तापनि, हामीले वार्षिक भेटघाटको मिति वर्षदिन अगाडि नै तय गर्ने गरेका छौं । त्यसैले, फरक-फरक देशमा रहे तापनि, वहाँहरुले, आउन चाहेमा, समय मै बिदा मिलाएर आउन सक्नु हुन्छ वार्षिक भेटघाटको निम्ति, त्यसैले यो सबैलाई समेट्ने गरि नै गरिएको छ।

(ख) अर्को सहयोग गर्ने र सहयोग पाउने बारेमा हो भने, यो पनि सबैलाई समेटेर सहयोग गर्न सकियोस् भनी केही माथि उल्लेखित कुराहरु, विधिविधान र नियमभित्र रहि तोकिएको सदस्यता शुल्क तिरी (Subscribed member) बनि नम्बरी या नम्बर्नी मर्दा, या दुःखद् परिस्थितिमा सहयोग गर्दै आउनुभएको छ भने, वहाँहरु जुनसुकै मुलुकमा बस्नु भए तापनि, दुःखद् परिस्थितिमा सहयोग चाहियो भनी तत्कालिन या वर्तमान कमिटीमा निवेदन दिनुभएको खण्डमा सहयोग गरिनेछ। यसरी विधिविधानमा रहि सहयोग गरिरहनु हुने सबैलाई यो संगठनले सहयोग गर्छ। यही तवर तरिकाबाट नै सबैलाई समेट्न सकिन्छ भन्ने निष्कर्ष सहित यो विधिविधान तयार पारिएको हो।

प्रश्न नं. १८ - यो ईन्टेक १९८३ को संगठनले नानी भान्जा-भान्जीहरुलाई कस्तो प्रकारले सहयोग गर्नेछ ? या सहयोग गर्छ कि गर्दैन ? र नानी भान्जा-भान्जीहरुलाई सहयोग गर्नुपर्दा, उमेरको हद हेरिन्छ कि हेरिन्दैन ?

उत्तर - नानी भान्जा-भान्जीहरुको हकमा, कमिटीले बृहत्रुपमा छलफल गरी, उमेर तोकिनु हुँदैन भनी निर्णय गरि पास गरिसकेको हुँदा, नानी भान्जा-भान्जीहरुलाई सहयोग गर्नुपरेमा कुनै उमेरको हदबन्दी हेरिन्दैन । बरु गार्जेन आमाबाबुको आर्थिक अवस्था हेरी आवश्यक परेमा सहयोग गर्ने भनी निर्णय गरिएको छ, त्यहीअनुसार सहयोग गरिनेछ।

प्रश्न नं. १९ - भान्जा-भान्जी, नानीहरुको उमेर त तोकिएको छैन, अर्थात् तोकिने छैन भन्नु

भयो, तर । सायद त्यस्तो नहोला भन्न सकिन्दैन सहयोग गर्छ भनेपछि, यो पर्न सक्ने र हुन सक्ने समस्या पनि हो, त्यो के भने, कसैको दुईटा श्रीमती, तीनवटा श्रीमती पनि हुन सक्छ । तर आधिकारिक रुपमा ब्रिगेड अफ गोर्खाजको रेकर्ड अफिसमा रेकर्ड छैन तर इन्टेक १९८३ को सबस्काइब्ड सदस्यले मेरो श्रीमती हो भन्छ तर माथि भनिएझैं, दर्ता छैन लोग्नेको शेस पछि, पनि पाउने पाउन्दार छैन, आर्मीको हकमा, यस्तो अवस्थाको समस्या भएको नानी भान्जा-भान्जी र नम्बरीको श्रीमतीलाई कस्तो सहयोग गर्न सक्छ इन्टेक १९८३ को संगठनले ?

उत्तर - एकदम सान्दर्भिक र अति नै महत्वपूर्ण प्रश्न हो यो । यो प्रश्नले एकदम होसियार रहन सहयोग पनि गरेको महसुस भएको छ । प्रश्नको निम्ति एकदम धन्यवाद । यसमा त जो नम्बरीको समस्या यसप्रकारको छ र समस्या पर्यो, देहान्त भयो या बिरामी पर्यो र सहयोगको अपेक्षा राखेर निवेदन हालेमा, नम्बर-१ मा त्यो पीडित व्यक्ति वास्तवमा के हो ! व्याईते हो कि ! ल्याईते हो कि ! या भेटाइटे पो होकि त्यो पत्ता लगाएर, ल्याईते र भेटाइटेलाई आधिकारिक रुपले यो संगठनबाट सहयोग गर्न सकदैन । तर, ब्याईते हो र आर्मी रेकर्डमा छ र नम्बरीको शेखपछि बाँकी रहेका पाउन्दारको हकदार रहेछ र उनी पट्टिका नानीहरुलाई, आर्थिक अवस्था हेरी बुझि, आवश्यक छ भनी ठहर भएमा मात्र छलफल गरि निजलाई सहयोग गर्न सकिनेछ । अन्यथा नामको श्रीमती र नानीहरुलाई यो ईन्टेक १९८३ को तर्फबाट सहयोग मिल्न सक्दैन । मानवीय नाताको सहयोग गर्ने, अर्कै पाटा हो । त्यो जसको मातहतबाट पनि सहयोग गर्न सक्छ । तर ०७/०१/२०१८ सालको जनवरी ७ मा बसेको ए.जी.एम.मा भएको मिटिङले, फेरी के निर्णय गर्यो भने, माथि भनिएको कुरामा यो संगठनले, सहयोग गर्नको निम्ति, कमसेकम Subscribe दस्तुर तिरेर Subscribed member हुनुपर्नेछ । अर्को श्रीमती बिहे गरेर, ब्रिगेड अफ गोर्खाजको हेड क्वार्टर रेकर्ड अफिसमा दर्ता गर्न सकेन भने, ईन्टेक १९८३ को फाल्टो Subscribed member बन्नुपर्नेछ ।

धन्यवाद ।

भवदीय,
ईन्टेक १९८३ का वर्तमान सचिव
ठंकबहादुर मगर लगायत सबै
एकजीक्यूटिव कमिटी
जय ईन्टेक १९८३ ।
शुभम् ।

Intake 1983 helped and helping since "1983 Intake" Numberi formed in the UK right after settlement right announced by the British Government.

The following records found, if any details missing apologies in advice.

Ser	A/Nos	Name	Relation to	Year/Month	What we did
1	5969	Til Bahadur Gurung Miss Ranjana Gurung	Daughter	2008 April	Education for nursing £943.00 1ST
2	5914	Rajkapoor Sherchan Master Dhiraj Sherchan	Son died	2008 November	Charity raised £1710.00
3	5969	Til Bahadur Gurung Miss Ranjana Gurung	Daughter	2009 May	Education for nursing £880.00 2ND
4	5831	Bhojendra Pun Mrs Wife	Died	2011 March	Children supporting funds £4250.00
5	6053	Man Bahadur Limbu Mrs Wife		2011 March	Medical support in Nepal £3168.00
6	5969	Til Bahadur Gurung Master Rodan Gurung	Son	2012 December	Education master chef £2550.00
7	5914	Rajkapoor Sherchan	Died	2013 January	Family supported in UK £1651.00
8	5834	Jemansing Rana Mrs Devimaya	Died	2014	Family supported £3264.25
9	6116	Ranodip Rai	Died	2015 January	Family supported in UK £2865.72
10	5894	Bir Bahadur Ghele	Died	2015 May	Family supported in UK £1109.73
11	5927	Bhimlal Pun	Died	2016 December	Family supported in Nepal £2000.00 paid
12	5788	Nar Bahadur Ale Oasis Ale	Daughter	2017 December	Hospital treatment supported £4199.37

सर्बराज राई (६०६७)

यहाँहरुमा न्यानो अभिवादन एवम् सलाम्।

उपरोक्त सम्बन्धमा हाम्रो गरिमामय १९८३ ईन्टेक ३५ औं वर्ष पुरा गरी ३६ औं प्रवेश गरेको शुभअवसरमा यही आउँदो १८ अगस्त २०१८ का दिन वार्षिक नम्बरी भेटघाट कार्यक्रमको शुभअवसरलाई लिएर मायाको चिनो स्वरुप स्मारिका प्रकाशन गरी सबै नम्बरी परिवारजनमा वितरण गरिने भएकोले, यो इन्टेकको विचारलाई हरेक तरहले संगठित र सु-सचेत गर्दै, यहाँहरुमा भएका प्रतिभाहरुलाई संकलन गर्दै, फुटेर होइन जुटेर अनि डटेर सशक्त अगाडि बढनु पर्ने भएकोले यो आव्हानलाई बहन गर्नु र बहन गराउनु सबै आदरणीय नम्बरीहरुले गहन दायित्व र कर्तव्य हो भन्ने हामीले थानेका छौं।

अरु विभिन्न निकायहरुसँग आपसी सहयोग र सद्भाव राखौं सबै नम्बरी परिवारजनलाई एउटै बाटोमा समावेश गरी, सही ढंगले जनचेतना अभिबृद्धि गराउँदै, आवश्यक सहयोग एक-आपसमा परिमार्जन गर्दै, एउटै छातामा आबद्ध गराउन १९८३ इन्टेकको मधुर चाहना हो। यसै चाहनालाई मध्यनजर गर्दै यहाँहरुमा लुकेर बसेका प्रतिभाहरुलाई यस ऐतिहासिक स्मारिका दस्तावेजमा प्रकाशन गरी १९८३ ईन्टेकलाई सहयोग गरिदिनहुन सम्पूर्ण नम्बरीज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ।

यहाँहरुमा भएका कला, कथा, कविता, लेखरचना साथै अमूल्य सल्लाह र सुझावहरु यही आउँदो फेब्रुअरी अन्तिमभित्रमा पठाई १९८३ ईन्टेक स्मारिका परिवारलाई यथासहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ। साथै यो वर्षको नम्बर भेटघाट कार्यक्रम अति महत्वपूर्ण हुनेभएकोले, यो महत्वपूर्ण दिनमा यहाँहरुको महत्वपूर्ण समय प्रदान गरी ऐतिहासिक कार्यक्रमलाई अपार सफल पारीदिनुहुनको लागि हार्दिक चुला निम्तो समेत गरिन्छ।

अन्तिममा यहाँहरुको लेखरचना, कथा, कविता, कुनै आवश्यक सामाग्री लगायत अरु अन्य सल्लाह सुझावको आशा राख्दै, हामी यहाँहरुको बाटो हेरिहनेछौ। हवस्त यहाँ लगायत यहाँको सबै परिवारको शुभदिन बितोस। नमस्कार।

जिउनु कसरी ?

जिउनु कसरी ?
आत्मभित्रको असमर्थ सपनाहरु बोकेर
तडपी-तडपी जिउनु कसरी
अमिलो व्यथाको बिहाल घुटको पिएर
कति दिन हाँस्नु यसरी ?

कथा होइन यो जीवन
कल्पनामै भताभुंग हुने
अविश्वासताको फूलबासी मात्र होइन यो संसार
हर हृदयलाई हरदम प्रफुल्लित पार्ने
व्यतित दिनहरुलाई निन्द्रादेवीको सपना सम्झेर
जिउनु कसरी ?

ती यादहरुलाई मशानघाटको लाश बनाएर
सपना त होइन यो जीवन
निन्द्राबाट ब्यूँझिदा बिर्सि नजाने
चटान झैं कठोर छैन यो मन
असंख्य बेदनामा पनि स्थिर रहने
सदा आफ्नो साथ रहने छायाँलाई
तिरस्कारको दृष्टिले हेरिदिनु कसरी

अन्धकार गोरेटोलाई उज्यालो सम्झेर
कहाँसम्म हिड्दै जानु यसरी ?
सुक्का बालुवा होइन जीवन
बतासले जता उडाउँछ, उतै उडिहिड्ने
मूल्यहीन यो बालुवा होइन जीवन
हर पाईलामा कुल्चिदै हिँडनु पर्ने
वीरताको शान बोकी गर्नु नै के छर
जीवन भरको एक्लो आसथा लिएर, जिउनु कसरी ?

ईन्टेक १९८३ ले के गर्दैछ ?

ईन्टेक १९८३ का नम्बरी संगठनमा रही विगत १९९० सालदेखी मरेको बेलामा र परेको बेलामा नम्बरी परिवारको नाताले (हैसीयत) ले सकेको सक्दो सहयोग गर्दै आएका छौं । ती विगतमा जति सहयोग गर्दै आयौं, र त्यो गरिएको जति पनि सहयोगहरू कुनै बिधिबिधान र नियम बिना नै गरियो, गर्दै आयौं । तर मेम्बरसिप (सदस्यता) भने, राखिएको थियो र सदस्यता शुल्क पनि तोकिएको थियो । पहिले तोकिएको सदस्यता शुल्क, बेलायती पाउण्डस £३० (अक्षरमा तीस) पाउण्डस तोकिएको थियो । र हाल केहि बर्ष अगाडिदेखि भने, शुल्क बढाएर £४० पाउण्डस (अक्षरमा चालिस) पाउण्डस राखिएको छ । यो सदस्यता शुल्क समय-साक्षेप बढाईनेछ । यो संगठन यसरी चलिरहेको अवस्थामा, ईन्टेक १९८३ का सबै नम्बरीहरूले, तोकिएको सदस्यता शुल्क जसलाई भनिन्छ सब्सक्रिप्शन, तीरेर मेम्बर बनिसकेका छैनौं । हामी जम्मा ४९० जनामा, अहिलेको रेकर्डअनुसार, २४२ जनाले मात्र तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर, subscribed member भएका छौं । यसरी नम्बरीको निम्ति सहयोग गर्न र गरिमाग्नको निम्ति सबैलाई सहि ढंगले समेट्नको निम्ति, सबैलाई लागु हुने गरी, बिधिबिधान र नियम बनाउने निर्णय गत २०१७ साल फेब्रुअरी महिना २६ तारिखको दिनमा बसेको मिटिङले पारित गरि, सबै उपस्थिति मेम्बरहरूको रोहबरमा र सर्वसहमतिबाट निम्न बिधिबिधान र नियम पास गरिएको छ ।

यो बन्दै गरेको बिधिबिधान र नियमहरू प्रश्न र उत्तरसहित यसैको आधारमा बनाईएको छ । र अबदेखि उप्रान्त हामी सबै ईन्टेक १९८३ का सदस्यहरूले माथि उल्लेखित र तपशिलका बुँदाहरूलाई अक्षरस पालना गरी सहयोग गर्ने र गरी मागिनेछ ।

प्रश्न र उत्तर निम्नप्रकारले बुँदागत रूपमा राखिएको छ ।

प्रश्न नं. १ - ईन्टेक १९८३ को निम्ति, सहयोग गर्न यसरी संगठन नै निर्माण गर्न किन आवश्यक पर्यो ?

उत्तर - पहिले त त्यस्तो महसुस त गरिएको थिएन, तर यो जिन्दगीको भरोसा नहुने रहेछ, परिआएपछि, मान्छेको भोगाईको परिणामले अटोमेटिकली रूपमा त्यस्तो खालको महसुस हुँदो रहेछ । त्यसै शिलशिलामा, नम्बरीहरू र नम्बर्नीहरू बिद्दै जानु थाल्यो र सहयोग पनि गर्दै गईयो । तर पछि सबैले महसुस गर्न थालियो कि अब यसरी मर्दा र पर्दाको अवस्थामा सहयोग गर्न र गरि माग्नको निम्ति संगठनकै रूपमा चलौं ईन्टेक १९८३ नम्बरीको निम्ति भनि महसुस गरि संगठनकै रूपमा चल्न थालियो । यसरी नै संगठनको रूप लिएको हो ।

प्रश्न नं. २ - ईन्टेक १९८३ संगठनको सदस्य बन्नको निम्ति के छ र कसरी कुन प्रावधानबाट बन्न सकिन्छ र के गर्नुपर्छ ?

उत्तर - ईन्टेक १९८३ का नम्बरीहरू सोतह सदस्य त छँदैछ । तर मर्दा र पर्दाको बेलामा भने, आर्थिक कारोबार हुने हुनाले, यसलाई यस्तो अवस्थामा सबैले मनासिव तरिकाले सबैलाई समेटिने किसिमले आधिकारिक रूपले सहयोग व्यवस्थापन गर्नको निम्ति, केहि तपशिलका मापदण्डहरू तयार पारिएको छ । यस मापडण्डमा केहि नियमहरू पनि तयार गर्नुपर्ने देखिएकोले यस नियममा पसि सदस्य बन्नुपर्दछ । त्यो सदस्य बन्नको निम्ति, हालमा तोकिएको सदस्यता शुल्क (Subscription fee) तिर्नुपर्ने हुन्छ ।

प्रश्न नं. ३ - सदस्यता शुल्क (Subscription fee) किन तिर्नुपर्ने हुन्छ ?

उत्तर - सदस्यता शुल्क (Subscription fee) किन तिर्नुपर्ने भने, ईन्टेक १९८३ का नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न र सहयोग पाउनको निम्ति हो । त्यसैले, सहयोग पाउनको निम्ति, तोकिएको सदस्यता शुल्क अनिवार्य रूपले तिर्नुपर्ने हुन्छ ।

प्रश्न नं. ४ - सदस्यता शुल्क (Subscription fee) नतिरे के हुन्छ ?

उत्तर - यो संगठनले तोकेको सदस्यता शुल्क नतिरे तपशिलका निति-नियम र बिधिबिधान भन्दा बाहिर पर्ने भएकोले, आधिकारिक रूपमा संगठनबाट सहयोग पाउन सक्दैन ।

प्रश्न नं. ५ - संगठनले तोकेको सदस्यता शुल्क (Subscription fee) तिरेपछि के हुन्छ ?

उत्तर - संगठनले तोकेको सदस्यता शुल्क (Subscription fee) तिरेपछि के हुन्छ भन्ने बारेमा, त्यो तोकिएको सदस्यता शुल्कपछि नम्बरी या नम्बर्नी मर्दा तत्काल सहयोगको आवश्यक परेमा नम्बरीको संगठनमा सहयोगको निम्ति, निवेदन गर्नुपर्ने हुन्छ र त्यो निवेदन पाएपछि ईन्टेक १९८३ का तत्कालिन कमिटिले तुरून्त पिडित नम्बरी या नम्बर्नीलाई सहयोग गर्नुपर्ने हुन्छ । त्यसैले, तोकिएको सदस्यता शुल्क तिरे यसरी सहयोग गर्न सकिन्छ ।

प्रश्न नं. ६ - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर के-के गर्नुपर्छ ?

उत्तर - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर मात्र पनि हुँदैन, नम्बरी या नम्बर्नी मर्दा अनिवार्य रूपमा जुन तोकिएको न्युनतम (minimum) सहयोग युके पाउण्डस £१० अक्षरमा दश पाउण्डस छ । त्यो हरेक पल्ट तिरेकै हुनुपर्ने हुन्छ । अनि आफुलाई पनि त्यस्तै दुखद् समस्या आई परेमा, सहयोग पाउन सकिन्छ । त्यसैले, तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेर, माथि भनिएको कुराहरूको पालन गर्नुपर्ने हुन्छ ।

प्रश्न नं. ७ - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिर्नुको औचित्य के हो ?
उत्तर - यसको औचित्य सामान्यतया दुईवटा हुन सक्छ ।
क) पहिलो कुरा यसको औचित्य, यसरी नम्बरी या नम्बर्नीलाई मर्दा तत्काल आर्थिक सहयोगको निम्ति, कोष (Fund) तयार हुन्छ ।
ख) अर्को, यसको औचित्य सदस्यता शुल्क (Subscription fee) तिरेर मेम्बर भएको हुन्छ र नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न बाध्य हुनेछ र आफैंलाई यस्तो भविष्यमा समस्या आईपरेमा सहयोग पाईनेछ । अर्थात् संगठनले सहयोग गर्नैपर्ने हुन्छ ।

प्रश्न नं. ८ - तोकिएको सदस्यता शुल्क (Subscription fee) तिरेको या तिरेर जम्मा भएको रकम कहाँ जान्छ अथवा कहाँ गएर जम्मा हुन्छ ?
उत्तर - एकदम गजबको प्रश्न हो यो, जतिपनि सदस्यता शुल्क (Subscription fee) तिरेर, जम्मा भएको रकम एकमुष्ठ भएर यो ईन्टेक १९८३ को सामूहिक खाता (Joint account) बैंकमा कोषको रूपमा सिधैं जम्मा भएर बसेको हुन्छ । नम्बरी या नम्बर्नी मर्दा, सहयोगको निम्ति आवश्यक परे तुरून्त तत्काल निकाशा गरी सहयोग गर्न सकिनेछ ।

प्रश्न नं. ९ - सदस्यता शुल्क (Subscription fee) पहिले कति तोकिएको थियो ? अनि अहिले कति तोकिएको छ ?
उत्तर - सदस्यता शुल्क (Subscription fee) पहिले £३० (अक्षरमा तीस पाउण्डस) थियो भने हालमा केहि बर्ष अगाडिदेखि £४० (अक्षरमा चालीस पाउण्डस) तोकिएको छ ।

प्रश्न नं. १० - तोकिएको सदस्यता शुल्क नतिरीकन, या Subscribed member नभईकन पनि नम्बरी या नम्बर्नी मर्दा सहयोग गर्न सकिन्दैन या पाईन्दैन ?
उत्तर - यो प्रश्नले त सहयोग मात्र गरिने या सहयोग गर्न मात्र पाईन्छ कि पाईन्दैन भन्ने एकोहोरो प्रश्न मात्र बुझाउँछ र झल्काउँछ । सहयोग त गर्न पाईन्छ, तर नितिनियम बिधिबिधानभित्र नपसेको हुनाले, आफुलाई यस्तो दुख पर्दा भने, सहयोग पाउन सक्दैन । किनकि, आधिकारिक रूपमा संगठनको बिधिबिधान र नियमको पालना भएन ।

प्रश्न नं. ११ - यसरी नम्बरी या नम्बर्नीलाई मर्दाको बखतमा निरन्तर रूपमा सहयोग गर्न सकिन्छ त ? सकिन्छ भने, आधार के हो ?
उत्तर - यो एकदम ठिक प्रश्न हो, सायद यो प्रश्न सबैको मनमस्तिस्कमा परेकै हुन सक्छ र हुन सक्ने प्रश्न पनि हो, स्वभाविक रूपले आउछ, नम्बरीभित्र र बाहिरबाट पनि ।
यहि प्रश्नलाई अगाडि राखेर, यसरी नै निरन्तर रूपमा सहयोग गर्न सकियोस् भनि, यहि

उद्देश्यले नै सक्दो सबैलाई तोकिएको सदस्यता शुल्क तिराई (Subscribed member) बनाई कोष तयार गर्ने भनि सबैको सर्बसहमतिबाट निर्णय गरिएको हो । यसरी सहयोग निरन्तर रूपमा दिनको निम्ति, बिधिबिधान र बनाईएको नियमभित्र बसि कृयाशिल रहनुपर्दछ । सहज र पारदर्शी ढङ्गबाट चलिरहनुपर्दछ । अथवा ईमान्दार ढङ्गबाट संस्थालाई कृयाशिल बनाई राख्नु पर्दछ । यसो गरियो भने, निरन्तर रूपमा ईन्टेक १९८३ भित्र निरन्तर रूपले सहयोग गर्न सकिनेछ । र आधार भनेको नै यी माथी गरिएका र भनिएका कुराहरू हुन् र कोषलाई सहि ढङ्गबाट र पारदर्शी ढङ्गबाट सञ्चालन गर्ने हो र यसमा सबैजनाको सक्दो सहभागिता हुन आवश्यक छ न कि परेको बेलामा मात्र महसुस गर्ने होईन । बिधिबिधान र नियमभित्र सबै बस्नु र पस्नु पर्दछ, आधार नै यहि हो ।

प्रश्न नं. १२ - आर्थिक पारदर्शिताको आधार के हो, र कसरी देखाउन सकिन्छ ?
उत्तर - प्रश्न जटिल पनि छ र सहि पनि छ । यसमा आर्थिक भनेको नै सदस्यता शुल्क (Membership Subscription fee) हो, यसबाट उठेको रकम बैंक खातामा जम्मा भएर बसेको हुन्छ । र त्यो पैसा को-कोबाट आयो भनेर, बैंक स्टेटमेण्ट (Bank statement) ले सबै देखाएको हुन्छ । त्यहिँबाट थाहा हुन्छ र त्यो जम्मा भएको कोष फगतमा खर्च गर्न पाईन्दैन । मर्दा र पर्दाको बेलामा मात्र सबै कमिटिले निर्णय गरेर मात्र सहयोग आवश्यक परेमा मात्र र सहयोग चाहियो या सहयोग पाउँ भनि पिडित परिवारबाट निवेदन आएमा, तत्कालको निम्ति, सहयोग गर्ने हो र यो कोष परिपुर्ति गर्नको निम्ति न्युनतम सहयोग £१० (अक्षरमा दश पाउण्डस) उठाएर पुर्ताल गर्ने हो । र त्यो सबै जति पनि उठेको पैसा कोषमा राखिनेछ र जम्मा कति उठ्यो भनि स्टेट्समेन्ट (स्क्रिनमा) देखाईनेछ । यहि हो आर्थिक पारदर्शिताको आधार ।

प्रश्न नं. १३ - सदस्यता शुल्क (Subscription fee) नतिरेको र (Subscribed member) नभएको व्यक्तिले र सहयोग नगरेका व्यक्तिले आर्थिक सम्बन्धी खोजतलास र चासो राख्न पाउछ कि पाउँदैन ?
उत्तर - पाउँदैन । (Subscription fee) सदस्यता शुल्क नतिरेकाले र सहयोग नगरेकाले आर्थिक सम्बन्धि खोजतलास र चासो राख्न नैतिकताले पनि दिँदैन र कुन आधारले खोजतलास गर्छ । जब सदस्यता शुल्क तिरेको छैन र Subscribed member नै भएको छैन र सहयोग नै गरेको छैन भने । सम्बन्ध नै नरहेकाले खोजतलास गर्न नितिगत रूपमा पनि मिल्दैन, र पाउँदैन । त्यसैले, आर्थिक सम्बन्धी खोजतलास गर्न मन लाग्छ भने, यी कमिटिले मिटिङ बसि बृहत् रूपमा छलफल गरि पास गरेका बिधिबिधान र नियमभित्र बसि नियम पालना गरि तोकिएको सदस्यता शुल्क तिरि Subscribed member बनि परेको बेलामा

र मरेको बेलामा अनिवार्य रूपले सहयोग गर्नुपर्दछ । नत्र औचित्यहिन कुरा र भाँजो हाल्न पाईन्दैन ।

प्रश्न नं. १४ - यो ईन्टेक १९८३ को संगठनले कस्तो-कस्तो बेलामा र कस्तो-कस्तोलाई सहयोग गर्छ ?

उत्तर - यो प्रश्नको उत्तरमाथि बुँदागत रूपमा भनि सकिएको छ । तैपनि जिज्ञासा राखिएकोले भन्नैपर्ने हुन्छ । कस्तोलाई र कुन बेलामा सहयोग गर्छ भन्ने बारेमा, जस्ले (membership subscription fee) सदस्यता शुल्क तिरेर, सदस्य हुनुभई, नम्बरी वा नम्बर्नी मर्दा सहयोग गरिरहेको छ, त्यस्तालाई आफु मर्दा या श्रीमति मर्दा सहयोग पाउ भनि तत्कालीन कमिटीमा निवेदन हालेमा तुरून्त सहयोग गरिनेछ ।

प्रश्न नं. १५ - ईन्टेक १९८३ को संगठनले गर्ने खास गरिकन कार्यक्रमहरू के-के हो र कहिले-कहिले के-को नाममा गरिन्छ ?

उत्तर - ईन्टेक १९८३ को संगठनले गर्ने खास कार्यक्रम भनेको, बर्षमा एकपटक, ईन्टेक १९८३ का सबै सदस्यहरूलाई परिवारसहित जम्मा हुने कार्यक्रम गरिन्छ । यसमा सबैको सहभागिता गराई दुख-सुख गफ-गाफ र चिनजान भेटघाट गरिन्छ । जसलाई बार्षिक भेटघाट कार्यक्रम भन्ने गरिन्छ । र नम्बरीभित्र कसैलाई केहि समस्या आईपर्यो भने, र सहयोगको आवश्यकता परेमा अर्पभ्फट मिटिङ बसि समस्याको समाधान कसरी गर्ने भनि छलफल गर्नको निम्ति पनि भेला हुने पनि गरिएको छ । खास यहि नै हो ।

प्रश्न नं. १६ - यस्तो भेला कार्यक्रममा को-को या कस्ता-कस्ता आउँछन् र Subscription member नभएकोहरू आउन पाउँछ कि पाउँदैनन् त ?

उत्तर - यो बार्षिक भेला भनेको सबै ईन्टेक १९८३ को सबै परिवारसहितको बार्षिक भेला हो । यो बार्षिक भेलामा मेम्बर / सेम्बर र नन मेम्बरको कुन कुरा छैन सबै आउने हो ।

प्रश्न नं. १७ - यो ईन्टेक १९८३ को संगठनले, काहाँ-काहाँको नम्बरी या नम्बर्नीहरूलाई समेट्ने गरेको छ ?

उत्तर - एकदम सहि प्रश्न हो यो । तर कुन कुरामा समेट्ने भन्ने चाहिँ प्रष्ट भएन । समेट्ने भन्ने कुरामा म यसरी प्रष्टसँग राख्न चाहान्छु ।

(क) बार्षिक भेटघाटको निम्ति हो भने, नम्बरीहरू संसारको जुनसुकै कुनामा रहेतापनि, हामीले बार्षिक भेटघाटको मिति बर्षदिन अगाडि नै तय गर्ने गरेका छौं । त्यसैले, फरक-फरक देशमा रहेतापनि, वहाँहरूले आउन चाहेमा समय मैं बिदा मिलाएर आउन सक्नुहुन्छ । वार्षिक

भेटघाटको निम्ति, त्यसैले यो सबैलाई समेट्ने गरि नै गरिएको छ ।

(ख) अर्को सहयोग गर्ने र सहयोग पाउने बारेमा हो भने, यो पनि सबैलाई समेटेर सहयोग गर्न सकियोस् भनि केहि माथि उल्लेखित कुराहरू, बिधिबिधान र नियमभित्र रहि तोकिएको सदस्यता शुल्क तिरि (Subscribed member) बनि नम्बरी या नम्बर्नी मर्दा, या दुखद् परिस्थितिमा सहयोग गर्दै आउनुभएको छ भने, वहाँहरू जुनसुकै मुलुकमा बस्नु भएतापनि, दुखद् परिस्थितिमा सहयोग चाहियो भनि तत्कालीन या वर्तमान कमिटिमा निवेदन दिनुभएको खण्डमा सहयोग गरिनेछ । यसरी बिधिबिधानमा रहि सहयोग गरिरहनुहुने सबैलाई यो संगठनले सहयोग गर्छ । यहि तवर-तरिकाबाट नै सबैलाई समेट्न सकिन्छ भन्ने निस्कर्षसहित यो बिधिबिधान तयार पारिएको हो ।

प्रश्न नं. १८ - यो ईन्टेक १९८३ को संगठनले नानी भान्जा-भान्जीहरूलाई कस्तो प्रकारले सहयोग गर्नेछ ? या सहयोग गर्छ कि गर्दैन ? र नानी भान्जा-भान्जीहरूलाई सहयोग गर्नुपर्दा, उमेरको हद हेरिन्छ कि हेरिन्दैन ?

उत्तर - नानी भान्जा-भान्जीहरूको हकमा, कमिटिले बृहत् रूपमा छलफल गरी, उमेर तोकिनु हुदैन भनि निर्णय गरि पास गरिसकेको हुँदा, नानी भान्जा-भान्जीहरूलाई सहयोग गर्नुपरेमा कुनै उमेरको हदबन्दी हेरिन्दैन । बरू गार्जेन आमा-बाबुको आर्थिक अवस्था हेरी आवश्यक परेमा सहयोग गर्ने भनि निर्णय गरिएको छ, त्यहि अनुसार सहयोग गरिनेछ ।

ईन्टेक १९८३ प्रतिवेदन

ईन्टेक १९८३ का वर्तमान सचिवबाट प्रतिवेदन प्रस्तुत । आदरणिय वर्तमान एक्जेक्युटिभ कमिटिका चेयर पर्सनलगायत तमाम सदस्यज्युहरू, सल्लाहकारज्युहरू र निवर्तमानका एक्जीक्यूटिव कमिटिका, चेयर पर्सनज्युहरू, सल्लाहाकारज्युहरू र सबै तमाम ईन्टेक १९८३ का २११६५७२५ देखि २११६६२१४ सम्मका नम्बरी साबहरू नमस्कार अनि अभिवादन तथा सलाम् नम्बर्नी मेमसाब बहिनीहरूमा नमस्कार नानी छोरा-छोरी, भान्जा-भान्जीहरूलाई शुभआशिर्वाद ।

आज हामी यो अवस्थामा आई पुग्नु भनेको, लामो पृष्ठभुमिबाट आफ्नै ढङ्गबाट गुज्रिदै संघर्ष गर्दै यहाँ आईपुगेका छौं । यो एक प्रकारले, हाम्रो निम्ति ऐतिहासिक पृष्टभुमिको ठुलो देन हुन आएको छ । जुन दिन हामी १९८३ सालको फेब्रुअरी ११ तारिखबाट विधिवत् रूपमा, आ-आफ्नो छाती नम्बरदेखि आर्मी सर्भिस नम्बर (डिस्क नम्बर) पाई पुर्व धरानबाट र मध्य पश्चिम पोखराबाट विभिन्न ग्रुप (चक)मा तत्कालिन रोयल नेपाल एयर लाईन्स्को चाटर फ्लाईटबाट हडकङको सेकोङ मलाया लाईन स्थित (Training Depot Brigade of Gurkhas TDBG मा जम्मा भई करिब ५२ हप्ताको रेक्रूट ट्रेनिङमा सँगै बिताएको समयको निकटता नै आजको सामिप्यमा हामी अति नै नजिक भएका छौं । त्यो ५२ हप्ताको सँगैको बसाईको दुखाई, पौडाई र निधाई । जता हिँडे पनि जहाँ हिँडे पनि, लेफ्ट राईट, लेफ्ट राईटको आफ्नै स्वर भाका र लयले आज पनि बिस-बाईस बर्षपछि नम्बरीसँग भेट हुँदा यो कानमा, त्यहिँ लेफ्ट राईट लेफ्ट राईटको आवाज, यी हाम्रो कानमा गुन्जीरहन्छ, यहिँ ५२ हप्ताको दुखाई पिराई कुधाई, र एउटै कुक हाउसको भात खाई र हरेक हप्ताको शुक्रबारको दिन साँझको समयमा विभिन्न सांगीतिक रमझमको निकटताले आमाको कोखबाट जन्मिएको दाजु-भाईभन्दा पनि नजिक हुन पुगेको हामी सबैलाई हाम्रो मन-मस्तिष्कमा परिरहेकै छ । यस्तै क्रममा जब हामी सबै ५२ हप्ताको ट्रेनिङपछि, अन्तमा शिरमोनियल (पासिंग आउट) परेड सकेपछि रेक्रुरूटे बन्धनबाट थोरै खुकुलो भएको महसुस भयो । यसरी अनेक स्टेप पारगरि ट्रेनिङ सकेपछिको रिल्याक्सले, अर्कै रूझान् र बुझान् हुनु स्वभाविक थियो । अब कुन-कुन पल्टनमा जाने भन्नेमा अर्को टेन्सन् आई पर्यो । अब पल्टन छान्ने क्रम आयो, आफुले छानेकोमा पर्ने पर्यो, नपर्ने परेन । जे होस् पल्टन छाने पनि नछाने पनि, जहाँ जानु पर्ने थियो, खटाउनु पर्ने थियो, पठायो गईयो । त्यसपछि आ-आफ्नो तोकिएको पल्टनमा जाने क्रम आयो हामी एक-आपसमा बिलौना गर्ने भेट होईन्छ कि होईन्दैन भन्ने कुरा त छँदै थियो, ५२ हप्तासम्म आँसु र हाँसो ट्रेनिङको कठिनाईको बाबजुत् मिलेर बसेको सम्झनाले कतिसम्म सताउने हो थाहा थिएन । पल्टन-पल्टनबाट गाडीहरू लिन आईरहेका थिए, यता र

उता नम्बरी-नम्बरीहरू बीच, प्रेमीप्रेमीकाको भन्दा फरक प्रकारको पृथक रूपमा हामी सबै नम्बरीहरूको अनुहारमा लाली चढे झैं एकआपसमा रून्चे अनुहारमा हेर्दै रोयौं । पल्टन-पल्टनको गाडीमा चढ्न तयार भयौं ! पल्टनबाट लिनु आउने गाडिहरू, सरकारी सेटो टललल टल्केको सफा गाडीको ताँत, छुट्टिने बेलामा हल्लायौं सबैले हात ! अब लागियो आ-आफ्नो पल्टनतिर, पल्टनमा पुगियो, अब भने, पल्टने भईयो ! रेक्रुटेबाट पल्टने, आ-आफ्नो पल्टनमा पुगेर अब सुरू भयो, छुट्टै नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ वातावरण ! काहाँ हो - काहाँ नम्बरीहरूको याद आउँछ ! त्यति बेलाको समयमा आजको जस्तो सम्पर्क गर्ने साधन (मोबाईल फोन) थिएन ! थियो त कम्पनी सार्जन मेजरको अफिसमा ! अम्ला छिराएर घुमाउनुपर्ने, त्यो पनि चलाउन पाईने कि नपाईने थाहा छैन, चलाउन पाए पनि कसरी घुमाउने चलाउने त्यो पनि थाहा छैन ! हुँदा-हुँदा नयाँ ठाउँ र नयाँ परिबेश र नयाँ मान्छेहरू नयाँ वातावरणमा भिज्दै गएपछि कुन पल्टनको कुन कम्पनीको फोन नम्बरहरू कुनको कति हो ? के मा पाईन्छ र कसरी गर्ने भन्ने कुरा थाहा भएपछि, कम्पनीको लाईन् सेन्ट्रि परेको बेलामा, कम्पनी मेजर साबको अफिसबाट फोन गरी सम्झनामा आएको नम्बरीलाई फोन गरी कुरा गर्ने सम्म भयौं । यसरी फोन गर्दै नम्बरीहरूलाई खोज्दै फोनमा कुरा गर्न भेट्ने र कुरा गर्नुपर्ने भयो, नम्बरीलाई भेट्नु पर्यो, काहाँ भेट्ने ? ब्रिगेड अफ गोर्खाजमा पहिलेदेखि नेपाल कप भन्ने ईन्टर बटालाईन फुटबल कप हुने चलन रहेछ, त्यो दिन सबै बटालियन नै नेपाल कप हेर्न जाने चलन रहेछ ! त्यसबेला हङकङमा दशवटा पल्टनहरू रहेछन् र नम्बरी, साथी-भाई, आफन्त गाउँले भेट गर्ने ठाउँ अर्थात् भेट गर्ने मौका त्यै फुटबल कप हुने ठाउँ रहेछ । त्यहिँ मौका पारी नम्बरी भेट्ने बाचा गर्दै, औंला छिराएर घुमाउने फोनबाट कुरा गरिन्थ्यो । यस्तै गर्दै, नयाँ ठाउँ र नयाँ परिवेशको अवस्थालाई छिचोल्दै यसले विकसित रूप लिँदै अब बाहिर सार्वजनिक ठाउँतिर भेट्ने आँट आउन थाले पछि, सार्वजनिक स्थानतिर, नम्बरीलाई भेट्न सक्नेसम्म भयौं । यहि क्रमले डोर्याएर, हामीलाई हङकङको विभिन्न सार्वजनिक ठाउँहरूमा पुगेर नम्बरीहरूलाई भेट्न थालियो । पहिलो छुट्टि नजाउन्जेल मुकलिसे (अविवाहित) या सिंगल वातावरणमा रमाउने गरियो भने, पहिलो छुट्टि गएर आएपछि प्राय हामी सबैजसो नम्बरीहरूले विवाह गर्यौं ! र पल्टने जीवनसँगै व्यवहारिक जीवनसँग पनि घुलमिल हुन थाल्यौं ! अब हामी व्यवहारिक जीवनसँग नाता गाँस्न लाग्यौं ! नम्बरीसँगको माया कलिलोपन या काँचोपन रहेन ! नम्बरीप्रतिको माया फक्रेर र अब सुमधुर र परिपक्क माया र मानवियताभन्दा पनि अलिक नजिकको सम्बन्धमा रह्यौं भने, अर्कोतिर, पहिलो छुट्टिमा विवाह नगर्ने हामीहरूले, अधिकांश रूपमा दोस्रो छुट्टिमा विवाह गर्यौं भने, तेस्रो छुट्टिमा प्रायः सबैले विवाह गरेर पारिवारिक जीवनतर्फ होमिन थाल्यौं । अब परिपक्कताले देर्याउन थालेको अनुभुत हुन थाल्यो ! हामी आ-आफ्नो तालमा परिवारहरूसँग रमाउन थाल्यौं । कहिले-काँहि सामाजिक रहनसहनमा चासो राख्ने पल्टने नम्बरीहरूबाट नम्बरी

टोलीको पार्टी गर्‍यौं, नम्बरी टोलीको बि.बि.क्यु गरौं भन्ने यदाकदा आवाजहरू आउन थाले र थोरै संख्यामा भए पनि नम्बरीहरू भेला भएर, पार्टी बि.बि.क्यु. गर्दै पछि-पछि आ-आफ्नो पल्टनमा सबै नम्बरीहरूलाई नम्बरी पार्टीको निम्ति उर्दि नै गर्न थालियो र रमझम् र तामझाम गर्न थाल्यौं ! यसरी सबै कुराहरू ठिक समयमा सबै थोक ठिक रहँदासम्म त सबैको स्तर एउटै हुँदो रहेछ ! तर जब लेखन्तले या भवितव्यले दिएको निर्देशनलाई हामी मानव जाति या प्राणी जगतले नकार्न या टार्न कदापी नसकिने रहेछ भन्ने कुरा प्रष्टसँग साक्षात्कार रूपमा देखा पर्यो । कुरा सन् १९९३ सालतिरको घटना हो, हङकङमा फेमिली वाला भएको समयमा, ईन्टेक १९८३ लाई बज्रपात आयो ।

६५९६९ तील बहादुर गुरूङ नम्बरीलाई सबैभन्दा पहिले दैवको खेलले अति नै निर्दयी ढंगले केहि महिना सताएर, लिएर गईदियो ! नम्बरी तीलबहादुर गुरूङको निधन पश्चात् केहि बर्षपछि, नम्बर्नी बहिनीको पनि नेपालमा निधन हुन पुग्यो ! बाहाँहरूको एउटा छोरा र एउटा छोरी थियो । ती नानीहरूलाई पठन-पाठन र खानपानको निम्ति, बडो मुस्किल हुन पुग्यो । यस कुरामा हामी सबै नम्बरीहरूले बडो गम्भीर रूपमा मनन् गरि सहयोग गर्नुपर्छ भनि पटक-पटक गरी सहयोग गर्यौं ! आज ती नानीहरू आफ्नो खुट्टामा उभिनु सक्ने भएका छन् ! यसरी आज नम्बरी र नम्बर्नी नानीहरूलाई नचाहँदा नचाहँदै पनि हामिले गुमाउँदै आईरहनु परेको छ । तथापी हामीले, जानकारीमा आएसम्म र सहयोग पाउँ भनि निवेदन दिनुभएका नम्बरी, नम्बर्नी र नानीहरूलाई बारम्बार सहयोग गर्दै आईरहेका छौं । आजसम्ममा हामीले तपसिलका नम्बरीहरूलाई गुमाईसकेका छौं ।

१. ५८२५ लोक दर्शन लामा
२. ५७३७ रबिन्द्र जुहार्चन
३. ५८३४ जेमान सिंग राना
४. ५८४३ नर बहादुर पुन
५. ५८९४ बीर बाहादुर घले
६. ५९१४ राज कपुर शेरचन
७. ५९२७ भीम लाल पुन
८. ५९६९ तील बहादुर गुरूङ
९. ६०१० लक्ष्मी लिम्बु
१०. ६०३५ खातिर मनि राई
११. ६०८१ ज्ञानु लामा
१२. ६१०८ समरितमान राई
१३. ६११६ रनोउद्दिम राई

यी नम्बरीहरू बितेर गए पनि बहिनी नानीहरू हुनुहुन्छ ! तसर्थ वाहाँहरूलाई समेटेर लानु हाम्रो कर्तव्य हो । यसरी यस ईन्टेक १९८३ संगठित भएर निरन्तर अगाडि बढिरहेको छ । तर कतिपय दिवंगत हुनुभएका नम्बरीहरूको निम्ति, हामी बाँचिरहेका नम्बरीहरूबाट पुर्ण रूपले सहयोग गर्न भने सकेनौं होला । यो कुनै नियतबस नभएर कारणबस त अवश्य नै हो । कसैले सहयोग माग्न चाहे, त कसैले चाहेन ! यो आफ्नै ठाउँमा छ ! तर हामीले नम्बरीको निम्ति, सहयोग चाहेको खण्डमा निरन्तर सहयोग गर्दै आईरहेका छौं, र गरिरहेका छौं ! तर यसको निम्ति हामीले अहिले आन्तरिक रूपमा सबै नम्बरीहरूलाई मरेको बेलामा र परेको बेलामा सहयोग गर्नुपर्दा, सबैलाई समेटिने गरि, नितिनियम र बिधिबिधानहरू बनाएका छौं ! जुन नितिनियम र बिधिबिधानले, हामी सबैलाई बराबर रूपमा, सहयोग गर्न पुरा मद्दत गर्नेछ । त्यसैले, नम्बरीभित्र बराबर परेको बेलामा र मरेको बेलामा सहयोग पाउनको निम्ति, सबै नम्बरीहरू बिधानभित्र रही बस्नुपर्ने हुन्छ ! र यहि नै हो हाम्रो राम्रो सिस्टम् ! अब यो त भयो सहयोग पाउनको निम्ति के हो भन्ने कुराको बर्णन् ! र अर्को हामीले बर्सेनी नम्बरीहरूको भेटघाट गर्ने बार्षिक भेटघाट कार्यक्रम पनि राखेका छौं र गर्दै पनि आएका छौं । यस बार्षिक भेटघाट कार्यक्रममा सकेसम्म र मिल्छ भने सबैजना आईदिनु राम्रो हुन्छ । यसरी बार्षिक भेटघाटमा सबैजना आउनलाई बिनम्र आह्वान पनि गर्दछौं र आउँदै पनि छौं । विगत नौ-दश सालदेखि भने, उत्साहपुर्वक नै जमघट हुने गरेका छौं । सन् २००८ सालमा, शिलभर जुब्ली, भव्यताका साथमा मनाएका थियौं ! त्यो बेलामा त्यतिखेर धेरैभन्दा धेरैको सहभागिता रहेको थियो । र त्यो सिल्भर जुब्लीको विशेष अवसरमा, ४५ तोलाको चाँदिको घोप्लेट बनाएका थियौं । त्यो पनि ऐतिहासिक सम्झना रहिरहेको छ ! र पछिसम्म रहिरहने छ ! हाम्रो निम्ति, यसरी नै साधारण प्रकारले हरेक बर्ष हामीले जमघट गर्दै आईरहेका छौं । एवम् रूपले गर्दै आज हामी ३५ सौं बर्षगाँठमा आईपुगेका छौं ! यहिँ बर्षगाँठ पारेर यो पाली हामीले बडो उत्साहका साथ हामी ईन्टेक १९८३ को जीवन्त सम्झनाको निम्ति, सबैको कृति रहने र सबै नम्बरी-नम्बर्नीहरू अट्ने गरी स्मारिका पुस्तक तयार भएको छ ! यो स्मारिका निकाल्नमा हर-प्रयासरत् रहनुभएका स्मारिका टिमको ठुलो मेहनतले नै यो सफल भएको छ । बिशेष गरेर, २४ सै घण्टा खटि रहनुहुने बर्तमान चेयरपर्सन ६०४४ गोपाल गीरी नम्बरीज्यु, १९८३ का निवर्तमान अध्यक्ष तथा वर्तमान सल्लाहाकार ६०६७ सर्बराज राई नम्बरीज्यु र मिडिया विभाग प्रमुख ६१३० होम सुनुवार नम्बरीज्युलाई धन्यवाद भन्न छुट्याउनु अन्याय ठान्दछु ! यसै क्रम्मा स्मारिकाको निम्ति, विभिन्न सामग्रीहरू जुटाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहभागिता जनाई आ-आफ्नो लेख सामग्रीहरू जुटाई सहयोग गर्नुहुने सबैलाई म सचिव टंकबहादुर मगरलगायत सबै एक्जेक्युटिभ कमिटिको तर्फबाट जति नै प्रशंसा गरे पनि अपुरो रहन्छ । यहाँहरू सबैलाई मुरी-मुरी धन्यवाद ! हामी १९८३ ईन्टेकका नम्बरीहरू विभिन्न विधामा समर्पण छौं । कोही बिख्यात् साहित्यकार, कोही गीत र संगीत

पोख्त छौं, कोही जोक गर्नमा पोख्त छौं । कोहि प्रसारण क्षेत्रमा रहेछ सञ्चार माध्यममा सञ्चारकर्मी छौं भने स्मारिका नराम्रो नहुने कुरै भएन ! त्यसैले, यो स्मारिकाले ईन्टेक १९८३ को वजन पनि मापन गर्ने काम गरेको छ भन्ने मलाई लाग्दछ । यसले हामि सबैको भुमिका उत्तिकै बोकेको छ ! यसपालीको ३५ सौं गाँठबर्षमा सक्दो उपस्थिति जनाएर, उत्साहजनक रूपमा, मनाउँदै छौं भने, एवम् रूपले बार्षिक भेटघाट मनाउँदै जाँदा अर्को पन्ध्र बर्षमा हामीले गोल्डेन जुब्ली मनाउने छौं । हुन सक्छ हामी त्यतिखेर पनि यहिँ जोश र जाँगरमा रहिरहे, गोल्डेन जुब्लीको अवसरमा अर्को स्मारिका निकाल्न पनि सक्नेछौं । हामीले जे-जति गर्दै आएका छौं / गर्नेछौं र गरिरहने पनि छौं, सबै सामुहिक रूपमा गर्दैछौं । यी तमाम काम गर्नको निम्ति सामुहिक सहभागिताको महत्वपूर्ण भुमिका रहन्छ । हामी नम्बरीहरू जो जहाँ रहेतापनि आपसी सद्भाव र सामुहिक सहभागिताको निरन्तरता जहिले पनि रहिरहनु पर्दछ । सबैको मन र भावना बराबर हुनुपर्दछ ! हामिले बार्षिक भेटघाट गर्दै आईरहेकोमा प्रारम्भकालदेखि सक्दो उपस्थिती रहँदै आएको छ । विशेष प्रकारको उपस्थिती भने सिल्भर जुब्लीमा उल्लेखमय रूपमा रहेको थियो । विभिन्न ठाउँहरूमा गरिएको जमघटमा तपशिल बमोजिमका उपस्थिती रहेका थिए ।

२००८ मा गरिएको सिल्भर जुब्लीमा उल्लेख्य रूपमा उपस्थिति रहेको थियो । करिब-करिब ८०० जतिको उपस्थिती रहेको थियो । त्यसपछि क्रमशः ४००, ५०० को हाराहारीमा उपस्थिती रहँदै आएको छ । गत साल २०१७ को बार्षिक भेटघाटमा ३५० देखि ४०० को हाराहारीको बीचमा उपस्थिती रहेको थियो । अब यसपालीको ३५ सौं बिशेष बार्षिक गाँठबर्षमा सबै नम्बरीहरूले, हामी र हाम्रो भन्ने सोंच र सील्भर जुब्लीमा झैं उपस्थित हुने अपेक्षा राखेका छौं ।

हामी ईन्टेक १०८३ मा भर्ति भएका ४८९ जनामा २० जना नम्बरीहरू प्रमोशन हुँदै अफिसर लेवलमा पुगेर काम गरिसक्नु भएकाहरू तपशिल बमोजिमका छन् !

१. ५७४९ (क्याप्टन) गमरसिंग गुरूङ (१ आर जी आर)
२. ५७८४ (क्याप्टन) सुर्यप्रकाश गुरूङ (१ आर जी आर)
३. ५८२६ (लेप्टन) कुसाङ गुरूङ (१ आर जी आर)
४. ५७५० (मेजर) यामबहादुर राना (२ आर जी आर)
५. ५७७० (क्याप्टन) गंगा मल्ल (२ आर जी आर)
६. ५९५७ (क्याप्टेन) आंफुला शेर्पा (२ आर जी आर)
७. ५९६२ (क्याप्टेन) ज्ञानबहादुर लिम्बु (२ आर जी आर)
८. ५९७७ (क्याप्टेन) जयप्रकाश सुनुवार (२ आर जी आर)
९. ६०१९ (क्याप्टेन) भुवानी राई (२ आर जी आर)

१०. ५९३९ (मेजर) योग प्रसाद थापा (क्यु जि ई)

११. ५९६० (क्याप्टेन) भिष्मराज गुरूङ (क्यु जी ई)

१२. ५७७८ (मेजर) याम बहादुर गुरूङ (क्यु जी सिग्नल)

१३. ५८६७ (मेजर) बुद्धिबहादुर गुरूङ (क्यु जी सिग्नल)

१४. ५९०७ (मेजर) निर्मल भट्टचन (क्यु जी सिग्नल)

१५. ६१२६ (क्याप्टेन) टेक बहादुर राई (क्यु जी सिग्नल)

१६. ६१४७ (क्याप्टेन) निर्मल गुरूङ (क्यु जी सिग्नल)

१७. ५७३० (क्याप्टेन) जय प्रकाश लामा (ल्कर्क)

१८. ५७२९ (क्साप्टेन) लालबहादुर शाही (ल्कर्क)

१९. ५७४१ (मेजर) समुन्द्र गुरूङ (ल्कर्क)

२०. ५७४२ (मेजर) शमराज गुरूङ (ल्कर्क)

यी माथीका अफिसर नम्बरीहरूमध्ये हालसम्म क्राउन सर्भिस मा रहनुभएका नम्बरी, ५७४२ (मेजर) शमराज गुरूङ हुनुहुन्छ ! बडो खुसिको कुरा हो हाम्रो निम्ति ! र हामीलाई जानकारीमा आएअनुसार हाल नेपाल मैं रहेर काम गरिरहनुहुने नम्बरीहरू यसप्रकार छन् :-

१. ५९३५ मीन राज चन्द ठकुरी (वेलफेयर अन्तर्गत) काम गर्नु हुँदैछ ।

२. ५७५० (मेजर) याम राना (वेलफेयर अन्तर्गत) नै काम गरिरहनुभएको छ ।

३. ५७७८ (मेजर) याम बहादुर गुरूङ (प्रोजेक्ट अफिसमा काम गर्नुहुन्छ)

४. ६१८७ (करपोरल) सुधन गुरूङ (आफ्नै बिजनेस् चलाउनु हुन्छ)

अतः हामी ईन्टेक १९८३ को मन्तव्य र गन्तव्य नै यहि हो । यसर्थ सबै नम्बरी, नम्बर्नी बहिनीहरू र नानी छोराछोरी, भान्जा-भान्जीहरूप्रति अग्रिम धन्यवाद र बधाई सँगसँगै यो छोटो मन्तव्यसहितको प्रतिवेदन् यहिँ गाँठो पार्दछु ।

तपाईं हामी सबैको संधै कल्याण होस् !!!

धन्यवाद !

प्रार्थी प्रतिवेदक,

टंकबहादुर मगर

ईन्टेक १९८३ का वर्तमान सचिव

मेरो अनिश्चित यात्राको अन्त्य कहाँ हुन सक्छ ?



सुरेन्द्रकुमार कुरुम्बाङ

हिजोदेखि आजसम्मको मेरो अनिश्चितकालको यात्राको प्रसंग यसरी सुरुवात गर्ने जमर्को गरे। मेरो जीवनमा दुई पंक्ति लेख लेखेर आफ्नो विचार व्यक्त गरेको म कुनै करपोरेट कम्पनि अध्यक्ष हुँदाको लेख पहिलोपटक र यो दोस्रोपटक मेरो व्यक्तिगत जीवनको दैनिकि लेख, फौजी जीवन सुरु भएको ३५ सौं बर्षको उपलक्ष्यमा छपाउन लागेको स्मारिकामा लेख्न जमर्को गरेको छु। यो सबै समय र घटनाहरु काल्पनिक नभएर सत्यतामा आधार गर्छ र कतै कसैसँग मिल्न गएमा संयोग मात्र हुनेछ। जीवनको अभिन्न भाग त्यो समय थियो जुन बेला हामि सबै १९८३ ईन्टेक भएर फौजि जीवनमा सम्मिलित भयौं। त्यहि दिन आज ३५ सौं बसन्त पार गर्दा हिजो जस्तो लागिरहेको छ तर समयले नैटो काटिसकेछ। फौजिमा तालिम ९ महिनासँगै रहेको ब्याजी नम्बरीहरुलाई कहिले नभुलिने रहेछ र बाँकी पल्टनमा रहँदाको तिता, मिठा, ठुला र ठालुलाई झनै भुल्ने कुरा भएन। यहि यात्राको क्रममा पहिलो सुचिबाट प्रवेश हुन अनुमति चाहान्छु। सबै समय र घटनाहरु नितान्तै व्यक्तिगत हुन् जुन कुरा लेखेर मैले गल्ति गरेको छुईन कारण हामीलाई थाहा भएकै कुरा हो। सत्य तितो हुन्छ। तितो हुनुमा आफैंमा अर्को स्वाद छँदैछ।

म जन्मेर मैले थाहा पाएदेखिको आज यस समयसम्मको मेरो नितान्त व्यक्तिगत समय, क्षण र घटनाहरु यस घडि उत्तर अमेरिका महादेशको क्यालगरी सहर, अलबर्टा प्रभिन्स, क्यानाडाबाट पस्किँदैछु। मेरो जन्म हांगुम-१, पाँचथर जिल्ला, मेचि अञ्चल हालको तुम्बेवा गाऊँपालिका वडा नं. १ हांगुम, जिल्ला पाँचथर, प्रदेश नं. १। नेपालमा बुवा निबर्तमान क्याप्टेन दलबिर कुरुम्बाङ लिम्बु (१/७ जि आर) मुमा बिष्णुकुमारी शेर्मा लिम्बुबाट जन्म भएको हो। जीवनको पहिलो स्मरणमा आएको २०२५ सालको श्रावण महिनामा पहिरो जाँदा ३ बर्ष वरिपरीको हुँदा हो। अलिक पर घरमाथिबाट पहिरो बगेर रुख, अम्लिसो र अरु घाँसपात

झरेको ताजै सम्झिन्छु ।

त्यसपछिका दिन मेरो विद्यार्थी जीवन सुरु भयो र मेरो पहिलो विद्यालय श्री सिंहदेवि प्राथमिक विद्यालय आहाल डाँडा हांगुममा थियो । तर त्यो विद्यालय नयाँ शिक्षा लागु हुनुभन्दा अगाडि २०२६ सालतिर नै बन्द भएको थियो । पहिलो दिन आमाले विद्यालय हातमा समाए र पुऱ्याउनु हुँदा ठुलो रुवाबासी मच्चिएको थियो र मेरो हातमा एक फुट चौडाई डेढ फुट लम्बाईको काठको कालों पाटि र २, ३ वटा सेतो चक थियो । नबिर्सिने कुरा भुईमा धुलो माटो मिलाएर क, ख .. ज्ञ सम्म र अ, आ .. अं लेखेको हिजैजस्तो लाग्छ ।

त्यो विद्यालय बन्द भएपछि नजिक अरु विद्यालय नभएकोले एक दिनको बाटो पर्ने मामाघरमा बसेर करिब तिन बर्ष अध्यापन गरियो । मामा घरमा त्यस समयमा गन्यमान्य र धेरै शिक्षितहरु हुनुहुन्थ्यो । मामली हजुरबुबा पञ्चायतकालको प्रधानपञ्च र पञ्चायत कालभन्दा पहिला राणाकालको मेम्बर भनेर काठमाण्डु केन्द्रबाट पद पाउनु भएको थियो । मामा त्यस समयमा जिल्ला सभापतिसँगै गाउँ फर्क राष्ट्रिय समिति सदस्य हालै बहुदलिय शासनपछि दुईपटक सांसद् र एकपटक स्थानीय विकास मन्त्रि पनि हुनुभयो । उहाँ श्री पुर्णकुमार शेर्मा मेरो जीवनको श्रेय हुनुहुन्छ ।

यसरी नै जीवन यात्राको क्रममा माध्यमिकस्तरको प्रवेशिका परिक्षा श्री ईन्द्रेणी माध्यमिक विद्यालयबाट पुरा गरेर १८ महिना श्री सिंहदेवी प्राथमिक विद्यालय डाडा गाऊँ, कुरुम्बा-८ मा अध्यापन गरियो । यो समयमा धेरै अविस्मरणीय क्षणहरु छन् । मैले जीवनमा पहिलोपल्ट मन पराएको गुमाएको र सोच्दै नसोचेको काम भएर म सैनिकमा सम्मिलित भएको । यो जीवन यात्राको मुख्य पाटो नै भनेर सम्झिन्छु । यसैले गर्दा जीवनको मुल भाग नै १५ बर्षको सैनिक जीवनले अन्त्यसम्म लानेछ भन्ने मेरो ठम्याई भएको छ । सैनिकको आधारभूत तालिमको अवधिमामा बडो आनन्द साथ नौ महिना गुज्रीएको थियो ।

भान्सा घरमा ५, ६ बजे टन्न खाएर पनि साँझमा ७, ८ बजेतिर चिनिया बिडलीसँग पोर्क नुडल मगाएर खाईन्थ्यो । पल्टन रोज्ने क्रममा बुबाको पल्टन १/७ जि आर चौथोंमा पर्न गयो । पहिलो जि टि आर दोश्रो क्यु जि एस तेश्रो क्युजि ई र बुबाको पल्टन । मेरो भाग्यमा परेको रहेछ कुल्ली पल्टन र मैले सहजै स्वीकारे । फेरि युद्धको ईन्जिनियर बन्नु ५ महिना पुरा लाग्ने रहेछ । पल्टन पुगियो । इन्टेक १९८३ बाट फेरी पल्टनको ३७ ट्रेनिङ पार्टि हुन पुगियो । यो ट्रेनिङ अति रोचक कहानीहरु छन् । त्यसै कारणले पनि हुन सक्छ नम्बरीहरुलाई कहिले बिर्सनु सकिन्न । तर तालिमको अवधि मेरो लागि धेरै कठिनाईको अवस्था थियो ।

ट्रेड रोज्नु त पाईन्थ्यो तर त्यहि अनुसारको स्थान पनि ल्याउनु पर्थ्यो । त्यसकारण मैले एम टि रोजे अनि सिग्नल र प्लम्बर । अन्त्यमा बेशिक कम्ब्याट ईन्जिनियर पास अफ परेड सकियो र त्यहि साँझ क्यु जि ई पेरोवन ब्यारेक कोमिनेचर रेन्जको हलमा ठुलो भोजपछि स्क्वाड्रोन पोस्टिङ र ट्रेड अनाउन्समेन्ट भएको थियो । त्यो रात पनि बिर्से नसक्नुको क्षण रह्यो, कारण कोई नम्बरीहरु खुशीले गदगद कोई नम्बरी पिर भुल्नलाई सेनमिगल र काल्सबर्ग सेवन गरेर फिट्टान । तर आफु परियो अनिश्चित यात्राको यात्री बाल मतलब रहेन । लागियो पो ६७ स्क्वाड्रनको अल्फा ट्रिपतिर । म आशावादी र सकारात्मक सोचको छु ।

मेरो सैनिक जीवनमा त्यस्तो उतावचडाब केहि थिएन । म एउटा सैनिक परिवारबाट के भएर र पनि त्यो शिक्षाको कमि मेरोमा थियो । मलाई सिकाइएन र सिक्न पनि सिकिएन । कारण लडाई भएर मैदानमा भएको भए बहादुरी र दर्जा पनी हुन्थ्यो होला । तर ब्यारेकमा बसेर चिया नबोक्ने र ओभरसिसमा जिन्स लाएर हाकिम साहेबहरुसँगको नजर परेपछि सबै पूर्णविराम त हुने नै भयो । यात्राको क्रममा झट्टै याद आउने १९८४ पापुवान्युगिनिमा ८ दिनको ओकाबु ट्राईलमा ३ दिन जंगलमा जंगली बँदेलको बाटोमा हिडेको र हराएको भोकले त्यतिकै चेपिन्छ कि जस्तो भएको थियो । यो थियो हराउनुको मुख्य कारण ट्रिप हाकिम लेप्टिनेन्ट फ्रिमेनले पथ प्रदर्शकलाई खाना दिन नमानेपछि त्यो राति नै कसैले थाहा नपाउने गरि भागेको थियो । यसले पारिश्रमिक लिईसकेको छ खाना नदिनु भन्ने हुकुम गरेको थियो । तर जुन मान्छेसँग खालि एउटा बन्चरो र धोतीमात्र छ । म सम्झिनु पनि सक्दिन । त्यो ट्युरगाइडले कसरी रात काट्यो होला ? चारदिनसम्म न त हामिले खान दिएको थियौं । तर त्यो भागेपछि के खाएर घर पुग्यो होला ? यात्रा कति कठिन भयो होला ? म बिर्सनु सक्दिन, विकसित मुलुकको मानिस कति निर्दयी हुन्छ फ्रिमेन !

यात्राको क्रममा १९८६ को गरम मौसमको समयमा हङकङ ब्रिगेड अफ गोर्खासको एक्सरसाइज डिस्टेन्सको लागि ईस्ट विण्ड नामको याच्टिङ गर्न फिलिपिन्सको सिबुसिटितिर हङकङ कोकाईताक एयरपोर्टबाट मनीला हुँदै सिबु पुगियो । त्यहि साँझ होटलमा झोला मात्र बिसाएर ब्लु हवाई नामकको अन्तरराष्ट्रियस्तरको क्लबमा पुगियो । त्योभन्दा एता त्यहाँ के-के थियो ? के-के भयो ? मलाई क्षमा गर्नुहोला, त्यो सबै मैले उल्लेख गर्नु सकिन । बाह्र दिनपछि विभिन्न टापुहरु हुँदै मनिला वे मा पुगियो । मनिलामा माकाटि, फुसि क्याट क्लबहरुमा तिन दिन रमाईलो गरियो । सबैभन्दा मिल्ने ७ जि आरको कर्नल पियरसन साहेब मेरो त्यो टुरभरिको रमाईलो पात्र हुनु हुन्थ्यो । समयको रफ्तारलाई कस्ले रोक्न सक्ने र ? मेरो पहिलो ६ महिनाको नेपाल छुट्टि जाने दिन पनि आइसकेकोले नेपालको यात्रा तय भयो । नेपालमा धेरै घुमफिर गरियो, सबैभन्दा पहिला त मिल्ने साथि ७५ शिब राईसँग भैरहवा गईयो ।

दार्जिलिङ सिक्किम सारा घुमियो । मेरो भेना दीपक राईले दार्जिलिङ डालि फाटक मुनि पनि पुऱ्याउनु भयो ।

सन् १९८६ सालको जाडोको मौसममा दक्षिण कोरियामा एशियन गेम हुँदै थियो । त्यहि समयमा मेरो पल्टनले पहिलोपल्ट संयुक्त राष्ट्र संघको हाई कमिसन कार्यालय यङसागु सिवल कोरियामा यु एन हनर गार्ड गर्न जाने मौका मिलेको थियो । ईतेवनको ००७ क्लब, स्काईलन्स क्याफे र मागालि बुढोको पसलमा सोजु र मागलि सेवन गर्न ड्युटिबाहेक एकदिन छोडिएन । आज दक्षिण कस्तो भएको छ थाहा छैन तर त्यो समयमा एकजना नेपाली मान्छे पुराइ टुरभरि भेट्टिएन । कोरियन साथीहरुले पछि लागेर पागल नै बनाएको थियो । यहि मौकामा अमेरिकन सैनिकहरुसँग हामी दुईजना गोर्खासहरु पनि १ हप्ता कोचे जुडो टापुमा एड्भेन्चर जाने मौका मिल्यो । रक क्याम्बिङ अपसेलिङ हन्टिङ र आइलेण्ड ट्युर कहिले भुल्न नसकिने क्षण नै रह्यो ।

यहि यात्राकै क्रममा सन् १९८८ मा अहिले म जहाँ छु यो सहर क्यालगरीमा विन्टर ओलम्पिक भई रहँदा म फेरि दोश्रोपटक साउथ कोरियामा पहिलाकै कामको सिलसिलामा पुगेको थिए अनि टि.भि.मा विन्टर ओलम्पिक खुबै हेरिन्थ्यो । त्यहाँ पनि भव्य ओलम्पिक गेम चलिरहेको थियो । केहि गेमहरु हेर्ने मौका पनि पाईयो । यो पटकको एडभेन्चर ट्रेनिङमा साउथ कोरियाकै अग्लो शिखर साराक्सान हिमाल चढ्न गइयो । माइनस २५ डिग्रिमा बिना अभ्यास, बिना लुगाफाटा टुप्पा चड्नु आटियो र चडियो पनि तर शिखर पुग्नु एकसय मिटर बाँकि हुँदा साँझको ८ बजेको थियो । त्यै बेला हामी चारजनामा एकजना साथी चिप्लेर ५० मिटर तल झर्यो । भाग्यबस अप्रिय घटनाबाट बचिएको थियो । उहाँले माथि आउन नसक्ने भनेपछि हामीले यो यात्रा स्थगन गरेको थियौं । यो जीवनको अनिश्चित यात्राको एउटा त्रसित क्षण थियो । त्यसपछि करिब रातको १० बजेतिर बास बस्ने ठाउँमा पुगियो र सैनिक तालिमको बेला खाने कम्पो राशन पकाएर खुवाइयो अनि खाइयो । ५ वटाजति कोरियन कम्बल ओडेर रात कटाइयो । तपाईहरुले बुझ्नुभयो होला यो यात्रा टोलीको सबैभन्दा कान्छो सिपाही म नै थिएँ । हिजो-आज जस्तो भए २ के.जि. वजनको माइनस ४० डिग्रिको स्लिपिङ ब्याग बोकिन्थ्यो होला र एकजना सहयोगी पनि लिएर गईन्थ्यो होला ।

जीवनको अनिश्चित यात्राको क्रममा मैले सैनिक अभ्यास र दर्जा बढाउने मारामारको प्रतियोगिता र व्यक्तिगत व्यवसायी तालिमको कुनै कुराहरु समावेश गर्नु चाहिन । सन् १९८९ को सुरुतिर आफ्नो कनिष्ठ हाकिमहरुको आशलाग्दो कुरा सुनेपश्चात् नेपाल ६ महिना घर बिदापछि ६ बिजिटिसि बिक्रम भवन क्याम्प काठमाण्डौंतिर लागियो । यात्राकै क्रममा पुर्वको

७६ जिल्लाको बिहे पनि गरियो । ६ महिना बिजिटिसि क्याम्पमा सेक्युरिटि कमाण्ड र गरेपछि परिवारसँग पल्टन जानु थियो । फेमिली लिएर पल्टन जानुपर्ने तर पल्टनको मेरो साख्खै आफ्नो पर्ने मान्छेले यु.के.मा प्लम्बर क्लासवानको तालिम पो मिलाई दिएछ । तालिम सकेर युकेट्युरमा पोस्टिङ भईयो । फेमेली त खाली दुई महिना स्कटलैण्ड गुमाईयो उस्को त्यहि नै फेमेलिट्युर सकियो ।

सन् १९९३ को मध्यतिर युकेबाट तिन बर्षपछि नेपाल पुग्दा दुखको साथ माती श्रीमतिलाई पारपाचुके (माया अरुसँग बसेको कारण) गरेर फेरि अर्को विवाह गरेर पल्टन फर्किनु परेको अवस्थाले नरमाईलो लाग्नु स्वभाविक नै थियो । जेनेतेने गुजारा चलेकै थियो र छोरा पनि जन्मियो । पिडाको दिन यसरी सुरु भयो छोराको तिन बर्षको उमेरमा क्वीन्स एलिजाबेथ अस्पताल काउलुन हङकङमा ओपनहर्ट सर्जरी गर्नुपर्यो । परमेश्वरलाई धन्यवाद छ । आज मेरो छोरा जोसेफ सुब्बा कुरुम्बाङ क्राईस्ट चर्च युनिर्भसिटी केन्टरबरिकेन्टमा ब्याचलर डिग्री दोश्रो बर्षमा अध्यायन गर्दैछ ।

यसरी नै १९९७ सालमा सैनिक जीवन आफ्नो कलकलाउँदो ३२ बर्षको उमेरमा बुढो मान्छेले पाउने रिटायरमेण्ट पेन्सनर भइयो । खुशि भनौं कि के भनौ ? पहिलो पेन्सन त गजबले पो थापियो रु. ८००, अब यात्रा यसरी ब्रेक लाग्यो । कतै बिदेशी नोकरी जी.आर.यु. नपाएपछि स्वदेशमा केहि गरेर योगदान गर्नुपर्छ भनेर नम्बरी ६०२० पदम लिम्बु र ६१७१ भुषण राईसँग सेन्ट्रल बिल्डर्स ग्रुप नाममा निर्माण व्यवसाय सुरु गरियो । आजको मितिमा पनि कम्पनि सञ्चालित छ र म त्यो कम्पनिको सञ्चालक नै छु । नम्बरि भुषण राई एम.डि.हुनु हुन्छ । मेरो १५ बर्षको व्यापार व्यवसायिक यात्राको अनुभवले भन्छ जागिर गरेर कहिले धनि हुन सक्दैन र धनि हुनको लागि व्यापार गर्नुपर्छ । व्यापार गर्नुको लागि पैसा मात्र लगानी गरेर मात्र हुँदैन । आट हुनुपर्छ, खतरा मोल्न सक्नुपर्छ र ईमान्दार पनि हुनुपर्छ ।

यो मेरो व्यापार यात्राको क्रममा संसारको धेरै मुलुकहरुको भ्रमण गर्ने मौका पाए । लाईन्स क्लब ईन्टरनेसनलको कर्मठ सदस्य भएर आजसम्म सामाजिक सेवाहरु गरिरहेको छु । १९९७ मा मेरो क्लब लाईन्स क्लब काठमाण्डु साउथ कर्नरको चार्टर प्रेसिडेन्ट भएको थिए र जोन चेयरमेन रिजन चेयरमेन र डिस्ट्रिक चियरपर्सनको सेवा गर्ने मौका पाएको थिएँ । यसै सिलसिलामा मैले आठपटक अन्तर्राष्ट्रिय महाराष्ट्रिय सम्मेलनमा भाग लिएको थिए । पहिलो पटक १९९९ मा अमेरिकाको सानडियागो क्यालिफोरनियामा कि.नोट.स्पिकर निवर्तमान ६४ औं राष्ट्रपती लाईन्स क्लबको पास्ट डिस्ट्रिक्ट गर्भनर जिम्मि कारटरले गरेको थियो । दोश्रो पटक २००० मा अमेरिकाको हनालुलु हवाई, तेश्रो २००५ मा हङकङ,

चौथो पटक २००७ मा अमेरिकाको सिकागोमा, पाँचौ पटक २००८ मा बैंकक थाईलैण्ड, छैटौं पटक २०१० मासिड्दिन अष्ट्रेलिया, सातौं पटक २०११ मा अमेरिकाको वासिंटन सियाटल, आठौ यात्राको क्रममा सन् २००५ मा न्युयोर्कबाट बेलायतको भिसा लिएर रिडिङ शहरमा भाई दानियल के.सी.ज्युकोमा पुगे । उहाँले मेरो आई.एल.आर.को निवेदन पठाउने बन्दोवस्त मिलाउनु भएको थियो । निवेदन पठाएको बाहौं दिनमा आई.एल.आर. उहाँको घरमा आई पुगेको थियो । म त्यस समयमा नम्बरी राष्ट्र राईज्युसँग डोभरको जेटिमा माछा मार्दै थियौ ।

